# मेरो नेपाली

## कक्षा २



| | | |
|---|---|---|
| नाम | : | ............................................................ |
| रोलनम्बर | : | .................. |
| विद्यालय | : | ............................................................ |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : **नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

ISBN : 978-9937-601-45-0

© सर्वाधिकार प्रकाशकमा

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधनमा उतार्न वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन । पाठ्यपुस्तक सम्बन्धमा सुझाव भएमा पाठ्यक्रम विकास केन्द्रमा पठाइदिनुहुन अनुरोध छ ।

प्रथम संस्करण : वि. सं. २०७८

# हाम्रो भनाइ

पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । पाठ्यपुस्तक विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने एक मुख्य साधन हो । यस पक्षलाई दृष्टिगत गर्दै पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षालाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय बनाउने उद्देश्यले पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिँदै आएको छ । आधारभूत शिक्षाले बालबालिकामा आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नुपर्छ । आधारभूत शिक्षाका माध्यमबाट बालबालिकाहरूले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । यसले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । शारीरिक तन्दुरुस्ती, स्वास्थ्यकर बानी एवम् सिर्जनात्मकताको विकास तथा जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । देशप्रेम, राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्यमान्यता तथा संस्कार सिकी व्यावहारिक जीवनमा प्रयोग गर्नु, सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता अपनाउनु, स्तरअनुकूल व्यवहारकुशल सिपको प्रयोग गर्नु र दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्नु पनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यस पक्षलाई दृष्टिगत गरी देशका विभिन्न विद्यालयमा परीक्षण गरेर प्राप्त पृष्ठपोषणका आधारमा परिष्कार तथा परिमार्जन गरी तयार पारिएको आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६ अनुरूप यो पाठ्यपुस्तक विकास गरिएको छ । आधारभूत विद्यालय तहको कक्षा २ मा नमुना पाठ्यपुस्तक तथा कार्यपुस्तकका रूपमा प्रयोग गर्ने उद्देश्यले यो पुस्तक विकास गरिएको हो ।

नेपाली भाषा विषयको यस पाठ्य तथा कार्यपुस्तकको विकास तथा सम्पादन सुरुमा डा. रामप्रसाद ज्ञवाली, डा. देवी नेपाल, श्री हरिहर तिमल्सिना, श्री पुरुषोत्तम घिमिरे र श्री इन्दु खनालबाट भएको हो । परीक्षणबाट प्राप्त पृष्ठपोषणसमेतमा आधारित भई यस पुस्तकको परिमार्जन तथा सम्पादन गर्ने कार्य डा. देवी नेपाल, श्री हरिहर तिमल्सिना, श्री केशवराज अधिकारी, श्री टुकराज अधिकारी, श्री इन्दु खनाल र श्री चिनाकुमारी निरौलाबाट भएको हो । पाठ्यपुस्तकलाई यस स्वरूपमा ल्याउने कार्यमा डा. लेखनाथ पौडेल, श्री केशवप्रसाद दहाल, प्रा.डा. रमेशप्रसाद भट्टराई, डा. नवराज कट्टेल, डा. गीता खरेल, डा. जानुका नेपाल, श्री विष्णु ज्ञवाली, श्री नारायणजङ्ग थापा र श्री गणेशप्रसाद भट्टराईबाट पृष्ठपोषण प्राप्त भएको छ । यस पाठ्यपुस्तकको चित्राङ्कन श्री उज्ज्वल तामाङ, श्री सोनाम तामाङ र देव कोइनी तथा लेआउट डिजाइन श्री नारायणप्रसाद अधिकारी, श्री भक्तबहादुर कार्की र श्री सन्तोषकुमार दाहालबाट भएको हो । यस पुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

यस पाठ्यपुस्तकले पाठ्यक्रमका निर्धारित सक्षमता विकासका लागि विद्यार्थीलाई सहयोग गर्ने छ । यसले विद्यार्थीको सिकाइमा सहयोग पुऱ्याउने एउटा महत्त्वपूर्ण र आधारभूत सामग्रीका रूपमा कक्षा क्रियाकलापबाट हुने सिकाइलाई मजबुत बनाउन सहयोग गर्ने छ । त्यसैले यो शिक्षकको सिकाइ क्रियाकलापको योजना नभई विद्यार्थीका सिकाइलाई सहयोग पुऱ्याउने सामग्री हो । यसका लागि यस पाठ्यपुस्तकलाई विद्यार्थीको सिकाइमा सहयोग पुऱ्याउने एउटा महत्त्वपूर्ण आधारका रूपमा लिई बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र क्रियाकलापमा आधारित बनाउने प्रयास गरिएको छ । सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा शिक्षकको भूमिकाको अपेक्षा गरिएको छ । यस पाठ्यपुस्तकलाई अझ परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

वि.सं. २०७८ पाठ्यक्रम विकास केन्द्र

# विषयसूची


| क्र.स. | विषयक्षेत्र | पृष्ठसङ्ख्या |
|---|---|---|
| १. | म र मेरो परिवार | १ |
| २. | मेरो दैनिक जीवन | १९ |
| ३. | हाम्रो समुदाय | ३७ |
| ४. | मेरो विद्यालय | ५९ |
| ५. | हाम्रो वातावरण | ७७ |
| ६. | मेरो सिर्जना | ९७ |
| ७. | रुचि र बानी | १११ |
| ८. | हाम्रो संस्कृति | १२७ |
| ९. | सञ्चार प्रविधि र बजार | १४१ |
| १०. | हाम्रा क्रियाकलाप | १५७ |
| ११. | हाम्रो वरपरको संसार | १७१ |

विषयक्षेत्र

# म र मेरो परिवार

## पाठ १

### १. लय मिलाई गाउनुहोस् :



## मेरो प्यारो परिवार

सफा शान्त सुन्दर सानो मेरो घर छ
घरनजिक चौतारो पिपल र वर छ
हजुरआमा हजुरबुबा ज्योति हाम्रा घरका
भन्नुहुन्छ कहानी वर अनि परका ।

आमाबुबा बारीमा रोप्नुहुन्छ तरकारी
काकाकाकी अड्डामा जागिर खाने सरकारी
म्याँम्याँ गरी उफ्रेर पाठापाठी डुलेका
आँगनीको डिलमा फूल राम्रा फुलेका ।

भाइ पढ्छन् एकमा बहिनी पढ्छिन् दुईमा
अर्की बहिनी सानी छन् बोक्नु भन्छिन् बुईमा
ठुला मान्छे छ जना केटाकेटी हामी चार
राम्रो लाग्छ मलाई मेरो प्यारो परिवार ।

### २. चित्र हेरी वर्णन गर्नुहोस् :



३. समूहमा बस्नुहोस् र आफ्ना परिवारका सदस्यका बारेमा वर्णन गरी साथीलाई सुनाउनुहोस् ।

४. पाठ पढ्नुहोस् र रातो रङ लगाएका शब्द कापीमा टिप्नुहोस् :

## पाठीलाई नाना



पासाङको घरमा एउटा पाठी थियो । पाठीलाई घरका सबैले माया गर्थे । पाठीलाई सबैले माया गरेर मुने भन्थे । मुनेकी आमा पनि थिई । मुनेकी आमालाई बुबाले दाना दिनुहुन्थ्यो । हजुरबुबा हजुरआमा पनि मुनेलाई माया गर्नुहुन्थ्यो । 'यो पनि मेरी नातिनी हो ।' बेलाबेलामा हजुरआमाले यसो भन्नुहुन्थ्यो । पासाङले गाना गाउँदा मुने नाच्थ्यो । पासाङले खाना खाँदा मुने दाना खान्थ्यो । मुनेका साना साना कान थिए । मुनेका गोडामा नङ थिएनन् । पासाङ मुनेलाई धेरै माया गर्थिन् । एक दिन बुबा बजार जान लाग्नुभयो । पासाङले म पनि जान्छु भनिन् । बुबाले म तिमीलाई नाना ल्याइदिन्छु भन्नुभयो । पासाङले मुनेलाई पनि नाना ल्याइदिनु है भनिन् । बुबाले हुन्छ भन्नुभयो । पासाङ खुसी भइन् ।

५. कसले कसलाई पालेको होला, पाठ पढेर छलफल गर्नुहोस् :

एक दिन चितवनको जङ्गलमा गैँडा र हात्तीको भेट भयो । हात्तीले सोध्यो, "ए गैँडाजी ! तपाईँको परिवारमा को को हुनुहुन्छ ?" गैँडाले उत्तर दियो, "मेरो परिवारमा दुईओटा केटा छन् । मेरी श्रीमती पनि छिन् । आमाबुबा पनि हुनुहुन्छ । हामी छ जनाको परिवार छौँ । तपाईँको परिवारमा को को हुनुहुन्छ नि हात्तीजी ?" हात्तीले हाँस्दै भन्यो, "हे हे हे । मेरो परिवारमा त सात जना छन् । म, मेरी श्रीमती, दुईओटा छावा, आमाबुबा गरी हामी सात जना छौँ । हामीले एउटा माउते दाइलाई पनि पालेका छौँ ।" हात्तीको कुरा सुनेर गैँडा निकै हाँस्यो ।

हात्तीले किन त्यसरी हाँसेको भनेर सोध्यो । गैँडाले झन् चर्को स्वरले हाँस्दै भन्यो, "माउते दाइलाई तपाईंले पालेको कि तपाईँलाई माउते दाइले पालेको ? कुरो अलि बुझिएन नि, हे हे हे ।" गैँडाको कुरा सुनेपछि हात्तीले जवाफ दियो, "हामीले नै माउते दाइलाई पालेका हौँ । हाम्रो हेरचाह गरेको हुनाले नै माउते दाइले तलब पाउनुहुन्छ ।" हामीले माउते दाइलाई पालेको कि माउते दाइले हामीलाई पालेको ? हात्तीको जवाफ सुनेर गैँडा छक्क पऱ्यो ।

तपाईंको विचारमा हात्तीले माउते दाइलाई पालेको होला कि माउते दाइले हात्तीलाई पालेको होला ?

### ६. जोडेर भन्नुहोस् :

| | |
|---|---|
| का | |
| धा | |
| मा | न |
| दा | |
| पा | |

| | |
|---|---|
| खा | |
| गा | |
| दा | ना |
| चा | |
| ना | |

| | |
|---|---|
| क | |
| ख | |
| च | रायो |
| ज | |
| ह | |

### ७. तलका शब्दहरू प्रयोग गरी एक एकओटा वाक्य लेख्नुहोस् :

झलमल : घाम झलमल लाग्यो ।

कलकल : ..............................................................................................................

ढकमक : ..............................................................................................................

खलखल : ..............................................................................................................

फटाफट : ..............................................................................................................

## ८. पढ्नुहोस् र उत्तर भन्नुहोस् :

### मुसो र बिरालो



एउटा सानो मुसो थियो । त्यहाँ ठुलो ढाडे बिरालो पनि थियो । मुसो बिरालासँग डराउँथ्यो । मुसो सधैँ पर पर भाग्थ्यो । एक दिन बिरालाले मुसालाई च्याप्प समात्यो । बिरालाले भन्यो, "अब म तँलाई खान्छु ।" मुसो बेसरी डरायो । मुसो डराएको देखेर बिरालो जिल्ल पर्‍यो । बिरालाले भन्यो, "तँ किन डराएको ? मैले मार्छु भनेर हो ?" मुसाले भन्यो, "बिराला दाइ ! तपाईँले मलाई समात्नुभयो । तपाईँका घरमा पनि म जस्तै सानो छाउरो छ होला ? तपाईँका छाउरालाई कसैले खाइदियो भने कस्तो लाग्छ ?" बिरालो झसङ्ग भयो । त्यसपछि बिरालाले मुसालाई घर पठायो । मुसो खुसी हुँदै दुलाभित्र पस्यो । भित्रबाट मुसाले भन्यो, "बाई, बाई, बिराला दाइ !" बिरालो भने दुध खोज्न घरभित्र पस्यो ।

(क) मुसो कोसँग डराउँथ्यो ?

(ख) बिरालाले मुसालाई के गर्‍यो ?

(ग) बिरालो किन झसङ्ग भयो ?

(घ) मुसाले कसरी ज्यान बचायो ?

## ९. अन्त्यमा उस्तै ध्वनि भएका मिल्दा शब्द लेख्नुहोस् र पढ्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| सिमी | मैना | कैली | तिमी | पिङ | थैली |
| पेट | सिङ | ऐना | पाटो | भेट | माटो |

जस्तै : सिमी ......तिमी...... कैली ............................ पिङ ............................

पेट ............................ ऐना ............................ माटो ............................

## १०. उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| असल | ठुलो |
| धेरै | नराम्रो |
| सानो | खराब |
| राम्रो | थोरै |

## ११. तलको तालिकाबाट वाक्य बनाउनुहोस् र लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| भाइ | पाठ | | १. ........................................ |
| बहिनी | | पढ्छ । | २. ........................................ |
| डोल्मा | | पढ्छे । | ३. ........................................ |
| लखन | | | ४. ........................................ |

## १२. मिल्ने शब्द छानी लेख्नुहोस् :

(क) बहिनी घर .................... । (गयो, गई, गए)

(ख) तिमी छिट्टै .................... । (आऊ, आई, आइन्)

(ग) .................... ले खाना खानुभयो । (बुबा, बहिनी, भाइ)

(घ) .................... घर गयौँ । (तपाईं, तँ, हामी)

## १३. पालैपालो पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### कुराकानी



(सनम र सपना चउरमा डुल्दै कुराकानी गर्दै छन् ।)

सनम : तिमीलाई कुन जनावर मन पर्छ ?

सपना : मलाई त खरायो मन पर्छ । तिमीलाई नि ?

सनम : मलाई त जेब्रा मन पर्छ ।

सपना : किन नि ?

सनम : जेब्राको शरीरमा सेता र काला धर्का हुन्छन् । झालेमाले जनावर मलाई राम्रो लाग्छ । त्यसैले मलाई जेब्रा मन पर्छ । तिमीलाई खरायो किन मन पर्छ नि ?

सपना : खरायोका कान ठाडा ठाडा हुन्छन् । त्यसैले मन पर्छ ।

सनम : कति राम्रो कुरा ! तिमीलाई केसँग डर लाग्छ नि ?

सपना : मलाई बिरालासँग डर लाग्छ । (यत्तिकैमा एउटा बिरालो फुत्त आउँछ ।) ऊ सनम र सपनाका बिचमा जान्छ । सनम र सपना आत्तिन्छन् ।

दुवै : आबुई !

बिरालो : (सनमलाई च्याप्प समाएर) साथी, चकलेट छ ?

उनीहरू छक्क पर्छन् । त्यो त साथी पो रहेछ ! बिरालाको रङ जस्तै लुगा पनि हुँदो रहेछ । साथीले हामीलाई झुक्यायो नि !

**(क) सनमलाई जेब्रा किन मन पर्दो रहेछ ?**

.....................................................................................................

**(ख) कसका कान ठाडा हुन्छन् ?**

.....................................................................................................

**(ग) सनम र सपना किन आत्तिए ?**

.....................................................................................................

**(घ) तपाईँलाई मन पर्ने जनावर कुन हो ?**

.....................................................................................................

### १४. उदाहरणमा जस्तै छुट्याएर लेख्नुहोस् :

| | | |
|---|---|---|
| पढ्छ | पढ्+छ | पढ्छ |
| लड्छ | .................... | .................... |
| बढ्छ | .................... | .................... |
| हिँड्छ | .................... | .................... |
| उठ्छ | .................... | .................... |
| कुद्छ | .................... | .................... |

### १५. मिल्ने शब्द राखेर कविता बनाउनुहोस् :

**आमाले, बुबाले, काकाले, मामाले, गुरुबा, गुरुमा, साथी छन्, जाती छन्**

जन्माउनुभो ..................................................................
हिँडाउनुभो ..................................................................
बोक्नुभयो ..................................................................
डाक्नुभयो ..................................................................
पढाउने चाहिँ ..................................................................
लेखाउने चाहिँ ..................................................................
वरिपरि ..................................................................
सबै साथी ..................................................................

### १६. मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् :

| | | |
|---|---|---|
| (क) ..................... भुर्र उडे । | | (जरा, चरा) |
| (ख) ..................... ले दुध खायो । | | (ठाडे, ढाडे) |
| (ग) सानीले ..................... खाई । | | (फल, बल) |
| (घ) भाइले ..................... उडायो । | | (ढुङ्गा, चङ्गा) |
| (ङ) ..................... मा आगो बाल । | | (मकल, कमल) |

## १७. जस्ताको त्यस्तै सार्नुहोस् :

हात्ती, गैँडा र स्याल जम्मा भए । उनीहरू कुराकानी गर्न थाले । स्यालले भन्यो, "भात पकाउने व्यक्तिलाई भान्से भनिन्छ । पढ्ने व्यक्तिलाई विद्यार्थी भनिन्छ । पढाउने व्यक्तिलाई शिक्षक भनिन्छ । नजिकैका घरमा बस्ने व्यक्तिलाई छिमेकी भनिन्छ । विवाहमा दुलहासँग जाने व्यक्तिलाई जन्ती भनिन्छ । खेती गर्ने व्यक्तिलाई किसान भनिन्छ । धान रोप्ने व्यक्तिलाई रोपाहार भनिन्छ ।" "सबै नाम मानिसका मात्र ?" हात्ती र गैँडाले सोधे । "काम जति मानिसले गरेपछि नाम पनि उनीहरूकै हुन्छ नि । हामीले काम गरेको खोई ?" स्यालले भन्यो ।

## पाठ २

### १. लय मिलाई गाउनुहोस् :

### मेरो घर वर छ

पानी पर्छ तरर, बर्से झरी दरर
चरी उड्छ भरर, पखेटा छन् फरर
मामाघर पर छ, मेरो घर वर छ
छानामाथि खर छ, झन्डा फरफर छ ।



ताली बज्छ परर, मन हुन्छ हरर
गाउँ अनि सहर, घुम्न जाऊँ सरर
विद्यालय पर छ, पढाइमा भर छ
चौतारीमा बर छ, मेरो घर वर छ ।

### २. चित्र अवलोकन गरी वर्णन गर्नुहोस् :



३. तपाईंको परिवारका सदस्यले के काम गर्नुहुन्छ, कक्षामा सुनाउनुहोस् ।

४. पढ्नुहोस् र राता रङ लगाएका शब्द साथीलाई भन्नुहोस् :

## रामजनम र मुना



रामजनम र मुना खेलेर आए । उनीहरूलाई खलखली पसिना आयो । रामजनम र मुना आँगनको खटियामा थचक्क बसे । त्यसै बेला सरसर हावा चल्यो । उनीहरूको पसिना ओभायो । केहीबेरमा झमक्क साँझ पऱ्यो । उनीहरू सरासर घरभित्र छिरे । कपाकप खाना खाएर उनीहरू सुत्न गए । केही समयपछि भुसुक्क निदाए । बिहान उठ्दा पो उनीहरू झसङ्ग भए । उनीहरूले हिजोको पाठ पढेका थिएनन् । हतपत हातमुख धोई झटपट पाठ पढ्न थाले ।

५. दिइएका वर्णपछि 'र' वर्ण थपी शब्द पढ्नुहोस् :

| | | | |
|---|---|---|---|
| व.......... | प.......... | घ.......... | ब.......... |
| त.......... | ग.......... | स.......... | भ.......... |

६. जोडी शब्दहरू पढ्नुहोस् :



## ७. जोडा मिलाउनुहोस् :

घर



बगर



खर



कटहर



## ८. जोडेर लेख्नुहोस् र भन्नुहोस् :

झल + मल → झलमल

कल + कल → ______

खल + खल → ______

वर + पर → ______

## ९. तलका शब्दबाट वाक्य बनाउनुहोस् :

घर : म घरमा बस्छु ।

बजार : ..........

सखर : ..........

कप : ..........

## १०. तलका शब्दमा प्रयोग भएका वर्णबाट नयाँ शब्दहरू बनाउनुहोस् :

सहर : सह, ..........

पसल : पस, ..........

बडहर : हर, ..........

## ११. सुरुमा मु, सु, खु, कु, पु, थु, घु वर्ण थपी शब्द बनाउनुहोस् र पढ्नुहोस् :

जस्तै : ..........सुक्क : मुसुक्क

| | | |
|---|---|---|
| ........ टुक्क | ........ सुक्क | ........ रुक्क |
| ........ लुक्क | ........ चुक्क | ........ पुक्क |

## १२. खाली ठाउँमा मिल्ने शब्द छानी लेख्नुहोस् :

(क) .......... घरमै बस्छु । (हामी, म, तिमी)

(ख) .......... मिलेर खेल्छौँ । (हामी, म, तिमी)

(ग) .......... घुम्न जान्छ । (श्याम, डोल्मा, सीमा)

(घ) .......... हामीलाई पढाउनुहुन्छ । (दाजु, छोरा, भाइ)

(ङ) .......... गीत गाउँछिन् । (बहिनी, भाइ, बुबा)

## १३. सुन्नुहोस् र उत्तर भन्नुहोस् :

### बहिनी कति असल



चर्को घाम लागेको थियो । बहिनी आँगनमा निस्किन् । "ओहो ! घामले कस्तो पोल्यो ।" बहिनी कराउँदै उफ्रन थालिन् । उनी पिँढीतिर फर्किन् । बहिनीले कमिलालाई देखिन् । कमिलो यताउता हिँडिरहेको थियो । उनले सोधिन्, "तिमी एक्लै आयौ ? तिम्रा साथी खोई त ? यस्तो पोल्ने घाम छ । तिमीलाई तिर्खा लागेको हो ? तिमी पानी खोज्न आएका हौ ?" कमिलो बोल्दै बोलेन । बहिनी घरभित्र गइन् । गिलासमा पानी ल्याइन् । बहिनीले कमिलाको अगाडि तीनचार थोपा पानी खसालिदिइन् । कमिलाले पानी खायो । कमिलाले भन्यो, "ओहो ! बहिनी त कति असल ।"

**(क) बहिनीलाई केले पोल्यो ?**

**(ख) बहिनीले पानी केमा ल्याइन् ?**

**(ग) बहिनीले पानीका थोपा किन खसालेकी होलिन् ?**

**(घ) तिमीलाई बहिनीको कुन काम मन पर्‍यो ?**

## १४. खाली ठाउँमा मिल्ने शब्द लेखी कविता बनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| कमला अमला | टलल सलल | झलल | गलल |

प्यारी साथी ..................................

मिली खायौँ ..................................

जून टल्क्यो ..................................

खोला बग्यो ..................................

बत्ती बल्यो ..................................

हामी हाँस्यौँ ..................................

## १५. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### नौ जना



लोखर्केले हजुरबुबा र हजुरआमासँग कुरा गर्‍यो । बुबा र आमासँग बिदा माग्यो । बहिनीलाई जान्छु है भन्यो । ऊ सहरतिर लाग्यो । बाटामा लोखर्केले न्याउरीलाई भेट्यो । लोखर्के र न्याउरी मिलेर सहर हिँडे । अलि पर पुगेपछि छेपारालाई भेटे । उनीहरू साथी बनी सहर गए । सहरमा उनीहरूले सामान किने । लोखर्केले चङ्गा किन्यो । न्याउरीले टप किन्यो । छेपाराले बल किन्यो । उनीहरू लोखर्केको घर आए । लोखर्केको परिवारमा न्याउरी र छेपारो पनि थपिए । लोखर्केले भन्यो, "हजुरबुबा, हजुरआमा, बुबा, आमा, बहिनी, म, न्याउरी र छेपारो गरी आठ जना भयौँ ।" आज नै लोखर्केकी आमाले भाइ पाउनुभयो । "आहा ! भाइ पनि ! हाम्रो घरमा नौ जना पो भयौँ त ।" लोखर्के खुसीले उफ्रँदै नाच्न थाल्यो । लोखर्केसँग न्याउरी र छेपारो पनि नाचे ।

(क) लोखर्केले को कोसँग बिदा माग्यो ?

..........................................................................................

(ख) लोखर्केका घरमा नौ जना को को थिए ?

..........................................................................................

(ग) तपाईं घरबाहिर जाँदा कोसँग बिदा माग्नुहुन्छ ?

..........................................................................................

(घ) कथाका मुख्य मुख्य विषयवस्तु लेख्नुहोस् ।

..........................................................................................

## १६. खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

(क) ................................ काम गर्छु । (म, हामी, तँ)

(ख) ................................ विद्यालय गए । (उनीहरू, तिमीहरू, हामी)

(ग) ................................ हामीलाई माया गर्नुहुन्छ ? (तिमी, यिनी, तपाईँ)

(घ) ................................ असल छौ । (उनीहरू, तिमीहरू, उहाँहरू)

## १७. केको बच्चालाई के भनिन्छ, छलफल गर्दै जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| गाई | पाडो वा पाडी |
| बाख्रो | बछेडो वा बछेडी |
| भैँसी | बाच्छो वा बाच्छी |
| घोडा | पाठो वा पाठी |
| गैँडा | डमरु |
| बिरालो | टिउरो |
| बाघ | केटा वा केटी |
| हात्ती | न्याउरो |
| हाँस | छावा |

## १८. पाठ पढी छलफल गर्नुहोस् र कक्षामा सुनाउनुहोस् :

आज उमाको घरमा पूजा थियो । कोही पूजा गर्न थाले । कोही खानेकुरा पकाउन थाले । कसैले खिर पकाए । कसैले तरकारी पकाए । कसैले सेलरोटी पकाए । कसैले गेडागुडी पकाए । पूजा सकिएपछि खाना खाने बेला भयो । उमाका साथीहरू रमा, रूपा, शिवु र उमेश पनि थिए । सबै रमाई रमाई खाना खाँदै थिए । उमाले उनीहरूलाई स्याउ, केरा, अनार र सुन्तला पनि दिइन् । रमाले उमालाई सोधिन्, "अरू खाना पकाए जसरी फलफूललाई किन पकाउनु पर्दैन ?"

## १९. जस्ताको त्यस्तै सार्नुहोस् :

घोडा बस्ने ठाउँलाई तबेला भनिन्छ । गाई बस्ने ठाउँलाई गोठ भनिन्छ । हात्ती बस्ने ठाउँलाई हात्तीसार भनिन्छ । बाघ ओडारमा बस्छ । माछो कुरमा बस्छ । बाख्रो खोरमा बस्छ । सर्प दुलामा बस्छ । चरो गुँडमा बस्छ । मानिस घरमा बस्छ । जोगी कुटीमा बस्छ । गँड्यौलो माटामा बस्छ । मौरी घारमा बस्छ । अरिङ्गाल गोलामा बस्छ ।

## १. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) पढ्नुहोस् र उस्तै ध्वनि भएका शब्दलाई जोडा बनाई लेख्नुहोस् :**

आमा, भाइ, काम, माम, मामा, चरा, दाइ, जरा, रातो, तातो, थैली, कैली, पिङ, अंश, सिङ, हंस

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ................ | ................ | ................ | ................ | ................ | ................ | ................ | ................ |
| ................ | ................ | ................ | ................ | ................ | ................ | ................ | ................ |

**(ख) शब्दअगाडि वर्ण जोडी नयाँ शब्द बनाई भन्नुहोस् र लेख्नुहोस् :**

र + हर = ..................  म + कल = ..................  प + सल = ..................

न + हर = ..................  स + कल = ..................  अ + सल = ..................

**(ग) शब्द पढेर वाक्य बनाई भन्नुहोस् :**

बुबा, हजुरआमा, फुपू, गोठ, गाई, गोबर, मल, बिरुवा

**(घ) शब्द पढ्नुहोस् र मिल्ने अर्थसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| विद्यार्थी | विवाहमा जन्त जाने व्यक्ति |
| पसले | पूजा गर्ने व्यक्ति |
| जन्ती | विद्यालयमा पढ्ने व्यक्ति |
| पुजारी | नजिकै घर हुने व्यक्ति |
| छिमेकी | पसल चलाउने व्यक्ति |

**(ङ) पढेर सुनाउनुहोस् :**

अरुण आमा, बुबा र दिदीसँग बस्छन् । पल्लो घर काकाकाकीको हो । त्यहाँ भाइ र बहिनी छन् । तल्लो घर ठुलाबुबा र ठुलीआमाको हो । त्यहाँ हजुरबुबा, हजुरआमा र दाइ बस्नुहुन्छ ।आज अरुणको घरमा फुपू र फुपाजु पनि आउनुभएको छ । उहाँहरूले अरुणलाई कथाको किताब ल्याइदिनुभयो । किताब पाएर अरुण खुसी भए । उनी भोलि मामाघर जाने छन् । मामाघरमा मामा, माइजू, भाइ र बहिनी छन् । मामाघरमा जाने कुराले उनी दङ्ग छन् ।

**(च) मिल्ने शब्द छानी लेख्नुहोस् :**

(अ) सानी बजार ........................ । (गयो, गई, गए)

(आ) भाइ मामाघर ........................ । (गयो, गई, गए)

(इ) दाइ, दिदी र बहिनी विद्यालय ........................ । (गयो, गई, गए)

(ई) ........................ले कथा पढ्नुभयो । (बुबा, भाइ, बहिनी)

(उ) ........................ले पानी भरे । (बुबा, भाइ, बहिनी)

**(छ) सुन्नुहोस् र उत्तर लेख्नुहोस् :**

मैनाले पिङमा मच्चिँदै भनी, "चचहुई, चचहुई ।" अंशुमानले गोठछेउबाट मैना बहिनीलाई देख्यो । उसले सोच्यो, "के गर्नु ? कान्छो छोरो त हुँ नि ! म बहिनीभन्दा त जेठो छु । बहिनीको पहिले पालो आइहाल्छ । अब जेठाबाट आउने पालो लगाउनुपर्ला । बुबा, आमा, दाजु, भाउजू र दिदी पनि हुनुहुन्छ । अनि पो मेरो पालो । ओहो ! हुँदै हुँदैन । मैनालाई पिङबाट के उपायले ओराल्ने होला ? अहिले पोहोर जस्तै फोहोर पनि छैन । सफा गर्न जाऊ पनि भन्न सक्दिनँ । कैलीलाई घाँस हाल्न जाऊ भनौँ भने मैले कैलीलाई अघि नै दुबो दिइहालेँ । कैलीले पेट भरिसक्यो । घरमा थैली छ । बरु त्यही लिन पठाउँछु । अब त पालो मेरै हो ।" "ऐया, सिङले नहान् न कैली ।" अंशुमान कराए । मैनाले अझ बेसरी भनिन्, "चचहुई, चचहुई ।"

(अ) अंशुमान कोभन्दा जेठा छन् ?

........................................................................................................

(आ) अंशुमान किन कराए ?

........................................................................................................

(इ) अंशुमानका ठाउँमा तपाईं भएको भए बहिनीलाई कसरी फकाउनुहुन्थ्यो ?

........................................................................................................

**(ज) केको बच्चालाई के भनिन्छ ?**

भैँसी ........................................ बाख्रा ........................................

कुकुर ........................................ हात्ती ........................................

गैँडा ........................................ गधा ........................................

**(झ) तपाईंका परिवारका बारेमा पाँच वाक्य भन्नुहोस् ।**

शिक्षकको हस्ताक्षर : ............. अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# मेरो दैनिक जीवन

## पाठ ३

### १. लय मिलाई गाउनुहोस् :

#### अगाडि बढ्न थालेँ म

कुखुरी काँ गरेर भाले करायो
उठ नानी भनेर मलाई बोलायो
हत्तपत्त उठेर पढ्न थालेँ म
यसै गरी अगाडि बढ्न थालेँ म ।

सफासुग्घर भएर खाना खान्छु म
कापीकिताब लिएर पढ्न जान्छु म
हरेक साल नयाँ कक्षा चढ्न थालेँ म
यसै गरी अगाडि बढ्न थालेँ म ।

गुरुआमा गुरुलाई अति मान्दछु
आमाबुबा महान् हुन् भनी जान्दछु
सक्ने काम गर्न अघि सर्न थालेँ म
यसै गरी अगाडि बढ्न थालेँ म ।











### २. चित्र हेरी उत्तर भन्नुहोस् :



(क) चित्रमा के के देख्नुभयो ?　　(ख) भाइले के गरिरहेको होला ?

(ग) तपाईँलाई चित्रको कुन कुरा मन पर्‍यो, किन ?

(घ) चित्रमा ककसले के के गरिरहेका छन् ?

३. शब्द शब्द छुट्याएर लेख्नुहोस् :

(क) मभातखान्छु ।　　......म भात खान्छु ।......

(ख) महातधुन्छु ।　　...............................

(ग) मविद्यालयजान्छु ।　　...............................

(घ) मखाजाखान्छु ।　　...............................

(ङ) मओछ्यानमासुत्छु ।　　...............................

४. तपाईँले सुनेको वा हेरेको रेडियो वा टेलिभिजनको कुनै कार्यक्रम वा अभिभावकले भनेको कथा वा घटना कक्षाका साथीलाई सुनाउनुहोस् ।

५. पढ्नुहोस् र रातो रङ लगाइएका शब्द साथीलाई भन्नुहोस् :



## गैँडाको केटो

**गैँडा**को केटो चउरमा कुद्यो । **गाई**को बाच्छाले केटालाई देख्यो । केटासँगै **बाच्छो** पनि दौडियो । खोरमा बसेको पाठाले बाच्छालाई देखेन । बाच्छालाई खोज्दै पाठो चउरतिर गयो । उसले बाच्छो र **केटो** कुदिरहेको देख्यो । **पाठो** पनि सँगसँगै दौडियो । **गोठाला** दाइले घाँस ल्याउनुभयो । गाईबाख्रालाई घाँस हाल्नुभयो । गाईले बाँ गर्दै बाच्छालाई बोलायो । बाख्राले **म्याँम्याँ** गर्दै पाठालाई डाक्यो । उनीहरूले घाँस खाए । केटो चउरमा एक्लै भयो । उसले घरमा गई आमाबुबालाई खोज्यो । आमाबुबालाई भेट्टाएन । आफैँले खाजा खोजी खान थाल्यो ।

६. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

## मिलिजुली काम गर्ने



आमा बिहानै उठ्नुभयो । आमासँगै म पनि उठेँ । हामीसँगै दाजु दिदी पनि उठ्नुभयो । हामीले हातमुख धोयौँ । दाजुले घर बढार्नुभयो । मैले बाख्रापाठालाई घाँस हालेँ । बुबाले त अघि नै गाईभैँसी दुहिसक्नुभएछ । उहाँले धेरै दुध ल्याउनुभयो । दिदीले दुध तताउनुभयो । हामीले सँगै बसेर दुध खायौँ । दाजु, दिदी र म पढ्न बस्यौँ । आमाले खिर पकाउनुभयो । बुबाले सिमीको तरकारी पकाउनुभयो । आमाले आलुको अचार बनाउनुभयो । हामी सबैले खाना खायौँ । हामी विद्यालय गयौँ । आमाबुबा काममा जानुभयो । घरमा आउँदा मामामाइजू आउनुभएको रहेछ । आमा र म भोलि मामाघर जाने भयौँ । आमाले कोसेली तयार पार्नुभयो । बुबाले मेरा लुगा झोलामा हालिदिनुभयो । सबै जना सुत्न जानुभयो । म पनि ओछ्यानमा पल्टेँ । मलाई निद्रा लागेन । मनमनै विचार गरेँ, मैले मामाघरमा गएर के के गर्ने होला ?

(क) कसले गाईभैँसी दुहुनुभयो ?

........................................................................................................................

(ख) आमाले के के पकाउनुभयो ?

........................................................................................................................

(ग) तपाईं मामाघर गएपछि के के गर्नुहुन्छ ?

........................................................................................................................

(घ) निद्रा लागेन भने तपाईं के गर्नुहुन्छ, लेख्नुहोस् ।

........................................................................................................................

## ७. जोडेर भन्नुहोस् र लेख्नुहोस् :

| मा + नो | पा + थी | लि + ट + र | त + रा + जु |
|---|---|---|---|
| मानो | | | |

## ८. तपाईंले घरपरिवारका सदस्यलाई कुन कुन काममा सघाउनुहुन्छ, बताउनुहोस् ।

## ९. शब्द चिनेर घेरा लगाउनुहोस् र कापीमा लेख्नुहोस् :

त्रिशूल, टपटप, ढक, तराजु, हजुरबुबा, कुलो, नाक, माना, नारा, नाल, कुना, राजु, हजुरआमा, इनार, बाला, किलोग्राम, चलमल, मन, माल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| त्रि | ढ | त | ह | कु | ना | ना |
| शू | क | रा | जु | लो | क | रा |
| ल | ह | जु | र | आ | मा | ल |
| ट | तु | लो | बु | इ | ना | र |
| प | ख | ड | बा | ला | ल | म |
| ट | कि | लो | ग्रा | म | न | झ |
| प | ञ | च | ल | म | ल | म |

१०. खाली ठाउँमा मिल्ने चिह्न छानी लेख्नुहोस् :

(क) धनेश ....... रोजी र सुनिल घुम्न गए । (, । ?)

(ख) तिमी कति कक्षामा पढ्छौ ....... (। ! ?)

(ग) आहा ....... कति राम्रो फूल फुलेछ । (? । !)

(घ) म पढ्न जान्छु ....... (। , ?)

११. पालैपालो पढ्नुहोस् :

## विना र बुबा



(कुखुरी काँ.....! ठुलो आवाज निकालेर डोकाभित्रको कुखुरो बास्यो । विना सुतिरहेकी छिन् । बुबाले बोलाउनुभयो ।)

बुबा - विना ! आज उठ्नु पर्दैन ? विद्यालय जान ढिलो होला ।

विना- नाइँ के बुबा, एकछिन मलाई सुत्न दिनु न ।

बुबा - सात बजिसक्यो । किन अझै सिरकभित्र गुटुमुटु परेकी ?

विना- एकछिन के बुबा ।

बुबा - उठ न उठ । मैले आँगनको डिलमा पानी राखेको छु । हातमुख धोऊ । दाँत माझ । पाठ पढ ।

विना- मैले हिजो नै सबै पाठ पढिसकें ।

बुबा - डाँडामाथि घाम आइसक्यो । तिमीलाई विद्यालय जान ढिलो हुन्छ ।

विना- (विना उठिन् । डसना मिलाइन् । बुबालाई हेरेर हाँस्न थालिन्, हा हा हा ।)

बुबा - किन हाँसेकी ?

विना- बुबा हजुरलाई यत्ति कुरा पनि थाहा छैन है ।

बुबा - कुन कुरा ?

विना- आज विद्यालय बिदा हो नि ।

बुबा - हा हा हा, मैले त भुसुक्कै बिर्सेको ।

## १२. तलका क्रियाकलाप गर्नुहोस् :

**(क) तलका शब्दमा वर्ण झिकी वा यताउता पारी नयाँ शब्द लेख्नुहोस् :**

घरपरिवार : ........पर........ ........................ ........................ ........................

सागपात : ........................ ........................ ........................ ........................

खेतबारी : ........................ ........................ ........................ ........................

क्रियाकलाप : ........................ ........................ ........................ ........................

**(ख) तलका शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :**

आँगन : ..............................................................................................................

चाल्नो : ..............................................................................................................

ढिकी : ..............................................................................................................

रमाइलो : ..............................................................................................................

## १३. खाली ठाउँमा मिल्ने शब्द भरी कविता कापीमा सार्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| कुकुर | स्याल | बिरालो | घाम | हुरुरु | लुरुरु |

सिमसिम पानी पाखामा .................. लाग्यो घमाइलो

घामपानीको मुन्तिर .................. को बिहे रमाइलो ।

.................. पुच्छर डोलाउँदै जन्ती जाने भएछ

झटपट लोभी .................. भान्से बनी गएछ ।

कुहिरो लाग्यो जाडो भो बतास चल्यो ..................

भान्सेले खाए भतेर फर्के जन्ती .................. ।

१४. सुन्नुहोस् र उत्तर भन्नुहोस् :

## आजको हाम्रो काम



म फुपू फुपाजुको घरमा गएको थिएँ । फुपाजुले डोको झिक्नुभयो । डोकामा तरकारी हाल्नुभयो । ढिकीछेउमा रहेको नाम्लो पनि तान्नुभयो । फुपूलाई बोलाउनुभयो । फुपू र फुपाजु बजार जानुभयो । बजारमा तर कारी बेच्नुभयो । उहाँहरूले मिठाई किन्नुभयो । नुन, चिनी र तेल किन्नुभयो । सबै सामान डोकामा हाल्नुभयो । डोको बोकेर घर फर्कनुभयो । आँगनको छ उमा डोको बिसाउनुभयो । उहाँहरूले ढिकीमा धान कुट्नुभयो । जाँतामा चामल पिँध्नुभयो । उहाँहरूले सेलरोटी पकाउनुभयो । जाँतामा दाल पिँध्नुभयो । हामीले गाईवस्तु दाम्लाले बाँध्यौँ । हामीले घाँस हाल्यौँ । हामीले खाजामा सेलरोटी र मिठाई खायौँ । त्यसपछि हामीले धेरै बेर पढ्यौँ र लेख्यौँ । आमाबुबाले दालभात पकाउनुभयो । खाना खाएपछि कथा सुन्दै हामी सुत्यौँ ।

(क) ककसले तरकारी बेच्नुभयो ?

(ख) फुपूफुपाजुले किन चामल पिँध्नुभयो ?

(ग) जाँतामा के के पिसिन्छ ?

(घ) सेलरोटी कसरी बन्छ होला ?

१५. तपाईँले दैनिक रूपमा गर्ने कुनै पाँचओटा काम कापीमा लेख्नुहोस् ।

# पाठ ४

## १. लय मिलाई गाउनुहोस् :

### तराजुमा मुसो



एक माना चिउरा दुई माना घिउ
आउनुभयो आमा गर्छु म त जिउ
दश किलो चिनी बिस किलो दाल
मुसाले त पारेछ बोरा काटी प्वाल ।

चार पाथी चामल तीन लिटर तेल
चउरमा गरेर खेलौँ नयाँ खेल
कुदाएछ मुसाले माइजूको रिङ
तराजुमा चढेर खेल्न थाल्यो पिङ ।

## २. भित्तेपात्रो हेरेर उत्तर भन्नुहोस् :

**वैशाख २०७७** — अप्रिल/मे 2020

| आइतबार Sunday | सोमबार Monday | मङ्गलबार Tuesday | बुधबार Wednesday | बिहीबार Thursday | शुक्रबार Friday | शनिबार Saturday |
|---|---|---|---|---|---|---|
| | नयाँ वर्ष २०७७ प्रारम्भ, बिस्केट जात्रा १ षष्ठी 13 | २ 14 | ३ अष्टमी 15 | ४ नवमी 16 | ५ दशमी 17 | बरुथिनी एकादशी ६ एकादशी 18 |
| ७ द्वादशी 19 | ८ त्रयोदशी 20 | ९ चतुर्दशी 21 | १० चतुर्दशी 22 | मातातीर्थ औंसी ११ औंसी 23 | १२ प्रतिपदा 24 | १३ द्वितीया 25 |
| अक्षय तृतीया १४ तृतीया 26 | १५ चतुर्थी 27 | १६ पञ्चमी 28 | १७ षष्ठी 29 | १८ सप्तमी 30 | विश्व मजदूर दिवस १९ अष्टमी 1 | २० नवमी/दशमी 2 |
| २१ एकादशी 3 | २२ द्वादशी 4 | २३ त्रयोदशी 5 | २४ चतुर्दशी 6 | उँभौली पर्व, बुद्ध जयन्ती २५ पूर्णिमा 7 | रेडक्रस दिवस २६ प्रतिपदा 8 | २७ द्वितीया 9 |
| २८ तृतीया 10 | २९ चतुर्थी 11 | ३० पञ्चमी 12 | ३१ षष्ठी 13 | नयाँ वर्ष २०७७ को उपलक्ष्यमा समस्त नेपालीहरूमा हार्दिक मङ्गलमय शुभकामना । | | |

(क) यो कति सालको पात्रो हो ?
(ख) १५ गते कुन बार परेको छ ?
(ग) यस महिनामा कतिओटा बुधबार परेका छन् ?
(घ) वैशाख १ गते के मनाइन्छ ?
(ङ) बुद्धजयन्ती कति गते परेको छ ?

३. हाटबजार गएका बेला तपाईं हराउनुभयो भने के गर्नुहुन्छ, बताउनुहोस् ।

४. उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सफा | नमिठो |
| मिठो | अन्त्य |
| सुखी | पछि |
| सुरु | फोहोर |
| अघि | दुःखी |

५. तलका शब्दहरू पढ्नुहोस् र लेख्नुहोस् :

हावा ..................................... झरी .....................................
बादल ..................................... असिना .....................................
उकालो ..................................... चौतारो .....................................
बटुवा ..................................... तिर्खा .....................................
पोखरी ..................................... झरना .....................................
खोला ..................................... नदी .....................................

६. तालिकाबाट पाँचओटा मिल्ने वाक्य बनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| म | | | १. ..................................... |
| बहिनी | | जान्छु । | २. ..................................... |
| दाइ | घुम्न | जान्छिन् । | ३. ..................................... |
| दिदी | | जानुहुन्छ । | ४. ..................................... |
| फुपू | | | ५. ..................................... |

## ७. पढेर साथीलाई सुनाउनुहोस् :




## ८. कहाँ के के लगाइन्छ, लेख्नुहोस् :

फुली, टप, मुन्द्री, ढुङ्ग्री, पन्जा, औँठी, माला, सिक्री, तिलहरी, बुलाकी, पाउजु, जुत्ता, मोजा, चप्पल, नत्थी, बिच्छी

नाक : ..............................

कान : ..............................

हात : ..............................

खुट्टा : ..............................

घाँटी : ..............................

९. पाठ पढी साथीसँग छलफल गर्नुहोस् :

## झोला कसले लग्यो होला ?



मुसो, बिरालो र कुकुर साथी थिए । मुसाले भन्यो, “तिमीहरूभन्दा म बाठो छु । म गाडी चढेर घुम्न जान्छु ।” बिरालाले भन्यो, “होइन, म बाठो छु । रेल चढेर छिटो घुमेर आउँछु ।” यो कुरा कुकुरलाई मन परेन । उसले भन्यो, “सबैभन्दा बाठो म छु । म हवाईजहाजमा उडेर घुम्न सक्छु ।” मुसो गाडीमा घुम्न गयो । बिरालो रेलमा गयो । कुकुर हवाईजहाजमा उड्यो । केही समयपछि सबैले सम्झे, “लौ जा ! झोला नै छुटेछ ।” मुसाले गाडी घुमायो । फर्केर झोला गाडीमा राख्यो । मुसो फेरि घुम्न गयो । कुकुरले हवाईजहाज रोक्न सकेन । बिरालाले रेललाई घुमाउन खोज्यो तर रेल घुमेन । रेल रोकेर दौँडँदै आयो । त्यहाँ मुसो र कुकुर थिएनन् । उनीहरूका झोला पनि थिएनन् ।

बिरालो र कुकुरको झोला कसले लग्यो होला ?

१०. मिल्ने शब्दका बिचमा जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| छक्क | बल्नु |
| दनदन | पर्नु |
| ढकमक्क | रुनु |
| धुरुधुरु | फुल्नु |

११. खाली ठाउँमा शब्द भर्नुहोस् :

(क) म काउली .................... । (रोप्ने छु, छोडाउने छु)

(ख) भटमास धेरै .................... । (फल्ने छ, फक्रने छ)

(ग) पहेँलै भएर तोरी .................... । (सप्रने छ, फुल्ने छ)

(घ) फर्सी ठुलो .................... । (हुने छ, मर्ने छ)

## १२. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

# टिकटिक घडी



"मेचमा बसूँ कि ! खाटमा बसूँ ! गुन्द्रीमा बसूँ कि ! सिरक ओडेर ओछ्यानमा पो बसूँ कि !" टेबुलमाथि बसेको घडीले सोच्दै थियो । ऊ एक्कासि टेबुलबाट खस्यो । भुइँमा बजारियो । सुईहरू रोकिए । घण्टा सुईले भन्यो, "ए मिनेट सुई, किन नहिँडेको ?" मिनेट सुईले सेकेन्ड सुईलाई देखायो । सेकेन्ड सुई त मस्त सुतिरहेको थियो । घण्टा सुई करायो, "ए, सेकेन्ड सुई उठ, हिँड । हामी रोकियौँ भने समय रोकिन्छ ।" उसको कुरा कसैले सुनेन । 'यसै गरी गते, बार हुँदै महिना बिते भने !' घडी डरायो । एकैछिनपछि भाइ खेल्दै आयो । घडी बन्द थियो । भाइले घडीमा ब्याट्री हाल्यो । घडीका सुईहरू चल्न थाले । टिकटिक टिकटिक । घडी खुसीले करायो, "हुर्रे !"

(क) को भुइँमा बजारियो ?

..............................................................................................................................

(ख) घण्टा सुईले मिनेट सुईलाई के भन्यो ?

..............................................................................................................................

(ग) सेकेन्ड सुई कसरी सुतिरहेको थियो ?

..............................................................................................................................

(घ) घडी किन बन्द भएको थियो ?

..............................................................................................................................

## १३. दिइएका शब्द साथीले पढेको सुनी कापीमा लेख्नुहोस् :




## १४. शब्दको क्रम मिलाएर वाक्य भन्नुहोस् र लेख्नुहोस् :

(क) छौँ चलाख हामी । ........हामी चलाख छौँ ।........................................

(ख) आरजु हुन् किसान । ..........................................................................................

(ग) खाजा तिमी खाऊ । ..........................................................................................

(घ) हुनुहुन्छ दिदी मेरी । ..........................................................................................

(ङ) छ असल पेमा । ..........................................................................................

## १५. खाली ठाउँमा मिल्ने शब्द लेखी वाक्य बनाउनुहोस् :

| कन्या | तर | तान |
|---|---|---|

(क) तिमी खोलो .................... । म दुधको ........................ सँग भात खान्छु ।

(ख) भाइ, यो डोरी .................. । दिदीले गुन्द्रीको ......................... लगाउनुभयो ।

(ग) ...........................हरू मिलेर पढ्छन् । राजेश मेरो टाउको ........................... त ।

## १६. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### कोदाको मित



पोहोर काउली र बन्दाले मित लगाए । अस्ति रायो र चम्सुर मित भए । हिजो लौका र घिरौँला मित बने । आज फर्सी र मेवाले पनि मित लगाए । कोदाले पनि मित लगाउन खोज्यो । मकै र भटमास ऊभन्दा ठुला थिए । धान खस्रो थियो । गहुँको पेट चिरिएको थियो । जौको भुस थियो । तोरी ऊ जस्तै देखियो । ऊ खुसी हुँदै तोरीलाई भन्यो, "तोरी ! तिमी र म मित लगाऔँ है ।" तोरीले मानेन । "किन नि ?" कोदाले सोध्यो । "तिमीभन्दा म राम्रो छु । म फुलेपछि वरिपरि माहुरी र पुतली आउँछन् । मानिस पनि तोरी फुलेको देखेर खुसी हुन्छन् ।" तोरीले थप्यो । भँगेरालाई तोरीको कुरा मन परेन । उसले भन्यो, "तिमीहरू उस्तै छौ नि । चारो टिप्दा म त झुक्किन्छु ।" भँगेराको कुराले तोरी झसङ्ग भयो । उसले कोदासित तुरुन्तै मित लगायो ।

(क) काउली र बन्दाले कहिले मित लगाएका थिए ?

..........................................................................................

(ख) तोरी र कोदो किन मित भए ?

..........................................................................................

(ग) तोरी र कोदामा के फरक छ ?

..........................................................................................

(घ) 'कोदाको मित' पाठमा कति वाक्य छन्, लेख्नुहोस् ।

..........................................................................................

## १७. खाली ठाउँमा मिल्ने शब्द लेखी कापीमा सार्नुहोस् :

| सात | म | गिलास | हातमुख | खाजा | किताब | सबै | विद्यालय | काम |
|---|---|---|---|---|---|---|---|---|

बहिनी, उठ त .................. बजिसक्यो । दाइको आवाजले .................. झल्याँस्स ब्युझिएँ । उठेर एक .................. मनतातो पानी पिएँ । दाइको पछि लागेँ । उहाँसँगै कसरत गरेँ । मैले .................. धोएँ । दाँत माझेँ । .................. खाएँ । केही समय .................. पढेँ । त्यसपछि .................. जना सँगै बसेर खाना खायौँ । दाइ र म .................. हिँड्यौँ । आमा र बुबा .................. मा जानुभयो ।

## १८. साथीलाई सुन्न लगाई पढ्नुहोस् :

| | |
|---|---|
| जोती, लोती, धोती, पोती, मोती | खोपी, घोपी, छोपी, टोपी, रोपी |
| गोडा, घोडा, जोडा, छोडा, सोडा | कोट, खोट, घोट, चोट, नोट, बोट, भोट |

## १९. दिइएका शब्दहरूबाट वर्णक्रम पत्ता लगाई खाली ठाउँमा भर्नुहोस् :

| फेटा | घडी | इनार | छाता | डमरु | धनुष |
|---|---|---|---|---|---|

(क) अनार, आमा .................................. ईश्वर

(ख) कलम, खरायो, गमला ..................................

(ग) चङ्गा .................................. जिरा, झुम्का

(घ) टपरी, ठडेउरो .................................. ढक

(ङ) पुस्तक .................................. बगर, भोजपुर

## २०. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| गाईले घाँस | गर्छ । |
| आज हाम्रो विद्यालय | बस्छ । |
| कुकुरले घरको हेरचाह | खान्छ । |
| आकाशमा चरो | खुल्छ । |
| माछा कुरमा | उड्छ । |

२१. 'टिकटिक घडी' पाठमा ! , ? । लेख्य चिह्न प्रयोग भएका छन् । ती चिह्न चिन्नुहोस् र गोलो घेरा (O) लगाउनुहोस् ।

२२. खाली कोठा भर्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| १. बाँ | | | २. त | |
| | | ३. ट | | ४. री |
| | ५. को | | | |
| | ६. से | | | ९. रो |
| ७. छ | | | ८. फे | |

**ठाडो**

१. पौडी खेल्दा हातखुट्टा चलाउने काम - ३
२. तपस्या - २
३. कच्ची छाप्रो - ३
४. चलन - २
९. गुरुङ जातिमा प्रचलित चलन - २

**तेर्सो**

१. बाँसबाट बनाको वाद्यवादन - ३
३. पातबाट बनेको वस्तु - ३
५. उपहार - ३
६. चारैतिरको - ४
७. ठगी - २
८. पहाडको तल्लो भाग - २

२३. गएको शनिबार तपाईंले के के काम गर्नुभयो, लेख्नुहोस् :

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

## २. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) जोडेर भन्नुहोस् र लेख्नुहोस् :**

| | | |
|---|---|---|
| मा | इ | जू |
| बि | रा | लो |
| घि | रौँ | ला |

**(ख) तीनओटा वर्ण जोडेर दशओटा शब्द लेख्नुहोस् :**

न जि फा क प र मा नि स घि रौँ ला हि ना द ल आ का श आँ ग म

............ ............ ............ ............ ............

............ ............ ............ ............ ............

**(ग) शब्दलाई वाक्यमा प्रयोग गरेर भन्नुहोस् :** टुसुक्क, मुसुक्क, भुसुक्क

**(घ) सुन्नुहोस् र उत्तर भन्नुहोस् :**

सानी आमाको कोठामा गइन् । उनले आमालाई कोठामा देखिन् । आमाको आँखामा गाजल थियो । कानमा मुन्द्रा थिए । नाकमा बुलाकी पनि थियो । आमाका हातका औँलामा औँठी थियो । उहाँका गोडामा पाउजु र नङमा पालिस पनि थियो । त्यो देखेर सानी आमातिर गइन् । आमाले सानीका आँखामा गाजल लगाइदिनुभयो । सानीलाई गालामा पाउडर र ओठमा लाली लगाइदिनुभयो । उनलाई कोरीबाटी गरी राम्री बनाइदिनुभयो । सानी ऐना हेरी दङ्ग परिन् ।

(अ) कोठामा को हुनुहुन्थ्यो ? (आ) आमाले के के लगाउनु भएको थियो ?

(इ) सानी किन दङ्ग परिन् ? (ई) औँठी कहाँ लगाइने रहेछ ?


**(ङ) खाली ठाउँमा मिल्ने शब्द छानी लेख्नुहोस् :**

(अ) हावा ............ चल्यो । (सिरसिर, चमकचमक, मगमग)

(आ) फूलको ............ बास्ना चल्यो । (सिरसिर, चमकचमक, मगमग)

(इ) बोटमा अम्बा ............ फल्यो । (लटरम्म, कऱ्याककुरुक, हलक्क)

(च) चित्र अवलोकन गरी चार वाक्य भन्नुहोस् :



(छ) शब्द पढ्नुहोस् र मिल्ने अर्थसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| पाथी | गाई, भैँसी बाँध्ने ठाउँ |
| समय | धान, मकै, गहुँ |
| गोठ | आठ माना |
| अन्न | घण्टा, मिनेट, सेकेन्ड |

(ज) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

बस उकालो सडकमा गुड्दै गाउँमा पुग्यो । अग्लो डाँडाको टुप्पामा गाउँ थियो । बस गाउँबाट फर्कियो । बस ओरालो सडक हुँदै डाँडाको फेदीमा आयो । त्यहाँ ठुलो सहर थियो । त्यहाँ ठुला घरहरू पनि थिए । त्यहाँका सडक फराकिला थिए । त्यहाँ साँगुरा गल्ली पनि थिए । त्यहाँ होचा रुख थिए । यात्री बसबाट ओर्लिए । उनीहरू साँघुरो गल्ली हुँदै बजारतिर लागे ।

(अ) बस कहाँ पुगेर फर्कियो ?

..............................................................................................................................

(आ) यात्री किन बसबाट ओर्लिए ?

..............................................................................................................................

(इ) तलका शब्दका उल्टो अर्थ दिने शब्द लेख्नुहोस् :

अग्लो ............ उकालो .......... टुप्पो ........... रमाइलो ............. धेरै ............

(झ) तपाईंले बिहान उठेदेखि विद्यालय जाने बेलासम्म गर्ने गरेका कुनै पाँचओटा काम भन्नुहोस् ।

शिक्षकको हस्ताक्षर : ............. अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# हाम्रो समुदाय

## पाठ ५

### १. लय मिलाई गाउनुहोस् :

#### राम्रो काम गर्ने हो

शोभिता र गीताले
सुशीला र निताले
कापीकलम झिक्छन् रे
समूहमा सिक्छन् रे ।

हिमालको फुर्बाले
पहाडको पूर्णाले
खोलानाला तर्छन् रे
पढ्ने लेख्ने गर्छन् रे ।

अल्छी पारा हटाई
साथीलाई सघाई
ज्ञान बुद्धि छर्ने हो
राम्रो काम गर्ने हो ।



### २. चित्र हेरी वर्णन गर्नुहोस् :



## ३. तलको तालिका हेर्नुहोस् र सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :

### तिलिचो टेलिभिजन

| कार्यक्रम | देखाइने विषय | समय |
|---|---|---|
| धार्मिक कार्यक्रम | भजन | ५ बजे |
| पत्रपत्रिका | विभिन्न समाचार तथा घटनाहरू | ६ बजे |
| बाल कार्यक्रम | रमाइला कुराकानी | ६:३0 बजे |
| समाचार | विभिन्न कार्यक्रम तथा घटना | ७ बजे |
| लोकलहरी | गीत | ७:३0 बजे |
| वृत्तचित्र | व्यक्ति परिचय | ८:३0 बजे |
| समाचार | विभिन्न कार्यक्रम तथा घटना | ९ बजे |
| टेलिफिल्म | हाम्रो कथा | ९:३0 बजे |

**(क) समाचार कति कति बजे आउँछ ?**

**(ख) भजन सुन्न र हेर्न कुन कार्यक्रम हेर्नुपर्छ ?**

**(ग) बाल कार्यक्रम हेर्दा के कुराको जानकारी पाइन्छ ?**

**(घ) तपाईँलाई मन पर्ने कार्यक्रम कुन हो, यो कार्यक्रम किन मन पर्छ ?**

## ४. खाली ठाउँमा सही शब्द लेखी वाक्य बनाउनुहोस् :

गर्छ खर्क पिर्का तिर्खा

(क) मलाई ........................... लाग्यो ।

(ख) ...........................मा बाख्रा चर्छन् ।

(ग) बहिनी ...........................मा बसिन् ।

(घ) बिरालो म्याउँ म्याउँ ........................... ।

## ५. तलका शब्दलाई तालिकाका मिल्ने कोठामा लेख्नुहोस् :

एक, दुई, तीन, चार, पाँच, छ, सात, आठ, नौ, दश, एघार, बाह्र, तेर, चौध, पन्ध्र, सोर, सत्र, अठार, उन्नाइस, बिस, एक्काइस, बाइस, तेइस, चौबिस, पच्चिस, छब्बिस, सत्ताइस, अट्ठाइस, उनन्तिस, तिस

| जोर | बिजोर |
|---|---|
| दुई, | एक, |

## ६. तलका शब्दहरू पढ्नुहोस् र लेख्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| जोर | ............. | घोर | ............. | खोर | ............. |
| झोर | ............. | फोर | ............. | कोर | ............. |
| अपार | ............. | अनार | ............. | अचार | ............. |
| कसार | ............. | पसार | ............. | असार | ............. |
| बसेर | ............. | पसेर | ............. | कसेर | ............. |
| डसेर | ............. | फसेर | ............. | घसेर | ............. |

## ७. लय मिलाई गाउनुहोस् :




### जोर बिजोर गन्ने

नेपाली अङ्क छानेर
जोर र बिजोर जानेर
ज्ञानको बाटो खन्ने हो
हिसाब जान्ने बन्ने हो ।

दश र बाह्र जोर हुन्
एघार तेर बिजोर हुन्
पन्ध्र र सोर भन्ने हो
हिसाब जान्ने बन्ने हो ।

चौध र सोर हुन् जोर
पन्ध्र र सत्र बिजोर
बिस र एक्काइस गन्ने हो
हिसाब जान्ने बन्ने हो ।

जोरमा एक थप्ने हो
बिजोर भयो भन्ने हो
जोर बिजोर गन्ने हो
हिसाब जान्ने बन्ने हो ।

## ८. शब्दको क्रम मिलाएर वाक्य भन्नुहोस् र लेख्नुहोस् :

(क) फलेछन् धेरै काँक्राफर्सी ।

..............................................................................................................................

(ख) झऱ्यो कोक्रो भऱ्याङबाट ।

..............................................................................................................................

(ग) देखियो ट्रकमा सर्प ।

..............................................................................................................................

(घ) भन्यो कथा भाइले ।

..............................................................................................................................

## ९. यसपछि के भयो होला, अनुमान गर्नुहोस् :

आरम्भले भने, “म साहुजीकहाँ गएको थिएँ । मैले उहाँलाई दिन पैसा निकालेँ । साहुजीले मेरो पैसा खोस्न आउनुभयो ।”

साहुजीले भने, “म तेल भर्दै थिएँ । मैले घर्रामा पैसा राखेको थिएँ । त्यो पैसा आरम्भले निकालेको देखेँ । मैले ऊसँग पैसा मागेँ । उसले दिन मानेन । त्यही भएर मेरो पैसा खोजेको हुँ ।”

दुवैले भने, “हजुरबुबा पैसा कसको हो ? हजुरले पत्ता लगाइदिनुपर्‍यो ।”

## १०. शब्द प्रयोग गरी वाक्य लेख्नुहोस् :

बगैँचा : ..............................

तरकारी : ..............................

रुगाखोकी : ..............................

मैदान : ..............................

व्यापारी : ..............................

पैसा : ..............................

## ११. उदाहरणमा दिए जस्तै गरी लेख्नुहोस् :

जस्तै : ढुक्‌क = ढुक्क

| | | |
|---|---|---|
| छक्‌क .................... | मक्‌ख .................... | क्‌यामेरा .................... |
| निथ्रुक्‌क .................... | प्रसिद्‌ध .................... | उद्‌देश्य .................... |
| आग्‌लो .................... | ग्‌याँस .................... | सुग्‌घर .................... |
| विद्‌या .................... | बुद्‌ध .................... | द्‌वारा .................... |

### १२. पालैपालो पढ्नुहोस् :

## चराको जिब्रो



नोर्बु र मनिता रुखको छहारीमा बसी कुराकानी गर्दैछन् ।

नोर्बु : मनिता ! त्यो कुन चरो हो ?

मनिता : जुरेली हो नि । गौँथली र भँगेरासँग खेल्न आएको होला ।

नोर्बु : होइन होला । हेर त, गौँथली ढुकुरसँग पो चर्न गयो नि त !

मनिता : किराफट्याङ्ग्रा खोज्न गएको होला ।

नोर्बु : गोठछेउको मलखादमा धेरै किराफट्याङ्ग्रा थिए । त्यतै जानु नि ! तलतिर घाँसबारीको पाखामा गए पनि हुन्थ्यो ।

मनिता : हाम्रा आँगनमा गुन्द्रीमा सुकाएको बिस्कुन देखेका छन् । हामीलाई झुक्याउन चरे जस्तो गरेका हुन् ।

नोर्बु : ल भित्रबाट दही र मही ल्याऔँ । मकै र भटमाससँगै दही र मही खाँदै बिस्कुन हेरौँला ।

मनिता : नोर्बु ! यता आऊ त । खुर्सानी त चराले सकिहालेछन् नि !

नोर्बु : लौन नि, बारीमा खुर्सानीका बोट मात्र पो रहेछन् । यी चराको जिब्रो हुँदैन कि क्या हो ? यिनीहरूलाई पिरो हुँदैन ?

मनिता : आवाज त निकाल्छन् त । जिब्रो नभए कसरी कराउँछन् त ?

नोर्बु : अब, कसलाई सोधौँ होला ? साँच्चै चराको जिब्रो होला कि नहोला ? (दुवै जना सोच्न थाल्छन् ।)

## १३. सुन्नुहोस् र उत्तर भन्नुहोस् :

### को ठिक



कन्हैयाले झोलाबाट किताब झिके । उनले स्वर निकालेर पढे, “खाना चपाएर खानुपर्छ । चपाएर खाँदा ढिलो हुन्छ तर राम्ररी पच्छ । साइकल, मोटरसाइकल र गाडी बिस्तारै चलाउनुपर्छ । बिस्तारै गए अवश्य पुगिन्छ । छिटो गरे भन्न सकिँदैन । तितो नमिठो हुन्छ । तितो खाँदा फाइदा हुन्छ । गुलियो मिठो हुन्छ । गुलियो मात्र खाए रोगी भइन्छ । काम बिस्तारै गर्नुपर्छ । हतार गरे लतरपतर हुन्छ । बिस्तारै पढे बुझिन्छ । छिटो छिटो पढे बुझिँदैन ।”

रामलखनले किताब खोली पढे, “काम साँचे आफैँले गर्नुपर्छ । आफ्नो काम आफैँले गर्नुपर्छ । खाना समयमा नै खानुपर्छ । समयमा सुत्ने र उठ्ने गर्नुपर्छ । हरेक दिन पढ्ने र लेख्ने बानी बसाल्नुपर्छ । समय तोकी खेल्नुपर्छ ।

(क) के चपाएर खानुपर्छ ?

(ख) कन्हैयाले पढेर के के बुझे ?

(ग) कसरी पढ्दा बुझिँदैन ?

(घ) रामलखनले पढेर के के सिके ?

(ङ) हामीले कस्ता काम समयमै गर्नुपर्छ ?

## १४. जोडेर भन्नुहोस् र लेख्नुहोस् :

पु + रा + नो → पुरानो

घ + टा + उ → ..........

बे + ठि + क → ..........

प + ढा + इ → ..........

## १५. तलका शब्दमा वर्ण झिकी वा यताउता पारी नयाँ शब्द लेख्नुहोस् :

गलत : ..........गत.......... .......................... ..........................

कविता : .......................... .......................... ..........................

गुणनफल : .......................... .......................... ..........................

गाईतिहार : .......................... .......................... ..........................

## १६. उदाहरणमा जस्तै मिल्ने शब्द लेख्नुहोस् :

म आएँ ।

तँ ........................................................................ ।

तपाईं ........................................................................ ।

उनी ........................................................................ ।

हामी ........................................................................ ।


तिमी ........................................................................ ।

ऊ ........................................................................ ।

उहाँ ........................................................................ ।

## १७. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### आफ्नै घर आएँ



एक दिन जनावरहरू पहाड चढ्न थाले । घाम उदाउनेबित्तिकै घोडा अगाडि लाग्यो । गाई र भैँसी घोडाको पछि लागे । बाघ र सिंह पुच्छर ठड्याउँदै बिचमा हिँडे । हात्ती पछि पछि हिँड्यो । त्यो देखेर बिरालो, कुकुर र स्याल छेउतिर लागे । बाँदर त डराएर रुखमा चढ्यो । बाँदरले रुखमा लाम्पुच्छ्रे चरो देख्यो । ऊ त्यहीँ भुल्यो । केही बेरमा साँघुरो बाटो आयो । साँघुरो बाटाबाट हात्ती जान सकेन । हात्ती जङ्गलतिर लाग्यो । जङ्गलमा एउटा पोखरी थियो । पोखरीमा हिलो थियो । हिलामा गैँडा बस्थ्यो । हात्ती पनि हिलामा बस्यो । उनीहरू फराकिलो मैदानमा गए । पेटभरि घाँस खाए । यत्तिकैमा घाम अस्तायो । साँझ पऱ्यो । अब त कुनै जनावर पनि देखिएनन् । म आफ्नै घर आएँ । तिनीहरू कहाँ गए होलान् ?

(क) को अगाडि लाग्यो ?

..........................................................................................

(ख) हात्ती किन पहाड चढ्न सकेन ?

..........................................................................................

(ग) रात परेपछि जनावरहरू कहाँ गए होलान् ?

..........................................................................................

## १८. मिल्ने वर्ण जोडी बन्ने दशओटा शब्दमा घेरा लगाउनुहोस् र कापीमा लेख्नुहोस् :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| घे | बा | त | उ | ब | कि | न |
| रे | रा | रा | दा | ढु | चा | चा |
| ल | अ | स्ता | उँ | दो | बा | उ |
| सु | घ | ट | दो | से | द्व | नु |
| न | र | क्लँ | ह | लँ | ल | न |
| ह | उ | लो | लु | म | ओ | ज |
| र | न | भ | का | री | ति | र |

## १९. जोडेर भन्नुहोस् र लेख्नुहोस् :

ओ डा र → ओडार

ढु लु वा → 

गा ज ल → 

थ प डी → 

हा त्ती सा र → 

## २०. खाली ठाउँमा मिल्ने चिह्न लेखी कापीमा सार्नुहोस् :

| , | ! | ? | । |
|---|---|---|---|

डिकबहादुरले भने ........ "हजुरबुबा ........ किन सित्तैमा दुःख गर्नुभएको ........ यिनमा फल फल्दा हजुरले खान नपाउनुहुने पो हो कि ! बिना कारण किन दुःख गर्नुहुन्छ ........" हजुरबुबाले हाँस्दै भन्नुभयो, "यी फल लागेका रुख मैले रोपेका होइनन् तर पनि हामी फल खाँदै छौँ । अहिले मैले रोपेका रुखका फल भोलि अरूले खान्छन् ........ बाटो हिँड्ने बटुवाले पनि खान्छन् । यो त हाम्रो अर्कालाई उपकार गर्ने परम्परा नै हो नि ........" डिकबहादुर छक्क परे । अब उनले पनि फलफूलका बिरुवा रोप्ने निधो गरे ।

## २१. तालिकाबाट पाँचओटा मिल्ने वाक्य बनाई लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| म | | गर्छे । | १. ........ |
| तिमी | | गर्छस् । | २. ........ |
| तँ | गृहकार्य | गर्छु । | ३. ........ |
| ऊ | | गर्छौं । | ४. ........ |
| हामी | | गर्छौं । | ५. ........ |

## २२. आफ्नो छरछिमेकका मानिसले गर्ने पाँचओटा काम लेख्नुहोस् :

........

........

........

........

........

## पाठ ६

### १. लय मिलाई गाउनुहोस् :



## गरौँ मिली हिसाब

पढाइ लेखाइ गरौँला
चित्रमा रङ भरौँला
कापीकिताब यता छ
चित्रपाटी कता छ ?

कापीकिताब झिकौँला
चित्र कोर्न सिकौँला
जोडघटाउ गर्ने हो
गुणन सिक्नु पर्ने हो ।

आज हाम्रो नाच छ
पर्सि फेरि जाँच छ
लौ निकाल किताब
गरौँ मिली हिसाब ।

### २. चित्र हेरी वर्णन गर्नुहोस् :



## ३. तलका शब्दहरू पढ्नुहोस् र लेख्नुहोस् :

चल्ला ..................................... डमरु .....................................

छाउरो ..................................... बचेरा .....................................

पाठो ..................................... सुख .....................................

दुःख ..................................... मिहिनेती .....................................

पछि ..................................... अघि .....................................

## ४. पढ्नुहोस् र छुट्याएर लेख्नुहोस् :

कोइली → को | इ | ली

मयूर → [ ] [ ] [ ]

ढुकुर → [ ] [ ] [ ]

जुरेली → [ ] [ ] [ ]

## ५. को कहाँ बस्छन्, लेख्नुहोस् :

गँगटो, सर्प, छेपारो, भ्यागुतो, गोही, लोखर्के, माकुरो, भँगेरो, सुगा, काग, कोइली, मयूर, ढुकुर, जुरेली, चिल, गिद्ध, परेवा, माछा

वनमा बस्ने : .....................................................................................................

.....................................................................................................

पानीमा बस्ने : .....................................................................................................

.....................................................................................................

## ६. छिटो छिटो पढ्नुहोस् :




## ७. खाली ठाउँमा मिल्ने वाक्य लेख्नुहोस् :

(अनिस दाइको बिहेको तयारी भइरहेको छ । मिर्मी गाउँमा जन्त जाने हो । आज शनिबार हो नि त । बिहेमा जन्त जानुपर्छ ।)

अनिसा : आमा ! पल्लो घरमा के भइरहेको छ ?

आमा : ...............................................................................

अनिसा : कसको बिहे हो ?

आमा : ...............................................................................

अनिसा : जन्ती कहाँ लैजाने हो ?

आमा : ...............................................................................

अनिसा : आज म विद्यालय जाऊँ कि बिहेमा ?

आमा : ...............................................................................

अनिसा : विद्यालयमा बिदा लिएको छैन मैले । अब के गर्नु ?

आमा : ...............................................................................

अनिसा : हा हा हा ....... ! हुस्सु म ।

## ८. लय मिलाई पढ्नुहोस् र रातो रङ लगाएका शब्द चिन्नुहोस् :

### तबेलामा घोडा

बाघ बस्ने ओडारमा चरो गुँडमा
म त बस्छु घरमा मुसो दुलामा
खरायो त वनमा गाई गोठमा
तबेलामा घोडा छ बाख्रो खोरमा ।



हात्ती बस्छ रमाई हात्तीसारमा
गुँडमा चरी गाउँछ मिठो स्वरमा
टन्न अन्न फलाइन्छ मल हालेर
दही दुध खाइन्छ गाई पालेर ।

## ९. जोडा मिलाउनुहोस् :


| | |
|---|---|
| समूह | खुर्सानी वा मरिचको स्वाद |
| सहयोग | हुल |
| पिरो | सँगै रहनु |
| अमिलो | मदत |
| साथ | निबुवा वा कागतीको स्वाद |

## १०. छिटो छिटो पढ्नुहोस् :



## ११. पढ्नुहोस् र उत्तर भन्नुहोस् :

### बाघले मलाई देखेको भए !



कालो पाठाले सेतो पाठीलाई बोलायो । उनीहरूले बाख्राको दुध खाए । तारी बाच्छीले माले बाच्छालाई डाक्यो । उनीहरूले डोकाको घाँस खाए । ठुलो पाडाले सानी पाडीलाई बोलायो । उनीहरूले भाँडाको खोले खाए । पाड्ग्रेले छाउरालाई डाक्यो । उनीहरूले दुधभात खाए । त्यसपछि सबै जङ्गलतिर गए । बाख्राको पाठो निकै फुर्तिलो थियो । ऊ उफ्रँदै धेरै परसम्म पुग्यो । त्यहाँ उसले हात्तीको छावा देख्यो । बाघको डमरु देख्यो । रुखको हाँगामा चराका बचेरा देख्यो । बचेरालाई देखेर ऊ रमायो । अचानक उसले बाघ कराएको सुन्यो । ऊ त्यहाँबाट लुसुक्क भाग्यो । उसले मनमनै सोच्यो, 'धन्न बाँचेँ । त्यस बाघले मलाई देखेको भए ... !'

(क) ककसले दुध खाए ?

(ख) पाडापाडीले के खाए ?

(ग) पाठो कसरी परसम्म पुग्यो ?

(घ) बचेरालाई देखेर को रमायो ?

(ङ) पाठो बाघलाई देखेर किन भाग्यो ?

## १२. शब्द प्रयोग गरी एक एक वाक्य लेख्नुहोस् :

छावा : हात्तीको बच्चालाई छावा भनिन्छ ।

बेखुसी : ..........

फुर्तिलो : ..........

पाडी : ..........

## १३. शब्द शब्द छुट्याएर लेख्नुहोस् :

(क) टोलकासबैजम्माभए । टोलका सबै जम्मा भए ।

(ख) माथिल्लोगाउँमाभेलाछ । ..........................................

(ग) पल्लोपाखामावनछ । ..........................................

(घ) चौतारामाबरपिपलछन् । ..........................................

## १४. अङ्क, वासस्थान र खानेकुरा जनाउने तलका शब्दलाई छुट्टाछुट्टै तालिकामा लेख्नुहोस् :

खिर, जाउलो, लिटो, बाह्र, पन्ध्र, उन्नाइस, गुँड, गुफा, ओडार, दुलो, चौध, सोर, अठार, घर, दाल, भात, तरकारी, रोटी, ढिँडो, गोठ, सत्ताइस, तेर, खोर, तबेला, खिचडी, सातु

| अङ्क | वासस्थान | खानेकुरा |
|---|---|---|
| तेर | घर | खिर |

## १५. खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

(क) बहिनी आई । दाइ .......................... ।

(ख) म आएँ । तँ .......................... ।

(ग) केटो आयो । केटाहरू .......................... ।

(घ) तिमी आयौ । तपाईं .......................... ।

## १६. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### चराको जुक्ति



कोइलीले गीत गायो । मयूर नाच्न थाल्यो । मयूरसँगै जुरेली पनि नाच्यो । मयूर र जुरेली नाचेको कागले देख्यो । उसले सुगालाई बोलायो । सुगाले गुँडबाट बाहिर चिहायो । उसलाई नाच मन पऱ्यो । सुगाले थपडी बजायो । त्यो सुनेर परेवा र ढुकुर पनि आए । उनीहरू पनि नाच्न थाले । आकाशबाट चिलले धेरै चरा देख्यो । चिल छेउको रुखका टुप्पामा आई बस्यो । चिललाई भँगेराले देख्यो । उसले सबैलाई खबर गऱ्यो । मयूर र जुरेली भित्तामा लुके । सुगा गुँडभित्र पस्यो । कागले रुखको फेदमा सुतेको गिद्धलाई उठायो । गिद्धले चिललाई भगायो । चिल डाँडामाथि उड्यो । उसलाई चिसो भयो । गिद्ध तराईतिर झऱ्यो । उसलाई तातो भयो । कागले सबै चरालाई बोलायो । हाँगामा गुँड बनाउन बोक्रा राख्यो । त्यसमाथि सालका चिल्ला पात ओछ्यायो । पातमाथि चरा सुते । आहा ! कति राम्रो चराको ओछ्यान ।

(क) कसले गुँडबाट चिहायो ?

.......................................................................................................

(ख) चिललाई कसले भगायो ?

.......................................................................................................

(ग) गिद्धलाई किन तातो भयो ?

.......................................................................................................

(घ) कागले ओछ्यान कसरी बनायो ?

.......................................................................................................

## १७. शब्द पढेर साथीलाई सुनाउनुहोस् :

ढिँडो गजुर

खिचडी मन्दिर

जाउलो गुम्बा

लिटो मस्जिद

सातु विहार

बान्ता पखाला घाउ खटिरा बिरामी

## १८. साहिलले जस्तै गरी आफ्ना बारेमा लेख्नुहोस् :

मेरो नाम साहिल हो । म दुई कक्षामा पढ्छु । मेरो घर महेन्द्रनगरमा छ । मेरो विद्यालयको नाम महाकाली आधारभूत विद्यालय हो । हाम्रो कक्षामा पच्चिस जना विद्यार्थी छौँ । हामी सबै जना मिलेर बस्छौँ ।

........................................................................................................................................

........................................................................................................................................

........................................................................................................................................

........................................................................................................................................

........................................................................................................................................

## १९. खाली ठाउँमा मिल्ने शब्द भरी कापीमा कविता सार्नुहोस् :

| म्याउँम्याउँ | चीँचीँ | घ्वाङघ्वाङ | बाँबाँ | म्याँम्याँ | काँकाँ |
|---|---|---|---|---|---|

बिरालो गर्छ .................. दुध खोजी खाऊँ
मुसो गर्छ .................. दुलाभित्र जाऊँ ।
कुकुर भुक्छ .................. घर घुमी आऊँ
बाछो गर्छ .................. घाँस पराल खाऊँ ।
पाठो गर्छ .................. नाची खेली गाऊँ
काग गर्छ .................. खबर बुझी आऊँ ।

## २०. खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् :

(क) जङ्गलमा बाघहरू ........................................ । (हुन्छ, हुन्छन्)

(ख) गुँडबाट एउटा परेवा .................................... । (उड्छ, उड्छन्)

(ग) गाईले दुध ........................................................... । (दिन्छ, दिन्छन्)

(घ) केटाहरूले धेरै .................................................. । (पढ्छ, पढ्छन्)

## २१. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) तपाईंले आज बिहान के के खानुभयो ?

..................................................................................................................................

(ख) छुट्टी भएपछि तपाईं के गर्नुहुन्छ ?

..................................................................................................................................

(ग) खेलमा पहिलो भएर पुरस्कार पाउनुभयो भने तपाईं के गर्नुहुन्छ ?

..................................................................................................................................

## २२. तपाईंको समुदायका बारेमा एक अनुच्छेद कापीमा लेखेर देखाउनुहोस् ।

## ३. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) पाठ सुनेर स्वाद र रङ बुझाउने शब्द लेख्नुहोस् :**

अङ्गुर साथीहरूसँग सहरतिर घुम्न गयो । उनीहरूले फरक फरक रङका लुगा लगाएका थिए । आँप र केराले पहेँलो सर्ट लगाएका थिए । अम्बाले हरियो जामा लगाएकी थिई । स्याउ र अनारले राता लुगा लगाएका थिए । नासपातीले खैरो लुगा लगाएको थियो । सहरमा पुगेर उनीहरूले गुलियो मिठाई खाए । नुनिलो समोसा खाए । टर्रो अमला खाए । अमिलो र पिरो अचार खाए । करेलाको तितो अचार पनि खाए । सहर घुमेपछि अङ्गुर साथीहरूसँगै घरतिर हिँड्यो ।

| | | | | |
|---|---|---|---|---|
| रङ | ............... | ............... | ............... | ............... |
| स्वाद | ............... | ............... | ............... | ............... |

**(ख) खाली ठाउँमा मिल्ने वर्ण राखेर शब्द बनाउनुहोस् :**

क घ ड प ब म गु चु झु हु डु भु

......सी ......सी ......सी ......सी ......सी ......सी

......लियो ......लियो ......लियो ......लियो ......लियो ......लियो

**(ग) शब्द पढ्नुहोस् र वाक्य बनाई भन्नुहोस् :** पिर्का, खोर, ओडार, मैदान, लोखर्के

**(घ) तीन तीनओटा नाम लेख्नुहोस् :**

| वनमा बस्ने | घरमा बस्ने | पानीमा बस्ने |
|---|---|---|
| ........................................ | ........................................ | ........................................ |
| ........................................ | ........................................ | ........................................ |
| ........................................ | ........................................ | ........................................ |

**(ङ) खाली ठाउँमा मिल्ने शब्द छानी लेख्नुहोस् :**

(अ) भाइ र बहिनी .............................................. । (आउँछ, आउँछन्, आउनुहुन्छ)

(आ) हजुरआमा खाजा ...................................... । (खान्छ, खान्छन्, खानुहुन्छ)

(इ) रतन विद्यालय .............................................. । (जान्छे, जान्छन्, जानुहुन्छ)

(ई) ठुलोबुबा पुस्तक ......................................... । (पढ्छ, पढ्छन्, पढ्नुहुन्छ)

**(च) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

रमिला, कृति, सोनम, कृष्ण र फुर्बा आए । आमा, बुबा, काका र काकीलाई पनि बोलाए । दाल, साग, दही, चामल र अरू खानेकुरा बोके । वनछेउको ठुलो मैदानमा पुगे । मैदानको एकछेउमा सबै सामान राखे । रमिलाले तरकारी काटी । कृतिले बाल्टीमा पानी ल्याई । काकाकाकीले अगेनो बनाएर आगो बाल्नुभयो । कृष्णाले प्रेसर कुकरमा चामल भिजायो । सोनमले अगेनामाथि भाँडो बसाली । फुर्बाले भाँडाकुँडा मिलायो । आमाबुबाले मिठा मिठा खानेकुरा पकाउनुभयो । सबैले मिठो मानेर खाए । त्यसपछि उनीहरूले रमाइलो गरे । आमा र बुबाले गीत गाउनुभयो । सोनमले मादल बजाई । काकाले गितार बजाउनुभयो । काकीले मुरली बजाउनुभयो । फुर्बाले डम्फु बजायो । कृति र कृष्ण कम्मर मर्काई मर्काई नाचे । साँझ परेपछि सबै रमाउँदै घर फर्के ।

(अ) को को वनभोज खान गए ?

..............................................................................................................................

(आ) किन काकाकाकीले अगेनो बनाउनुभयो ?

..............................................................................................................................

(इ) तपाईँहरू पनि वनभोज जानुभएको छ ? जानुभएको भए त्यहाँ के के गर्नुभयो ?

..............................................................................................................................

..............................................................................................................................

**(छ) मिल्ने पदावली प्रयोग गरेर पूरा कविता लेख्नुहोस् :**

बाख्रो खोरमा, गाई गोठमा, मुसो दुलामा, चरो गुँडमा

बाघ बस्ने ओडार .................................... म त बस्छु घरमा ....................................

खरायो त वनमा छ .................................... तबेलामा घोडा छ ....................................

**(ज) आफ्ना छिमेकीका बारेमा तीन वाक्य लेख्नुहोस् :**

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

शिक्षकको हस्ताक्षर : .............                अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# मेरो विद्यालय

## पाठ ७

### १. लय मिलाई गाउनुहोस् :

#### विद्यालय जाउँला

धाराको पानी ल्याएर
हात मुख धोएर
स्वादिलो खाना खाउँला
विद्यालय जाउँला ।

काँधमा झोला बोकेर
खुट्टामा जुत्ता लाएर
मुखले गीत गाउँला
विद्यालय जाउँला ।



साथी र भाइ कस्ता छन्
नङ र मासु जस्ता छन्
तीसँग खेल्न पाउँला
विद्यालय जाउँला ।

जोर र बिजोर गनेर
हिसाबकिताब भनेर
स्याबासी धेरै पाउँला
विद्यालय जाउँला ।

### २. तपाईंको कक्षामा पढाइ हुने विषय र पढाउने शिक्षकको नाम भन्नुहोस् ।

## ३. पढ्नुहोस् र छुट्याएर लेख्नुहोस् :

आदेश → आ | दे | श


नमिठो → ☐ | ☐ | ☐

अचेत → ☐ | ☐ | ☐

विदेश → ☐ | ☐ | ☐

## ४. सुन्नुहोस् र उत्तर भन्नुहोस् :

### नुमा उठिन्



नुमा खेल्दै थिइन् । उनी खेल्दाखेल्दै लडिन् । उनलाई नमिठो लाग्यो । उनले 'आमा' भनेर बोलाइन् । आमा बोल्नुभएन । उनलाई नमज्जा पनि लाग्यो । उनका आँखा तिरिमिरी भए । बेहोस भइएला जस्तो भयो । त्यसपछि त नुमालाई धेरै नरमाइलो लाग्यो । उनी फेरि चिच्याइन् तर कसैले सुनेन । भाइले सुनेर पनि अटेर गरेको हो कि ? उनले यस्तै सोचिन् । एकछिन भुइँमा लडिरहिन् । लामो सास फेरिन् । नुमाले उठ्ने कोसिस गरिन् । केही बेरपछि उनी जुरुक्क उठिन् । नुमाले बाहिरतिर हेरिन् । आमा र भाइ त परबाट आउँदै हुनुहुँदो रहेछ । घरमा नभएर पो नबोल्नुभएको रहेछ ।

(क) को लड्यो ?

(ख) नुमा के गर्दा उठ्न सकिन् ?

(ग) नुमालाई किन नरमाइलो लाग्यो ?


(घ) नुमा जस्तै तपाईं पनि लड्नुभयो भने के के गर्नुहुन्छ ?

## ५. तलका क्रियाकलाप गर्नुहोस् :

(क) अगाडिको वर्ण झिकी नयाँ शब्द लेख्नुहोस् र पढ्नुहोस् :


| | | |
|---|---|---|
| आदेश | बिजोर | नमिठो |
| ....देश.... | .................... | .................... |
| सुयोग | प्रकार | अचेत |
| .................... | .................... | .................... |

(ख) वर्ण जोडेर शब्द बनाउनुहोस् :




| | | | |
|---|---|---|---|
| .... हवन.... | .................... | .................... | .................... |
| .................... | .................... | .................... | .................... |

## ६. पढ्नुहोस् र छुट्याएर लेख्नुहोस् :



## ७. चित्रमा जस्तै तपाईँको विद्यालय छेउको गाउँमा आगो लागे तपाईँ के गर्नुहुन्छ, भन्नुहोस् :



## ८. खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

(क) म विद्यार्थी ...................................... । (हुँ, होस्)

(ख) शिक्षकले हामीलाई ...................................... । (पढायो, पढाउनुहुन्छ)

(ग) तिमी किताब झोलामा ...................................... । (राख, राख्नुहोस्)

(घ) तपाईँले मेरो कथाको किताब ...................................... ? (देख्नुभयो, देख्यौ)

## ९. घडी हेरेर छिटो छिटो पढ्नुहोस् :

(क)

बडा दसैँ, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइलाई हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

वेदकोट नगरपालिका, कञ्चनपुर

(ख) जागी जाती | जारी जाली | ठान थान | ताप टाप | धाक ढाक

तीन टिन | ढक धक | तातो टाटो | टुना तुना | दिल डिल



## १०. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### पवनको भवन



पवनले नयाँ भवन बनाए । भवन राम्रो थियो । जीवन र धवन पवनको घर गए । पवनको भवन देखेपछि उनीहरू दङ्ग परे । जीवनले पवनलाई घर राम्रो छ भने । पवन मक्ख परे । जीवनले पवनलाई घर पूजा गर्न भनी सल्लाह दिए । पवनले घरको पूजा गर्ने भए । पवनले पूजाका दिन सबै नातेदारलाई बोलाए । पूजाका लागि सरसामान जुटाए । बिहानै उठेर नुहाधुवाइ गरे । आफ्नो घरमा पूजा गरे । पूजा सकिएपछि सबैले पूजाको प्रसाद खाए । सबै जना खुसी भए ।

(क) पवनको घर देखेर को को दङ्ग परे ?

.............................................................................................................................

(ख) पूजाका लागि पवनले के के गरे ?

.............................................................................................................................

(ग) तपाईँलाई पूजाको दिन कस्तो लाग्छ ?

.............................................................................................................................

११. तपाईँ आज विद्यालय आउँदा देखेका कुरा कक्षामा सुनाउनुहोस् ।

१२. तलको तालिकाबाट मिल्ने वाक्य बनाई लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| पाडो | | | १. ........................................ |
| पाडाहरू | | दौडियो । | २. ........................................ |
| पाठो | चउरमा | दौडिए । | ३. ........................................ |
| पाठाहरू | | | ४. ........................................ |

१३. मिल्ने वर्ण जोडी दशओटा शब्दमा घेरा लगाउनुहोस् र लेख्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| र | मा | इ | लो | का | पा |
| क | दा | थ | टा | ग | न |
| चि | धि | न | जा | ती | ङ |
| म्टा | ज्जा | नि | वि | आ | बे |
| म | ह | को | ऐ | हा | का |
| न्या | ल | ट | आ | हा | र |
| ट | डो | प | औ | झ | क |

ननिको .................. .................. .................. .................. .................. .................. ..................

.................. .................. .................. .................. .................. .................. ..................

## १४. शिक्षकको सहयोग लिई सही शब्द लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| आदेस आदेश | नमिठो नमिटो | भवन भबन | अचेत अचेट |
| ............................ | ............................ | ............................ | ............................ |
| बिदेश विदेश | प्रकार परकार | अवन हवन | सिवन सेवन |
| ............................ | ............................ | ............................ | ............................ |

## १५. उदाहरणमा जस्तै गरी लेख्नुहोस् :

जस्तै : बन्छन् = बन्छन्

| | |
|---|---|
| भन्छन् ........................................ | जान्छन् ........................................ |
| हान्छन् ........................................ | खान्छन् ........................................ |
| तान्छन् ........................................ | गन्छन् ........................................ |

## १६. पालैपालो पढ्नुहोस् :

### कति जाती



रीति : तिमी बेकारमा किन मसित रिसाएको रिवाज ?

रिवाज : मेरो खाजा कता लुकायौ ?

रीति : खाजा हो र ? आहारा होइन ?

रिवाज : आहारा त कुखुरा र हाँसलाई पो दिइन्छ । म कुखुरो हो र ?

रीति : अनुहार नबिगार न । नराम्रो देखिन्छ क्या । म नजाती होइन नि । तिमीलाई विहार डुलाउन लैजान्छु । त्यही भएर तिम्रो खाजा मेरो झोलामा बोकेकी छु । नपत्याए हेर त ।

रिवाज : धन्यवाद रीति । तिमीलाई नजाती भनेको त कति जाती रहिछौ ।

रीति : ल ठिक छ । छिटो तयार होऊ ।

### १७. साथीसँग छलफल गरी भन्नुहोस् :

एउटा पसलमा कागती र कुरिलो थिए । कागतीले ग्राहकलाई भन्यो, "मलाई किन्नुहोस्, तपाईँ निरोगी हुनुहुन्छ ।" कुरिलाले भन्यो, "एक कचौरा झोल बनाएर मलाई खानुहोस् । तपाईँ बलियो हुनुहुन्छ ।" ग्राहकले के किने होलान् ?

### १८. उल्टो अर्थ दिने शब्द लेख्नुहोस् :

जस्तै : अग्लो = होचो

ठाडो .................... धेरै .................... उकालो .................... घुमाउरो ....................

### १९. बुधियाले लेखे जस्तै गरी तपाईँले आफ्ना बारेमा लेख्नुहोस् :

मेरो नाम बुधिया हो । म पोहोर एक कक्षामा पढ्थेँ । मैले 'मेरो नेपाली' किताब पढेँ । मैले लेख्न सिकेँ । मैले 'मेरो गणित' किताब पढेँ । 'हाम्रो सेरोफेरो' किताबबाट धेरै कुरा सिकेँ । मैले 'मेरो अङ्ग्रेजी' किताब पढेँ । अङ्ग्रेजीमा पढ्न र बोल्न जानेँ । अर्को वर्ष म तीन कक्षामा पढ्ने छु ।

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

### २०. हामीले कक्षाकोठा सफा राख्न के के गर्नुपर्छ, कापीमा लेख्नुहोस् ।

## पाठ ८

**१. लय मिलाई गाउनुहोस् :**

# दिदी र बहिनी



उज्यालो बत्ती बालेर झ्यालमा पर्दा हालेर
किताब दिइन् दिदीले पढ्छु भनिन् बहिनीले ।

शिक्षक जस्ती बनेर पढ त हेरूँ भनेर
किताब दिइन् दिदीले हातमा बोकिन् बहिनीले ।

हँसिलो मुख खोलेर चरी झैँ मिठो बोलेर
लय र भाका मिलाई कविता पढिन् बहिनीले ।

बहिनीको रुचि बुझेर किताब कापी टिपेर
मिलाउन थालिन् दिदीले झोलामा हालिन् बहिनीले ।

दिदी र बहिनी साथमा बोकेर पुस्तक हातमा
डुबेर पाठ पाठमा बसेछन् सँगै खाटमा ।

## २. चित्र हेरी वर्णन गर्नुहोस् :



## ३. जोडेर भन्नुहोस् र लेख्नुहोस् :

स + न्दे + श → सन्देश

कु + रु + वा → ____

क + टु + स → ____

प्र + दे + श → ____

## ४. पढ्नुहोस् र उत्तर भन्नुहोस् :

### अब म के गरूँ ?

विद्यालयछेउमा वन छ । वनमा कटुसको रुख छ । वनछेउमा सहर छ । पवन, कमल र लखन कटुस टिप्न गए । लखन सधैँ झैँ दौडियो । किन दौडेको होला ? ओहो ! आज त हरि पनि दौडियो त । यिनीहरू पक्कै लड्छन् होला । अब म के गरूँ ? यिनीहरूलाई रोक्नै पर्‍यो । "ए लखन ! ए हरि ! नदौड त ।" म कराएँ । हरि र लखन उभिए । मैले उनीहरूलाई भेट्टाएँ । मैले उनीहरूलाई दौडिनु हुँदैन भनी सम्झाएँ । हामी सबै सँगै गयौँ ।



(क) सहर कहाँ छ ?

(ख) को को कटुस टिप्न गए ?

(ग) हरि र लखन किन उभिए ?

## ५. खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| सुगन्ध | बेकार | बेहोस | आहार | ननिको | कुरूप |
| अटेर | बिछोड | सबल | नजाती | नरमाइलो | |

फूलको .................. पनि मलाई .................. लाग्यो । .................. पार्ने र .................. नहुने फूल .................. हुन्छ । .................. फूल र ..................मानिससँग.................. हुनु राम्रो हो । म .................. छु । .................. र .................. कुरा सुन्न नपरोस् ।

## ६. तालिकामा जस्तै गरी वाक्य बनाउनुहोस् :

| प्रचलित शब्द | शब्दमा पहिलो ध्वनि परिवर्तन गरेपछि बन्ने शब्द | प्रयोग |
|---|---|---|
| कलम | मलम | १. म कलमले लेख्छु ।<br>२. म घाउमा मलम लगाउँछु । |
| हाँस | बाँस | १. ................................................<br>२. ................................................ |
| स्याल | न्याल | १. ................................................<br>२. ................................................ |
| तुनो | दुनो | १. ................................................<br>२. ................................................ |
| काम | घाम | १. ................................................<br>२. ................................................ |
| खाएन | पाएन | १. ................................................<br>२. ................................................ |
| पढेन | चढेन | १. ................................................<br>२. ................................................ |
| धाएर | गाएर | १. ................................................<br>२. ................................................ |

## ७. शब्दहरूलाई उदाहरणमा दिइएअनुसार लेख्नुहोस् :

कानुन, कालिका, कुबाटो, गोठालो, गोहोरो, काफल, कागती, कुरिलो, कचौरा, आकाश, आवाज, आहार, स्वदेश, उपदेश, विदेश, प्रदेश, सन्देश, कमल, कुरुवा, कटुस, कदर, अचेल, अचेत, पवन, धावन, भवन, जीवन, सेवन, हवन

अबाट सुरु भएका शब्द : अचेल, ........................................

आबाट सुरु भएका शब्द : आकाश, ........................................

'क' वर्णबाट सुरु भएका शब्द : कानुन, ........................................

गोबाट सुरु भएका शब्द : गोठालो, ........................................

देश प्रयोग भएका शब्द : उपदेश, ........................................

अन्त्यमा 'वन' प्रयोग भएका शब्दः हवन, ........................................

## ८. शब्दको क्रम मिलाई वाक्य भन्नुहोस् र लेख्नुहोस् :

| | |
|---|---|
| (क) कक्षामा छ भाइ । | (क) ........भाइ कक्षामा छ ।.......... |
| (ख) लाक्पाले लेख्यो कविता । | (ख) ........................................ |
| (ग) मैले गाएँ गीत । | (ग) ........................................ |
| (घ) विद्यालय गइन् बहिनी । | (घ) ........................................ |
| (ङ) किताब राख झोलामा । | (ङ) ........................................ |

## ९. उल्टो अर्थ दिने शब्द लेख्नुहोस् :

जस्तै : ओसिलो = पारिलो

भित्र .................. चिसो .................. लामो .................. सफा ..................

## १०. बिचका वर्ण झिकी शब्द भन्नुहोस् र लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| सहर | कमल | कुरुवा | कटुस | कदर |
| कानुन | कालिका | कुबाटो | गोठालो | गोहोरो |
| चामल | जमिन | मालिस | काफल | कागती |
| पसल | कुरिलो | बाजुरा | कचौरा | शीतल |

................................ ................................ ................................ ................................

................................ ................................ ................................ ................................

................................ ................................ ................................ ................................

................................ ................................ ................................ ................................

................................ ................................ ................................ ................................

## ११. शब्द शब्द छुट्याएर वाक्य लेख्नुहोस् :

(क) सुजनभित्रगयो । ....... सुजन भित्र गयो । ........

(ख) रमिलालेकथालेखी । ..........................................................................................

(ग) आमारबुबालेगीतगाउनुभयो । ..........................................................................................

(घ) मविद्यालयगएँ । ..........................................................................................


(ङ) दराजबाटकिताबनिकाल । ..........................................................................................

## १२. पढ्नुहोस् र लेख्नुहोस् :

# चलाख ढुकुर

एउटा गाउँमा चलाख ढुकुर थियो । त्यहाँ अनौठो बिरालो पनि थियो । बिरालो सधैँ पूजा गरेर मात्र मुसा खान्थ्यो । उसले गाउँभरिका मुसा खायो । गाउँले बिरालासँग खुसी भए । एक दिन बिरालालाई नयाँ स्वाद लिन मन लाग्यो । बिरालाले एउटा ढुकुरलाई समात्यो । ढुकुरले एकैछिन सोचेर भन्यो, "बिराला दाइ ! तपाईँले त पूजा गरेर मात्र खाना खाने गर्नुभएको छ हैन ? पूजा गर्नुभयो ? पहिले पूजा गर्नुहोस्, अनि मलाई खानुहोला ।" बिरालो झल्याँस्स भयो । ऊ पूजा गर्न घरतिर गयो । मौका छोपी ढुकुर भुर्र उड्यो । ढुकुरले चलाखीका साथ आफ्नो ज्यान जोगायो । बिरालो जिल्ल पर्‍यो ।

## १३. तल दिइएका शब्दको सुरुमा वर्ण जोडी शब्द बनाउनुहोस् :




## १४. पढ्नुहोस् :

| | | | |
|---|---|---|---|
| ३१– एकतिस | ३२–बत्तिस | ३३– तेत्तिस | ३४–चौँतिस |
| ३५– पैँतिस | ३६– छत्तिस | ३७– सैँतिस | ३८– अठतिस |
| ३९– उनन्चालिस | ४०– चालिस | ४१– एकचालिस | ४२– बयालिस |
| ४३– त्रिचालिस | ४४– चवालिस | ४५– पैँतालिस | ४६– छयालिस |
| ४७– सतचालिस | ४८– अठचालिस | ४९- उनन्चास | ५०– पचास |

## १५. तपाईंको विद्यालयका बारेमा पाँच वाक्यमा वर्णन गर्नुहोस् :

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................


## १६. बिरालाका ठाउँमा चितुवा राखेर ‘चलाख ढुकुर’ पाठ कापीमा लेख्नुहोस् :

## ४. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) सुरुको वर्ण झिकी नयाँ शब्द लेख्नुहोस् र पढ्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| कानुन | विहार | चामल | प्रदेश | उकालो | नगर |
| .................... | .................... | .................... | .................... | .................... | .................... |

**(ख) पहिलो वर्ण जोडेर शब्द लेख्नुहोस् :**




..........................................................

..........................................................

..........................................................

..........................................................

**(ग) शब्द पढ्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

बिछोड, सहर, उपदेश, तिहार

**(घ) सुन्नुहोस् र उत्तर भन्नुहोस् :**

राधिका दिदी सहरमा जानुभयो । उहाँले सहरमा नै पढ्नुभयो । उहाँका धेरै साथी थिए । उहाँका केही साथी विदेशका थिए । केही साथी स्वदेशका थिए । पवन, जीवन र आकाश सहरका साथी थिए । एक दिन उनीहरू जम्मा भए । एउटा साथीले कचौरामा काफल ल्याएछन् । सबै जनाले रमाइलो मानेर काफल खाए । चिसो पानी पिए । आफूले बोकी ल्याएका खाजा बाँडेर खाए । घर जाने बेलामा साथी साथी छुट्टिँदा सबैले नरमाइलो माने । फेरि भेट्ने सल्लाह गरी सबै घर फर्के ।

(अ) कसले सहरमा पढ्नुभयो ?

(आ) सबैले के गरी खाजा खाए ?

(इ) सबैले किन नरमाइलो मानेका होलान् ?

**(ङ) खाली ठाउँमा मिल्ने शब्द छानी लेख्नुहोस् :**

(अ) घरमा मामा .................................... । (आयो, आइन्, आउनुभयो)

(आ) बहिनीले चङ्गा .......................... । (उडायो, उडाइन्, उडाउनुभयो)

(इ) भाइले कविता ................................ । (पढ्यो, पढिन्, पढ्नुभयो)

**(च) शब्दको क्रम मिलाई वाक्य लेख्नुहोस् :**

(अ) हो मेरो बुधिया नाम । .................................................................................. ।

(आ) 'मेरो नेपाली' किताब पढैँ मैले । ........................................................ ।

(इ) हुनुभयो खुसी आमा । ...................................................................................।

**(छ) बिचको वर्ण उस्तै भएको शब्द समूह हेरी जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| आदेश | कालिका, मालिका, तालिका |
| जीवन | प्रकार, डकार, खकार |
| पालिका | प्रदेश, सन्देश, विदेश |
| आकार | पवन, सेवन, हवन |

**(ज) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

आज गुरुले आहार विहारका बारेमा पढाउनुभयो । आहार भनेको खाना हो । विहार भनेको हिँड्डुल हो । हामीले ताजा खानेकुरा खानुपर्छ । ताजा सागपात र फलफूल खाएमा मानिस निरोगी हुन्छन् । हामीले अरूलाई भलो हुने काम गर्नुपर्छ । यसरी राम्रो काम गर्नेलाई सबैले मन पराउँछन् ।

(अ) विहार भनेको के हो ?

..........................................................................................................................

(आ) मानिस कसरी निरोगी हुन्छन् ?

..........................................................................................................................

(इ) माथिको अनुच्छेदमा प्रयोग भएका पहिलो वर्ण आ, वि, नि, फ, ता बाट सुरु भएका शब्द खोजी लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| आ.................. | आ.................. | वि.................. | मा .................. | खा .................. |
| नि.................. | भ .................. | फ.................. | का .................. | ता .................. |

**(झ) कक्षाकोठामा भएका तपाईँलाई मन पर्ने कुनै तीनओटा कुरा लेख्नुहोस् :**

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

शिक्षकको हस्ताक्षर : .............        अभिभावकको हस्ताक्षर : ................

विषयक्षेत्र

# हाम्रो वातावरण

## पाठ ९

### १. लय मिलाई गाउनुहोस् :



**स्वस्थ जीवन**

जूनसँग खेल्न जाऔँ साथी आऊ न
मुरलीको धुनसँगै गीत गाऊ न ।
हावा चल्यो सिरिरिरी कस्तो शीतल
खोला बग्यो तलतिर गर्दै कलकल ।
धुँवाधुलो कतै छैन कति आनन्द
देखिँदै छ सेतो हिमाल कति सुन्दर ।
हावा, पानी, माटो सफा कस्तो मिलन
वातावरण स्वच्छ भए स्वस्थ जीवन ।

### २. चित्र हेरी वर्णन गर्नुहोस् :



३. तलको तालिका हेर्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

बुटवल बसपार्क

| जाने ठाउँ | छुट्ने समय | जान सक्ने यात्रु सङ्ख्या |
|---|---|---|
| लुम्बिनी | बिहान ५, ६ र ७ बजे | ३० जना (माइक्रोबस तीनओटा) |
| पाल्पा | बिहान ५, ६ र ७ बजे | ३० जना (माइक्रोबस तीनओटा) |
| पोखरा | बिहान ८ र ९ बजे | २५ जनाका दरले जम्मा ५० जना (बस दुईओटा) |
| दाङ | बिहान ६, ७ र ८ बजे | ३० जना (माइक्रोबस तीनओटा) |
| काठमाडौँ | बिहान ५ र ७ बजे | २५ जनाका दरले जम्मा ५० जना (बस दुईओटा) |
| धनगढी | बिहान ६ बजे | ३० जना (बस एउटा) |
| विराटनगर | बिहान ५:३० बजे | ३० जना (बस एउटा) |

(क) धनगढी जाने बस कति बजे छुट्छ ?

(ख) पोखरा जान कति जनाले टिकट काट्न सक्दा रहेछन् ?

(ग) बुटवलबाट कहाँ कहाँ माइक्रोबस चल्दो रहेछ ?

(घ) दाङ जाने मानिसले ६ बजेको माइक्रोबस छुट्यो भने के गर्छन् होला ?

४. तलका शब्दहरू पढ्नुहोस् र लेख्नुहोस् :

रायो ..............................  हरायो ..............................

गन ..............................  गगन ..............................

जब ..............................  गजब ..............................

निलो ..............................  गुनिलो ..............................

लियो ..............................  गुलियो ..............................

कृति ..............................  आकृति ..............................

## ५. खाली ठाउँमा सही शब्द लेखी वाक्य बनाउनुहोस् :

(क) गगनका खरायोहरू .................................................. । (गन, खन)

(ख) भाइले गुलियो मिठाई .................................................. । (लियो, पियो)

(ग) रायोको साग .................................................. । (करायो, हरायो)

(घ) .................................................. र कृति साथी हुन् । (आकृति, विकृति)

## ६. पढ्नुहोस् र उत्तर भन्नुहोस् :

### आहा ! कस्तो मज्जा



हिजो हाम्रो घरमा लखन र आकृति आए । हामी वृद्धाश्रम नजिकैको मन्दिरमा डुल्न गयौँ । मन्दिरछेउमा बुढाबुढी बसिरहेका थिए । हामीलाई उहाँहरूले बोलाउनुभयो । मलाई उहाँहरू हजुरबुबा र हजुरआमा जस्तै लाग्यो । मैले भनेँ, "हजुरहरूले हामीलाई किन बोलाउनुभयो ?" "आऊ न गफ गरौँ ।" उहाँहरूले भन्नुभयो । हामीले हजुरबुबा र हजुरआमासँग धेरैबेर कुराकानी गऱ्यौँ । हामीलाई भोक लाग्यो । हामीले खाजा बोकेका थियौँ । मैले इनारबाट पानी झिकेँ । सबैले हातमुख धोयौँ । खाजा खायौँ । त्यसपछि हामी लखन र आकृतिसँग दोकानमा गयौँ । हामीसँग भएको पैसाले चिउरा, चामल र दुध किन्यौँ । काफल र गहत पनि किन्यौँ । हजुरबुबा र हजुरआमालाई सबै सामान दियौँ । त्यसपछि पोखरीछेउमा जम्मा भयौँ । अब भने हजुरबुबा तथा हजुरआमा धेरै खुसी देखिनुभयो । त्यसपछि उहाँले रमाइला कथा सुनाउनुभयो । भजन गाउनुभयो । सबै साथी नाचे । म पनि नाचेँ । हजुरबुबा हजुरआमालाई आफ्नै घरमा लैजाऊ जस्तै लाग्यो ।

**(क) बुढाबुढी कहाँ बसिरहेका थिए ?** **(ख) कसलाई भोक लाग्यो ?**

**(ग) उनीहरू किन पसल गए ?** **(घ) तपाईं अरूलाई कसरी खुसी पार्नुहुन्छ ?**

## ७. सातओटा शब्द चिनेर घेरा लगाउनुहोस् र लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| ख | ब | र | दा | न |
| रा | रा | सा | नी | म |
| ब | हु | यो | रा | जा |
| सा | ल | ह | रो | म |
| थी | र | ब | र | ट |

.................................................................................................................

.................................................................................................................

## ८. छिटो छिटो पढ्नुहोस् :

नार नाल    भान मान    राम लाम    खरी घरी    गन घन

## ९. शब्द प्रयोग गरी वाक्य लेख्नुहोस् :

दोकान : .................................................................................................

इनार : .................................................................................................

मन्दिर : .................................................................................................

कुराकानी : .................................................................................................

१०. पालैपालो पढ्नुहोस् :

## वरिपरि के के छन् ?



(जमुना र नमुना कुरा गर्दै छन् ।)

जमुना - तिम्रो घरनजिक के के छन् ?

नमुना- मेरो घरनजिक खोला छ । खोलापारि वन छ । तिम्रो घरनजिक के के छन् नि ?

जमुना - मेरो घरनजिक ठुलो रुख छ । रुखमाथि के छ, तिमीलाई थाहा छ ?

नमुना- थाहा छैन, के छ ?

जमुना - रुखमाथि आकाश छ ।

नमुना- आकाशमा के छ ?

जमुना - आकाशका घाम छ ।

नमुना- जमिनमा के छ त ?

जमुना - जमिनमा माटो छ ।

नमुना- आहा ! अब हामी माटो पानी मुछ्ने है ।

जमुना - किन ?

नमुना- गमला बनाउन

जमुना - गमला किन बनाउने ?

नमुना- फूल रोप्न ।

जमुना - फूल किन रोप्ने ?

नमुना- मलाई फूल फुलेको मन पर्छ ।

जमुना - मलाई पनि फूलको बास्ना मन पर्छ ।

(हाँस्दै दुवै जना विद्यालयतिर लागे ।)

## ११. खाली ठाउँमा मिल्ने चिह्न लेख्नुहोस् :

, ! ? ।

(क) ओहो ...... कति राम्रो सयपत्री फूल फुलेछ ......

(ख) नेपालमा बाघ...... भालु...... मृग र खरायो पाइन्छन् ......

(ग) आमाले भन्नुभयो...... "छोरी यता आऊ ......"

(घ) तपाईंको नाम के हो ......

## १२. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### पानीमा साधना



केटाकेटीले तिहारमा देउसी खेले । साधना पनि देउसी खेल्न गइन् । उनीहरूले धनाका घरमा देउसी खेले । त्यसपछि खोलापारि साधनाको घरतिर लागे । साधनाले बाटाको डिलबाट तलतिर हेरिन् । खोलामा डिजेल जस्तै तरल पदार्थ बग्दै थियो । उनी सोच्न थालिन्, "खोलामा डिजेल कसरी आयो होला ?" उनी पानी र डिजेलको तुलना गर्न थालिन् । खोलाको छेउमा जाँदा साधनाको जुत्ताको तुना खुस्कियो । घरमा आएका पाहुना पनि उनीसँगै थिए । पाहुनाले साधनाको जुत्ताको तुना बाँधिदिए । ती पाहुनाले एउटा नाटकको पुस्तक बोकेका रहेछन् । साधनाको जुत्ताको तुना बाँध्दा नाटकको पुस्तक भुइँमा खस्यो । भुइँमा खस्दा किताबका पाना पल्टिए । किताबका पानामा केटाकेटीका चित्र थिए । केटाकेटीले नाक छोपेका थिए । यो देखेर साधनाले पाहुनालाई सोधिन्, "यी केटाकेटीले किन नाक छोपेका ?" पाहुनाले भने, "पानीमा परेको डिजेलको गन्ध आएकाले नि !" साधना नाक छोपेर मरिमरी हाँसिन् ।

(क) केटाकेटीले कसका घरमा देउसी खेले ?

..........................................................................................................

(ख) केमा केको चित्र थियो ?

..........................................................................................................

(ग) बिचको वर्ण झिकेर नयाँ शब्द बनाउनुहोस् :

जस्तै : तिहार – तिर

साधना :.......... तरल :.......... डिजेल :.......... तुलना :.......... नाटक :..........

१३. 'पानीमा साधना' कथामा पहिला कुन कुन घटना आउँछन्, मिलाएर लेख्नुहोस् :

– केटाकेटीले नाक छोपेका थिए ।

– पाहुनाले जुत्ताको तुना बाँधेका थिए ।

– साधना देउसी खेल्न गइन् ।

– साधना नाक छोपेर मरिमरी हाँसिन् ।

– खोलामा डिजेल जस्तै तरल पदार्थ बग्दै थियो ।

– खोलाको छेउमा जाँदा साधनाको जुत्ताको तुना खुस्कियो ।

१४. जस्ताको त्यस्तै सार्नुहोस् :

सबै जनावरका बच्चा हुन्छन् । बच्चाहरू माउसँगै बस्न मन पराउँछन् । आज हात्तीको छावा र गाईको बाछो भेट भए । त्यहाँ भेडाको बलेखो र बाख्राको पाठो पनि आए । सबै मिलेर खेल्न थाले ।

१५. हामीले घर वरिपरि किन सफा राख्नुपर्छ, लेख्नुहोस् :

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

## पाठ १०

### १. लय मिलाई गाउनुहोस् :

## जोगाउनुपर्छ जङ्गल



बारीमा अग्लो बाँस छ
बाँसमा राम्रो घाँस छ
घाँसमा चराको वास छ
चराको राम्रो प्वाँख छ ।

बकुल्लो बस्छ रुखमा
परेवा घुर्छ सुखमा
हरियो वन धन हो
धन जोगाउने मन हो ।

अग्ला अग्ला सल्ला छन्
सल्ला काट्ने हल्ला छन्
जोगाउनुपर्छ जङ्गल
जङ्गलले गर्छ मङ्गल ।

### २. चित्र हेरी वर्णन गर्नुहोस् :



## ३. पढ्नुहोस् र छुट्याएर लेख्नुहोस् :

इमान → इ | मा | न

टहल → ____ | ____ | ____

विवाद → ____ | ____ | ____

सरस → ____ | ____ | ____

## ४. कुन फूल कहिले फुल्छ तालिका हेरी बताउनुहोस् :

| फूलको नाम | चित्र | रङ | फुल्ने समय |
|---|---|---|---|
| मखमली |  | रातो | प्रायः असोजदेखि मङ्सिरसम्म |
| लालुपाते |  | रातो | प्रायः असोजदेखि मङ्सिरसम्म |
| गोदावरी |  | सेतो, पहेँलो, छिरबिरे, रातो | प्रायः असोजदेखि मङ्सिरसम्म |
| सयपत्री |  | सेतो, पहेँलो, छिरबिरे | प्रायः असोजदेखि मङ्सिरसम्म |
| जाई |  | पहेँलो, सेतो | प्रायः फागुनदेखि चैत |
| गुलाफ |  | सेतो, रातो | बर्सेभरि |

## ५. अर्थ बताउनुहोस् :

घडी, गमला, चक, घोल, मङ्गल, जङ्गल, वास

## ६. पालैपालो पढ्नुहोस् :

# खोलामा फोहोर नफालौँ ।

रमिताः हेर न अनुज, खोला बढेर कति ठुलो भएको ।

अनुजः हो त, खोलाले पानी मात्र होइन फोहोर माटो, रुख, जनावर समेत पो बगाएर ल्याएको छ त ।

रमिता : ए हेर न, प्लास्टिक, कागज, बिजुलीका तार र अस्पताल सबैतिरको फोहोर देखिन्छ है ।

अनुजः साँच्ची हामीलाई त गुरुले विद्यालयमा जहाँ पायो त्यहीँ फोहोर फाल्नु हुँदैन भनेर सिकाउनुभएको थियो । आज फेरि यहाँ खोला त यस्तो कुरूप देखिँदै छ ।

रमिताः मान्छेहरूलाई थाहा भएर पनि यसरी खोलामा खोला किनारमा जथाभावी किन फोहोर फाल्न सकेका होलान् ।

अनुजः हो नि ! फोहोर फाल्ने ठाउँमा मात्र फोहोर फाल्नुपर्छ । जथाभावी फोहोर फाल्दा त खोलाको पानी फोहोर हुन्छ । पानीमा बस्ने माछा भ्यागुतालाई पनि असर गर्छ । यसरी फोहोर फाल्नु नहुने हो ।

रमिताः हो त, मान्छेका यस्ता बानी त नराम्रा हुन् । जथाभावी खोला किनारमा फोहोर फाल्ने मान्छेलाई सम्झाउनुपर्छ । नमान्नेलाई दण्ड सजायको व्यवस्था गर्नुपर्छ ।

अनुजः ल रमिता तिमी हामी सबै मिलेर हाम्रा टोलछिमेक घरपरिवाका कसैलाई पनि खोला किनारमा फोहोर नफाल्न भनौँ ।

सुयन्सः हुन्छ अनुज हामीले अरू हाम्रा साथीहरूलाई पनि यो कुरामा सामेल गराउनुपर्छ है ।

रमिताः हामी सबै मिलेर नकुहिने फोहोर एक ठाउँमा राख्नुपर्छ । कुहिने जति फोहोर खाल्डो खनेर राख्ने व्यवस्था मिलाउनुपर्छ । हाम्रा खोला, पोखरी, ताल, कुवा सबै सफा राख्नुपर्छ । यसो गर्नाले पानीमा बस्ने माछा भ्यागुता जस्ता जीव पनि सफा पानीमा बस्न पाउँछन् । उनीहरू पनि रमाउँछन् ।

७. 'जनकपुर' शब्दमा प्रयोग भएका वर्णबाट पाँचओटा नयाँ शब्दहरू लेख्नुहोस् :

जनक.................... .................... .................... .................... ....................

८. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

## हिउँदमा हिउँ



डालामा जौ बस्यो । पाथीमा फापर थुप्रियो । मानामा करु भरियो । थुन्सेबाट कुखुराको भाले निस्क्यो । भाले डोकामाथि चढेर बास्यो, "कुखुरी काँ, कुखुरी काँ ...।" भालेले बोलाएको सुनेर पोथी र चल्लाहरू आए । उनीहरूले फापर, करु र जौ देखे । फापर, करु र जौ खान थाले । फापर, करु र जौले गहभरि आँसु बनाए । मुगाली दाइले मुगाको माला लगाई आउनुभयो । मुगाली दाइ देखेर कुखुरा भागे । फापर, करु र जौले आफूलाई खेतबारीमा छरिदिन बिन्ती गरे । मुगाली दाइले उनीहरूले भनेको मान्नुभयो । उनीहरू कोही पनि उम्रिन सकेनन् । मुगाली दाइले फापर, करु र जौलाई सोध्नुभयो, "तिमीहरू किन नउम्रिएका ?" फापरले भन्यो, "हिउँदमा हिउँ नपरेपछि हाम्रो के लाग्छ र ?"

(क) भाले कसरी बास्यो ?

..........................................................................................................................

(ख) गहभरि आँसु कसले बनाए ?

..........................................................................................................................

(ग) मुगाको माला कसले लगायो ?

..........................................................................................................................

(घ) फापर, करु र जौ किन उम्रिन सकेनन् ?

..........................................................................................................................

## ९. जोडी शब्दहरू छिटो छिटो पढ्नुहोस् :




## १०. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) डाँडा त सेतै ........................ । हिउँ पऱ्यो कि क्या हो ? (छन्, छैनन्)

(ख) रात सकिएपछि बिहान ........................ । (हुन्छ, हुँदैन)

(ग) जुनेली रात उज्यालो ................................ । (हुन्छ, हुँदैन)

(घ) हिउँदमा बिहान शीत ............................ । (पर्छ, पर्दैन)

## ११. शब्दको क्रम मिलाएर वाक्य सार्नुहोस् :

(क) झमझम पऱ्यो पानी । ..........................................................................................

(ख) धुम्म लाग्यो बादल । ..........................................................................................

(ग) पानी खोलाको छ धमिलो । ..........................................................................................

(घ) निबुवाको रस छ धेरै । ..........................................................................................

## १२. अहिले जाडो छ कि गर्मी, जाडो र गर्मीबाट बच्न तपाईं के गर्नुहुन्छ, लेख्नुहोस् :

| जाडोबाट बच्न गरिने उपाय | गर्मीबाट बच्न गरिने उपाय |
|---|---|
| १. ........................................................................ | १. ............................................................ |
| २. ........................................................................ | २. ............................................................ |
| ३. ........................................................................ | ३. ............................................................ |

## १३. शब्द शब्द छुट्याएर लेख्नुहोस् :

(क) आजचर्कोघाममलाग्यो ।      ..........आज चर्को घाम लाग्यो ।..........

(ख) बादललेआकाशढाकेकोछ ।      ..............................

(ग) जाडामाहुस्सुलाग्छ ।      ..............................

(घ) पानीलेनिथ्रुक्कभिजायो ।      ..............................

## १४. वनमा डढेलो लाग्यो भने के के विनाश गर्छ, लेख्नुहोस् :

..............................

..............................

..............................

..............................

..............................

..............................

..............................

..............................

..............................

## पाठ ११

### १. लय मिलाई गाउनुहोस् :



### राख्नुपर्छ नाम

गगनसँग धन थियो, गणेशलाई दियो
गणेशले गनगन गर्दै, गुलियो पनि लियो
गुनिलो छ निलो ताल, कत्ति राम्रो धाम
गरौँ गरौँ राम्रो काम, राख्नुपर्छ नाम ।

गजबको रायो साग, जब उसले पायो
बिरालाले रालो खोज्न, धेरै पटक धायो
कृतिभित्र आकृति छ, हेर्दा लाग्छ घाम
गरौँ गरौँ राम्रो काम, राख्नुपर्छ नाम ।

### २. चित्र हेरी वर्णन गर्नुहोस् :



## ३. पढ्नुहोस् र छुट्याएर लेख्नुहोस् :

मलम → म | ल | म

महल → ___ | ___ | ___

हिउँद → ___ | ___ | ___

गतिलो → ___ | ___ | ___

## ४. चित्रसँग मिल्ने नाम शब्दमा गोलो घेरा लगाउनुहोस् :



(चौरी, मौरी, मैरी)



(जुनकिरी, पुत्लो, पुतली)



(औजार, औषधी, ओखर)



(फूल, पुल, कुल)

## ५. साथीलाई सुन्न लगाई पढ्नुहोस् :

मौरी र पुतली आकाशमा उड्छन् । पुतली राता, पहेँला, सेता र रङ्गीबिरङ्गी हुन्छन् । मौरी एकै रङका हुन्छन् । पुतलीले मौरीले जस्तै फूलको रस चुस्छन् । मौरी मिहिनेती हुन्छन् । फुलको रसबाट मौरीले मह बनाउँछन् । मलाई पुतली मन पर्छ तर पुतलीले मह बनाउँदैनन् । त्यही भएर मौरी घरमा पालेको छु । पुतली खेतबारीतिरै बस्छन् ।

## ६. पढ्नुहोस् र उत्तर भन्नुहोस् :



### वनजङ्गल जोगाऔँ

हरियो वनजङ्गल नै जङ्गली जनावर र चराहरूको घर हो । बाघ, भालु, गैँडा, हात्ती, चितुवा, स्याल जस्ता धेरै जनावरहरू जङ्गलमै खान्छन्, खेल्छन् र सुत्छन् । त्यहाँ डाफेँ, मुनाल, मयूर, कोइली जस्ता धेरै जातका चराहरू पनि बस्छन् । यिनीहरू जङ्गलमा खाने बस्ने खेल्ने भएकाले वनजङ्गल पनि रमाइलो हुन्छ । सुन्दर देखिन्छ । वनजङ्गलले हाम्रो वातावरण सफा र राम्रो देखिन्छ । वनजङ्गल मानिसका लागि धेरै उपयोगी पनि छ । गाईवस्तुका लागि घाँसपात, खाना पकाउनका लागि चाहिने दाउरा वनबाट पाइन्छ । घर, टेबुल, कुर्सी बनाउने काठ पनि हामी वनबाट पाउँछौँ । वनजङ्गल हामी सबैको साझा सम्पत्ति हो । त्यसैले वनका रुखहरू जथाभावी काट्नु हुँदैन । एउटा रुख काट्नुभन्दा पहिले दुइटा बिरुवा रोप्नुपर्छ । वनमा भएका चरा र जनावरलाई पनि मार्नु हुँदैन । वनमा आगलागी हुनबाट जोगाउनुपर्छ । वनजङ्गल बढाउन खाली जमिनमा बिरुवाहरू रोप्नुपर्छ । वनजङ्गल जथाभावी काट्नेलाई दण्डसजाय दिनुपर्छ । वनजङ्गलले नै हाम्रो वरपरको वातावरण सफा राख्न मदत गर्दछ । त्यैसैले वनजङ्गलको संरक्षण गरौँ । हाम्रो वातावरण स्वच्छ, सफा र हरियाली राखौँ ।

**(क) चरा र जनावरहरूको घर कहाँ रहेछ ?**

**(ख) वनजङ्गल किन रमाइलो हुन्छ ?**

**(ग) मानिसले वनजङ्गलबाट के के ल्याउँछन् ?**

**(घ) हामीले वनजङ्गललाई कसरी जोगाउन सकिन्छ ?**

## ७. खाली ठाउँमा मिल्ने शब्द लेखी वाक्य बनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| पक्रनुहुन्छ | बनाउँछ | आउँछ | लेख्छ |

(क) रतनले कविता .................................. ।    (ख) मौरीले मह .................................. ।

(ग) प्रहरी दाइले चोर ............................ ।    (घ) सुखीराम बिहानै ............................ ।

८. तलका शब्दहरू पढ्नुहोस् र लेख्नुहोस् :

पाउ ................ गाज ................ आँच ................ सफा ................

झापा ................ पाल्पा ................ पाता ................ चल ................

९. तलका शब्द प्रयोग गरी तपाईंको घरका बारेमा बताउनुहोस् :

रङ, सफा, छानो, तला, झ्याल, ढोका, बगैँचा, करेसाबारी

१०. छिटो छिटो पढ्नुहोस् :

| आठ आँठ | आँट आट | भाडा भाँडा | काटी काँटी | बास बाँस | ढाट ढाँट |
|---|---|---|---|---|---|

११. सुन्नुहोस् र उत्तर लेख्नुहोस् :

## पाल्पाबाट झापा



हामीले पाल्पाली साथीहरूलाई पाल्पामै छाड्यौँ । हामी झापाली जति तानसेनमा भेला भयौँ । बसपार्कका छेउमा एउटा गाडी आयो । लौ झापा... झापा... भन्दै बोलायो । हामी गाडीमा चढ्यौँ । गाडीको एउटा सिट अगाडि फर्किएको थियो । अर्को सिट पछाडि फर्किएको थियो । प्रभा, रमा र म अगाडि फर्किएर बस्यौँ । असीम, प्रितम र विभु पछाडि फर्किएर बसे । हामी सिद्धबाबा, बुटवल र दाउन्ने पुग्यौँ । त्यसपछि नारायणघाट, हेटौँडा, लहान, इटहरी हुँदै झापातिर लाग्यौँ । गाडीको सहचालक दाइ पैसा उठाउन आउनुभयो । असीमले तीन जनाको मात्र भाडा तिऱ्यो । सहचालक दाइले सोध्नुभयो, "तपाईंहरू छ जना हुनुहुन्छ । अनि भाडा चाहिँ किन तीन जनाको मात्र ?" असीमले भन्यो, "यिनीहरू पो झापातिर फर्किएका छन् । हामी त पाल्पातिरै फर्किएका छौँ । किन भाडा दिने ?" हामी सबै हाँस्यौँ । सहचालक दाइ पनि हाँस्नुभयो । बाँकी तीन जनाले भाडा तिरे कि तिरेनन् होला ?

(क) गाडी कहाँबाट कहाँसम्म जाँदै थियो ?

........................................................................................................

(ख) पाल्पाबाट झापा जाँदा कुन कुन ठाउँ पर्दा रहेछन् ?

........................................................................................................

(ग) सहचालक दाइ किन हाँस्नुभयो होला ?

........................................................................................................

## १२. मिल्ने चिह्न लेख्नुहोस् :

, ! ? ।

(क) धनियाँ ............ तपाईँ कता जाँदै हुनुहुन्छ ............

(ख) रोहन ............ रजनी र सुरभी अस्पताल गए ............

(ग) ओहो ............ साथीलाई त कति ठूलो घाउ लागेछ ............

(घ) आहा ............ आज त कति रमाइलो भयो ............

(ङ) ए सानी ............ झट्टै घर आऊ ............

## १३. खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

| नमस्कार | कति दिऊँ ? | नब्बे रुपियाँ | धन्यवाद दाइ | हुन्छ दाइ |
|---|---|---|---|---|

सुन्तली : नमस्कार, पसले दाइ !

पसले : ............................

सुन्तली : चिनी छ, दाइ ?

पसले : ............................

सुन्तली : एक किलाको कति पर्छ ?

पसले : ............................

सुन्तली : आधा किलो दिनुहोस् न ।

पसले : ल लेऊ ।

सुन्तली : ............................

पसले : भोलिपर्सि पनि आउँदै गर है ।

सुन्तली : ............................

## १४. बाजुरामा लमगाउँ र डोगडी गाउँ छन् । त्यहाँ छेडे दह नाम गरेको पोखरी छ । यो पोखरी धेरै राम्रो छ । पोखरी हेर्न धेरै मानिस आउँछन् । तपाईँलाई पनि त्यहाँ जाऊँ जाऊँ लाग्यो होला । अब तपाईँ छेडे दह कसरी जानुहुन्छ, कापीमा लेखेर कक्षामा सुनाउनुहोस् ।

## ५. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) बिचको वर्ण झिकी नयाँ शब्द लेख्नुहोस् र पढ्नुहोस् :**

| पालिका | छाउरो | लेखक | कुखुरा | मैदान | चिउरा |
|---|---|---|---|---|---|
| ................ | ................ | ................ | ................ | ................ | ................ |

**(ख) शब्दको अन्त्यमा वर्ण थपेर नयाँ शब्द लेख्नुहोस् :**

| यो | | ली | | न | |
|---|---|---|---|---|---|
| हरि........ | परि........ | पाल्पा........ | झापा........ | सामा........ | जीव........ |

**(ग) सुन्नुहोस् र उत्तर भन्नुहोस् :**

> आकृतिको घरमा पाहुना आउनुभयो । उहाँ लेखक हुनुहुँदो रहेछ । पाहुनाले आकृतिलाई कृति देखाउनुभयो । पाहुना गजबको हुनुहुँदो रहेछ । त्यहाँ माहिला दाइ आइपुग्नुभयो । उहाँले हिलो पोखरीमा कपडा धुनुभएछ । दाइको कपडामा हिलो लागेछ । मैले पाहुनालाई दही र चिउरा दिएँ । पाहुनाले दही र चिउरा खानुभयो । मैले मेरो किताब देखाएँ । सबै जनाले "स्वस्थ जीवन" कविता गायौँ । आहा ! कति रमाइलो भयो ।

(अ) को लेखक हुनुहुँदो रहेछ ?

(आ) दाइको कपडामा हिलो कसरी लाग्यो ?

(इ) नाच्दा र गाउँदा किन रमाइलो हुन्छ होला ?

**(घ) खाली ठाउँमा मिल्ने चिह्न लेख्नुहोस् :**

(अ) हजुर कहाँबाट आउनुभयो .......... (? । , )

(आ) भाउजूले पाउजु लगाउनुभयो .......... (? । , )

(इ) काभ्रेली ........ पाल्पाली र झापालीको भेट भयो । (? । , )

**(ङ) मिल्ने शब्द समूहसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| रङ | चामल, गहुँ, मकै |
| कागज | कागती, काफल, भोगटे |
| अन्न | रातो, सेतो, निलो |
| फलफूल | किताब, कापी, खाम |

**(च) आठओटा शब्द पत्ता लगाएर घेरा लगाउनुहोस् र लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| छा | ता | टा | ल |
| ना | उ | कु | श |
| का | ली | रो | क |
| सु | इ | ना | र |

........................ ........................ ........................ ........................

........................ ........................ ........................ ........................

**(छ) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

दिदी बिहानै उठ्नुहुन्छ ।कलशमा पानी भर्नुहुन्छ ।आकृतिलाई बोलाउनुहुन्छ । जीवनलाई पढाउनुहुन्छ ।आफू पनि पढ्नुहुन्छ ।आज भने दिदी करेसाबारीमा डुल्न जानुभयो । करेसाबारीमा भोगटे थियो । त्यहाँ काउली थिएन । साग थिएन । खुर्सानी फलेको थियो । दिदीले सोच्नुभयो, “खुर्सानी र भोगटे मात्र खाएर को पो बाँचेको होला र ?” दिदी घरतिर लाग्नुभयो । सबैलाई बोलाएर तरकारी खेती गर्ने सल्लाह दिनुभयो ।

(अ) दिदी के के गर्नुहुन्छ ?

..........................................................................................................................

(आ) दिदीले के सोच्नुभयो ?

..........................................................................................................................

(इ) दिदीले किन तरकारी खेती गर्ने विचार गर्नुभयो ?

..........................................................................................................................

**(ज) तपाईंको घरनजिकको कुनै एक ठाउँका बारेमा पाँच वाक्य भन्नुहोस् ।**

शिक्षकको हस्ताक्षर : .............      अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# मेरो सिर्जना

## पाठ १२

### १. लय मिलाई गाउनुहोस् :

#### दङ्ग पर्छु म



थोप्लाहरू जोडी जोडी रेखा तान्दछु
राम्रा कुरा पढ्न अनि लेख्न जान्दछु ।
सोची सोची नयाँ नयाँ गर्छु सिर्जना
सिर्जनालाई फैलाउने मेरो चाहना ।
बिहानीमा गीत गाउने चरा बनाउँछु
पाटी पौवा फूल अनि धारा बनाउँछु ।
चित्र कोरी सकेपछि रङ भर्छु म
आफ्नै चित्र हेरी हेरी दङ्ग पर्छु म ।

### २. चित्र हेरी वर्णन गर्नुहोस् :



## ३. पढ्नुहोस् र छुट्याएर लेख्नुहोस् :

क्यामेरा → क्या | मे | रा

ङ्याउरो → ___ | ___ | ___

ख्वाक्क → ___ | ___

क्वाँक्वाँ → ___ | ___

## ४. मिल्ने वर्ण जोडी कम्तीमा दशओटा शब्द बनाई कापीमा लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| स | री | त | ट्वा | श्वा |
| प्त | ति | प्वा | क्क | स |
| री | क्ख | ही | स | क |
| ति | र | आ | फ्नो | र |
| र्खा | स | मा | न | ङ |

## ५. छिटो छिटो पढेर साथीलाई सुनाउनुहोस् :



## ६. पढ्नुहोस् र उत्तर भन्नुहोस् :

### झ्यालमा स्याल



साँझको बेला थियो । झ्यालमा ट्वाकट्वाक गरेको आवाज आयो । ज्यामिरको बोटमा चरा कराए । सानीलाई ज्वरो आएर ओछ्यानमा सुतेकी थिइन् । उनले चिहाएर बाहिर हेरिन् । ट्वाकट्वाक आवाज आइरहेकै थियो । उनी उठेर ठमठम गर्दै झ्यालतिर गइन् । झ्यालमा हातले ड्याम्मड्याम्म हानिन् । झ्यालबाट कोही हाम फाल्यो । लौ, झ्यालमा स्याल पो बसेको रहेछ । उनलाई डर लाग्यो । उनले मनमनै सोचिन्, "स्याललाई ड्याम्म लौराले हान्नुपर्थ्यो । स्याल त भागिहाल्यो ।" उनले गुरुआमाले भन्नुभएको कुरा सम्झिइन्, "कुनै जीवजन्तुलाई पिट्नुहुन्न । यो त ठिकै छ तर स्याल झ्यालमा किन आएको होला ?" सानी सोच्दै सोच्दै कोठातिर लागिन् ।

**(क) केको बोटमा चरा कराए ?**


**(ख) स्याल झ्यालमा किन आयो होला, तपाईंको विचार भन्नुहोस् ।**

**(ग) सानीलाई किन डर लाग्यो ?** **(घ) सानीले कसरी बाहिर हेरिन् ?**

## ७. तलको तालिकाबाट मिल्ने पाँच वाक्य बनाई लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| बहिनी | मुख | धुन्छिन् । | १. ........................ |
| | हातगोडा | | २. ........................ |
| | जुत्तामोजा | | ३. ........................ |
| | घाँघर | | ४. ........................ |
| | रुमाल | | ५. ........................ |

## ८. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :



### क्रिकेट खेल

बल बोकेर ब्वाँसो आयो । ब्याट बोकेर फ्याउरो आयो । भ्यागुतो एम्पायर बस्ने भयो । उनीहरूले क्रिकेट खेल्न सुरु गरे । म्याँम्याँ गर्दै पाठो आयो । प्वाँख हल्लाउँदै परेवा आयो । परेवा र पाठो दर्शक भए । ब्वाँसाले बल फ्याँक्यो । फ्याउराले बल फर्कायो । चौका ! भ्यागुतो करायो । परेवालाई फ्याउराको खेल मन पर्‍यो । उसलाई फ्याउराको म्वाइँ खान मन लाग्यो । पाठो भने खेल हेर्दाहेर्दै निदाएछ । भ्यागुताले चौका भनेको सुन्दा तर्सियो । ऊ भुइँमा पुर्लुक्क लड्यो । दुखे पनि पाठो रोएन । एकछिनपछि पाठो फेरि निदायो । खेल पनि सकियो । साथीहरू जान लागे । भ्यागुताले ट्वारट्वार गर्‍यो । पाठो ब्युँझियो । ऊ नाच्दै सबैको पछि लाग्यो ।

(क) एम्पायर को बन्यो ?

..............................................................................................................

(ख) पाठो किन भुइँमा लड्यो ?

..............................................................................................................

(ग) कसले चौका हान्यो ?

..............................................................................................................

९. तपाईँको 'मेरो नेपाली' किताबमा राम्रा लागेका कुरा के के छन्, साथीसँग छलफल गरी बताउनुहोस् ।

१०. शब्दको क्रम मिलाई वाक्य भन्नुहोस् :

(क) बजायो बाँसुरी राकेशले ।

(ख) कविता लेख्यो आइतमानले ।

(ग) गोविन्दले सुनायो चुट्किला ।

(घ) चित्र ठुलो कोरी निमाले ।

(ङ) मिठो शर्मिलाले गाई गीत ।

११. जस्ताको त्यस्तै सार्नुहोस् :

केटाकेटी चउरमा थिए । त्यत्ति नै बेला मुसलधारे पानी पऱ्यो । उनीहरू विद्यालयतिर भागे । पेम्बाको खुट्टामा अल्झेर फुर्बा लडे । उनका घुँडामा घाउ भयो । घाउबाट रगत बग्यो । फुर्बा उठ्न खोजे तर सकेनन् । आङ्डीले फुर्बा लडेको देखिन् । उनी फुर्बा नजिकै गइन् । उनले फुर्बालाई उठाइन् । पेम्बा र आङ्डीले फुर्बाको घाउमा औषधी लगाए । फुर्बाले पेम्बा र आङ्डीलाई धन्यवाद दिए ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

## १२. खाली ठाउँ भर्नुहोस् :

शारदा : ..........................................................................................

हजुरबुबा : नमस्ते नानी ! सन्चै छ तिमीलाई ?

शारदा : सन्चै छ । हजुर पनि सन्चै हुनुहुन्छ ?

हजुरबुबा : ..........................................................................................

शारदा : खाना खानुभयो हजुरबुबा ?

हजुरबुबा : ..........................................................................................

शारदा : हजुर आराम गर्नुहोस् । म पल्लो घर पुगेर आउँछु है ।

हजुरबुबा : छिट्टै आऊ है । भोक लागेको होला । हजुरआमाले तिमीलाई मिठो लाग्ने खानेकुरा पकाएकी छिन् ।

शारदा : ..............................................................

## १३. तपाईँले सुनेको वा पढेको कुनै गीत वा कविता लेख्नुहोस् :

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................


## १. लय मिलाई गाउनुहोस् :



### घार्रघुर्र

खेती गर्ने किसान हुँ गाई पाल्ने ग्वाला
काम गर्ने रोप्ने गोड्ने म हुँ हिम्मतवाला ।
अन्नबाली तरकारी फलाउँछु टन्न
दुधदही घिउभात खान्छु ग्वाम्मग्वाम्म ।
दही मथ्न सुरु गर्छु ठेकी घार्रघुर्र
नेती, घुर्रा मधानीले गर्छन क्वार्रकुर्र ।
क्वाँ क्वाँ रुन्छ भाइ पनि फुल्याउन जाऊ
ख्वाक्कख्वाक्क खोकी लाग्दा तातोपानी खाऊ ।
ग्याँस ठ्याक्कै सकिएछ बाल्नुपर्छ दाउरा
दुध खाने मौका हेरी बसेका छन् ङ्याउरा ।

## २. उजिर र प्रहरी बनी साथीसँग कुराकानी गर्नुहोस् :



उजिर : नमस्कार, प्रहरी दाइ !

प्रहरी : नमस्कार, तपाईंलाई मैले चिनिनँ नि ।

उजिर : मेरो नाम उजिर हो ।

प्रहरी : तपाईंलाई के समस्या पर्‍यो ?

उजिर : म भाइसँग जात्रा हेर्न आएको थिएँ । भाइ त हरायो ।


प्रहरी : कहाँबाट भाइ हरायो ? मलाई देखाउनुहोस् त ।

उजिर : उः त्यहाँबाट ... ।

प्रहरी : ल जाऔँ । हामी दुवै जना भएर खोजौँ ।

उजिर : हुन्छ प्रहरी दाइ, धन्यवाद ।

## ३. चित्र हेरी वर्णन गर्नुहोस् :



## ४. बिचमा न् वा म् वर्ण थपी शब्द भन्नुहोस् र कापीमा लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| ख............छ | ज............छ | क............छ | थ............छ |
| का............छ | डा............छ | था............छ | छा............छ |

## ५. खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

(क) म आमाबुबालाई .................................. । (ढोग्छ, ढोग्छु, ढोग्छस्)

(ख) भाइ बुबाले भनेको ..................................। (हेर्छ, मान्छ, बोल्छ)

(ग) तिमी गुरुले भनेको .................................. ? (मान्छौ, मान्नुहुन्छ, मान्छस्)

(घ) हामी सबैलाई सम्मान .................................. । (गर्छौं, गर्छ, गर्छिन्)

(ङ) तपाईं पशुपतिनाथको मन्दिरमा ........................... ? (जानुहुन्छ, जान्छु, जान्छौँ)

(च) लुम्बिनीमा रिक्सा ........................... । (चल्छिन्, चल्छन्, चल्नुहुन्छ)

## ६. सुन्नुहोस् र उत्तर भन्नुहोस् :

### न्वारनमा सत्या

सत्याको सानो भाइ छ । आज भाइको न्वारन गर्ने अरे । “बा ! बा ! न्वारन भनेको के हो ?”, सत्याले सोधी । “तिम्रो भाइको नाम राख्ने क्या ।”, बुबाले भन्नुभयो । “नाम कसले राख्छ त ?”, उसले फेरि सोधी । “पुरोहितले राख्ने चलन छ ।”, बुबाले भन्नुभयो । नभन्दै पुरोहित पनि आउनुभयो । सत्या खुसी भइन् ।



**(क) न्वारन भनेको के हो ?**

**(ख) मान्छेको नाम कसले राख्ने चलन रहेछ ?**

**(ग) तपाईंको नाम कसरी राखियो, परिवारका सदस्यसँग सोधी लेख्नुहोस् ।**

## ७. उदाहरणमा जस्तै गरी वाक्य बनाउनुहोस् :

| एकवचन | बहुवचन |
|---|---|
| मैले झोला बोकेको छु । | हामीले झोला बोकेका छौँ । |
| म रोटी खान्छु । | हामी रोटी खान्छौँ । |
| (क) म विद्यालय जान्छु । | ................................................ |
| (ख) म सधैँ हातमुख धुन्छु । | ................................................ |
| (ग) म असल बन्छु । | ................................................ |
| (घ) भाइ चलाख छ । | ................................................ |
| (ङ) दाइले मलाई किताब दिनुभयो । | ................................................ |

## ८. तलका शब्द प्रयोग गरी वाक्य लेख्नुहोस् :

भन्छन् : ..............................................................................

हुन्छन् : ..............................................................................

विद्या : ..............................................................................

ध्वाँसो : ..............................................................................

कपडा : ..............................................................................

न्वारन : ..............................................................................

ध्वजा : ..............................................................................


## ९. चित्रसँग मिल्ने नाम शब्दमा गोलो घेरा (O) लगाउनुहोस् :



(ट्याक्सी, ट्याम्पो, जिप)



(खाट, झ्याल, ढोका)



(गलैंचा, सुकुल, ओछ्यान)



(भोगटे, ज्यामिर, सुन्तला)

## १०. पालैपालो पढ्नुहोस् :

### च्वाइँच्वाइँ सेलरोटी



भाइ : दिदी ! यो ट्याकट्याक केको आवाज हो ?

दिदी : म त कहिले ठ्याकठ्याक सुन्छु । कहिले ड्याङड्याङ सुन्छु ।

भाइ : लौ के उल्का हो ! फरक फरक आवाज आउँदै छ । कहिले ड्याँङड्याँङ सुनिन्छ । कहिले ठ्याकठ्याक !

दिदी : अहिले झ्वार्रझ्वार्र सुनिँदै छ त !

भाइ : झ्वार्र सलाई कोरेको जस्तो पनि सुनिन्छ । छ्वालीमा आगो लगाई कि क्या हो सानीले ?

दिदी : जाऔँ न त हेरौँ ।

(आमा सेलरोटी पकाउँदै हुनुहुँदोरहेछ । बुबाले दाउरा चिर्नुभएको रहेछ ।)

भाइ : ल हेर, आमाबुबाले च्वाइँच्वाइँ सेलरोटी पकाउँदै हुनुहुन्छ । त्यही भएर पो यस्तो आवाज आएको रहेछ ।

दिदी : हो त नि । हामी पनि सेलरोटी खाऔँ न त ।

(सबै जनाले मिठो मानेर सेलरोटी खाए ।)

## ११. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् र पढेर सुनाउनुहोस् :

कान्छी, दुई, राम्री, सिपालु, सबै, धेरै, सहयोगी, हँसिलो, निलो, शान्त, मिठा

मेरी .............. बहिनी .............. कक्षामा पढ्छिन् । उनी .............. छिन् । उनी .............. पनि छिन् । बहिनी .............. साथीलाई .............. माया गर्छिन् । त्यसैले उनका .............. साथी थुप्रै छन् । उनको .............. अनुहार देखेर गुरु तथा गुरुआमा खुसी हुनुहुन्छ । उनलाई .............. रङको कपडा मनपर्छ । उनलाई .............. स्वभाव भएको मानिस पनि मन पर्छ । बहिनीलाई .............. परिकार मन पर्छ ।

## १२. शिक्षकको सहयोग लिई क्रियापद मिलाएर कथा बनाउनुहोस् र लेख्नुहोस् :

गाउँमा एक जना मुखिया हुनु – उनलाई फूल धेरै मन पर्नु – घर वरिपरि फूलबारी बनाउनु – आँगनको वरिपरि गमलामा फूल फुलाउनु – फूलबारी स्याहार्न माली राख्नु – पानी हाल्ने क्रममा मालीले एउटा गमला फुटाउनु – मुखियालाई रिस उठ्नु – मालीलाई धेरै गाली गर्नु – छिमेकीले त्यो कुरा थाहा पाउनु – मुखियाकहाँ जानु – काम गर्दा कहिलेकाहीँ गल्ती हुन सक्ने कुरा सम्झाउनु – मुखियाले गल्ती भएको स्वीकार गर्नु – आफ्नो आँखा खोलिदिएकामा छिमेकीलाई धन्यवाद दिनु

जस्तै : गाउँमा एक जना मुखिया थिए । ..........

## ६. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) शब्द पढ्नुहोस् र लेख्नुहोस् :**

ट्याकट्याक म्याँम्याँ झ्वार्झ्वार ड्याङड्याङ किर्किर ओछ्यान

.......... .......... .......... .......... .......... ..........

**(ख) चित्र हेरी पाँच वाक्य भन्नुहोस् :**



**(ग) शब्द पढ्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

ङ्वार्ङ्वार, ड्याङड्याङ, ठ्याकठ्याक, म्याँम्याँ, च्वाइँच्वाइँ

**(घ) सुन्नुहोस् र उत्तर भन्नुहोस् :**

श्यामको मने म्याँम्याँ गर्दै आयो । मने ओछ्यानमा उफ्रन थाल्यो । मझेरीमा कुखरो आयो । ऊ क्वाँकक्वाँक गर्न थाल्यो । हजुरबुबाले लौराले ट्याकट्याक पार्नुभयो । कुखुरो फुत्त बाहिर गयो । बहिनी बारीमा थिइन् । उनले प्याज र भन्टा टिपिन् । भिन्डी खोजिन् । उनी आमासँगै घर आइन् । करेसाबारीमा गरेका सबै काम बुबालाई सुनाइन् ।

(अ) मने कहाँ उफ्रियो ? (आ) हजुरबुबाले के गर्नुभयो ?

(इ) बहिनीले करेसाबारीमा के के गरिन् ?

**(ङ) खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :**

(अ) बिरामीले .................... खोके । (ख्वाक्क, प्वाक्क, वाक्क)

(आ) .................... आवाज आयो । (पिटिक्क, ढ्याक्क, ट्वाक्क)

(इ) बाटामा .................... सुलुलु गयो । (घोडा, सर्प, भ्यागुतो)

**(च) अन्तिम वर्णबाट बन्ने शब्द लेख्नुहोस् :**

जस्तै : स्वागत तसला .......... .......... .......... ..........

(छ) मिल्ने वाक्यसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| | खाना पकाउँछु । |
| म | खाना पकाउने छौँ । |
| | कथा लेख्ने छौँ । |
| हामी | गीत गाउँछु । |
| | नाटक खेल्ने छौँ । |

(ज) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

नदीको छेउमा भ्यागुतो ट्वारट्वार गरेर कराउन थाल्यो । किरा झ्याउँझ्याउँ गर्न थाले । बिजुली मिलिकमिलिक चम्कन थाल्यो । मयूर प्वाँख फिँजाएर नाच्न थाल्यो । बादल कालो भयो । पोथी भ्यागुताले मनमनै विचार गऱ्यो, "आज साँच्चै वर्षा हुन्छ जस्तो छ ।" नभन्दै आकाशमा मेघ गर्जन थाल्यो । पोथी भ्यागुताले आफ्नो बच्चा र भ्यागुतालाई खेतको कुनामा लग्यो । त्यहाँ अरू भ्यागुताले स्वागत गरे । एकछिनमा मुसलधारे वर्षा भयो । नदी उर्लेर आयो । समयमा नै सुरक्षित ठाउँमा आएकाले सबै खुसी भए । सबैले पोथी भ्यागुतालाई धन्यवाद दिए ।

(अ) भ्यागुतो कसरी करायो ?

.................................................................................................................................

(आ) कसले कसलाई स्वागत गरे ?

.................................................................................................................................

(इ) पोथी भ्यागुताले वर्षा हुने कुरा कसरी पत्ता लगाई ?

.................................................................................................................................

(झ) मिल्ने वाक्य प्रयोग गरी कविता पूरा गर्नुहोस् :

आँखा ठुला भएको ......................................
सिउर ठाडो भएको ......................................
दुब्लाएर खरायो ......................................
मोटाएर बिरालो ..........................

| |
|---|
| आयो रातो भाले |
| कुकुर छ ग्याले |
| भएको छ ढाडे |
| भएको छ हाडे |

शिक्षकको हस्ताक्षर : .............   अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# रुचि र बानी

## पाठ १४

१. लय मिलाई गाउनुहोस् :

### राम्रो बानी

आकाश राम्रो जूनले
तरकारी मिठो नुनले
इनार राम्रो पानीले
मानिस राम्रो बानीले ।

हौसला मिल्छ मायाले
शीतल दिन्छ छायाले
सम्मान पाउँछन् दानीले
मानिस राम्रो बानीले ।

किताब साथी ठान्दछिन्
सिकाए सबै जान्दछिन्
सबको मन जितिन् सानीले
आफ्नै राम्रो बानीले ।



२. चित्र अवलोकन गरी वर्णन गर्नुहोस् :



## ३. शब्द जोडेर भन्नुहोस् र लेख्नुहोस् :


बि + रु + वा → बिरुवा

च + न्द्र + मा → 

अ + प्ठ्या + रो → 

अ + ड्क + ल → 

## ४. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| बाख्रो |  |
| चन्द्रमा |  |
| मूर्ति |  |
| बिरुवा |  |

## ५. रतनले बिहानभरि गर्ने काम पढी उत्तर भन्नुहोस् :

### दैनिक कार्यतालिका

| समय | काम |
|---|---|
| बिहान ६ बजे | उठ्ने, हातमुख धुने |
| बिहान ६:३० बजे | पत्रपत्रिका र किताब पढ्ने |
| बिहान ७ बजे | चिया र खाजा खाने |
| बिहान ८ बजे | अरूका काममा सहयोग गर्ने |
| बिहान ९ बजे | खाना खाने |
| बिहान ९:३० बजे | विद्यालय जाने |

(क) रतन बिहान ६ बजे के गर्छन् ?

(ख) रतन बिहान कति बजे उठ्छन् ?

(ग) रतन बिहान कसरी विद्यालय जान चाहन्छन् ?

(घ) रतनले कति बजे खाना खान्छन् ?

(ङ) रतनले गरे जस्तै तपाईंले पनि कुन कुन समयमा के के काम गर्नुहुन्छ, भन्नुहोस् ।

## ६. मिल्दो चिह्न राखेर तलका वाक्य पूरा गर्नुहोस् :

(क) म किताब पढ्छु ................ ( । , ? )

(ख) कविता................रमेश र श्याम बजार गए । ( । , ? )

(ग) तिमीलाई कुन गीत मन पर्छ................ ( ! , ? )

(घ) आहा................कति राम्रो कपडा । ( ! । ? )

## ७. पालैपालो पढ्नुहोस् :

### जन्मदिन

(आज सीमाको जन्मदिन हो । सीमा र उनका दाजु घरछेउको चउरमा छन् । मनोज सीमालाई शुभकामना दिन त्यतैतिर लाग्छन् ।)



मनोज : सीमा ! तिमीलाई जन्मदिनको शुभकामना छ है ।

सीमा : धन्यवाद मनोज !

मनोज : के छ त जन्मदिनको कार्यक्रम ?

सीमा : दालभात पाकेको छ । थालचम्चा लिएर बस । सबैले खाऔँ ।

मनोज : हातखुट्टा धोएकै छैन ।

सीमा : धोएर आऊ न त । म गेडागुडीको तरकारी तताउँछु ।

मनोज : मलाई त घिउभात पनि चाहिन्छ है ।

सीमा : हुन्छ ।

मनोज : आहा ! कति मिठो खाना । नुनतेल सबै कुरा मिलेर होला असाध्यै मिठो ।

सीमा : ल अब सबै मिलेर थालचम्चा आआफैँ सफा गरौँ । अनि रमाइलो गर्न जाऔँला ।

## ८. तलका शब्द प्रयोग गरी रुखका बारेमा भन्नुहोस् :

हाँगा, पात, जरा, फेद, फल, फूल, पहाड, तराई, हिमाल, होचो,

छहारी, अग्लो, हुन्छ, हुन्छन्, फल्छ, उम्रन्छ, बढ्छ, गर्मी

९. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

## सबै ठिक



म एक्लै सोच्दै थिएँ । म के बन्ने होला ? अरूभन्दा शक्तिशाली कसरी बन्ने होला ? बाघभालु बनेर के गर्नु ? जङ्गलमा गएर बस्नुपर्छ । झरीमा भिज्नुपर्छ । घामले पनि उत्तिकै पोल्छ । आफ्नै घर पनि हुँदैन । बरु सुगा पो बन्नुपर्छ कि क्या हो ?

सुगाले पनि फुल पार्नुपऱ्यो । ओथारो बस्नुपऱ्यो । बच्चा ठुला पारेपछि पिँजडामा थुनिहाल्छन् । म त सुगा पनि बन्दिनँ । बरु मानिसले गाईभैँसीलाई गोठ बनाइदिन्छन् । बाख्रालाई खोर बनाइदिन्छन् । गाईबाख्रा पो बन्नुपर्छ कि क्या हो । आ.., त्यो पनि बन्दिनँ । भाइले मलाई नै दाम्लाले बाँधेर राख्छ । घाँस हाल्छ । म घाँस खान त सक्दिनँ नि । नखाएको देखेर तँलाई पशु भनी हकार्छ । "हैट, म मान्छे नै ठिक रहेछु । मानिसले आफूभन्दा बलिया जनावरलाई पनि वशमा राख्दा रहेछन् । त्यसैले मानिस सबैभन्दा बुद्धिमान मानिदा रहेछन् । हरेक जीवजन्तुका आआफ्नै स्वभाव र बस्ने ठाउँ हुँदा रहेछन् ।" त्यसैले अबदेखि मैले कसैका बारेमा नराम्रो नसोच्ने निधो गरेँ ।

**(क) केले पोल्छ ?**

..............................................................................................................

**(ख) सुगाले बच्चा कसरी कोरल्छ ?**

..............................................................................................................

**(ग) मानिसलाई किन बुद्धिमान भनिएको रहेछ ?**

..............................................................................................................

## १०. उदाहरणमा दिइए जस्तै गरी क्रियापद बदलेर वाक्य लेख्नुहोस् :

(क) तिमी सबेरै उठ ।

तिमी सबेरै उठ्ने छौ ।

(ख) श्याम, तिमी सफा पोसाक लगाऊ ।

..................................................................................................................

(ग) करिश्मा, तिमी उठ्नेबित्तिकै नुहाऊ ।

..................................................................................................................

(घ) तिमी फुर्तिलो बन ।

..................................................................................................................

(ङ) तिमी ठुलाले भनेको मान ।

..................................................................................................................

(च) तिमी राम्ररी पढ ।

..................................................................................................................

## ११. खाली ठाउँमा मिल्ने शब्द लेखी वाक्य बनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| खेलिन् | नाचे | गरिन् | सुने |

(क) पासाङले गीत .............................................. ।

(ख) अरविन्द छमछमी .............................................. ।

(ग) बासमतीले गट्टा .............................................. ।

(घ) पार्वतीले काम .............................................. ।

१२. परिवारका कुनै एक सदस्यको आनीबानी र रुचि समेटी छोटो अनुच्छेद कापीमा लेख्नुहोस् ।

१३. जस्ताको त्यस्तै सार्नुहोस् :

कमला र विमला मिल्ने साथी हुन् । उनीहरूका रुचि फरक फरक छन् । कमलालाई केरा खान मन पर्छ । विमलालाई आँप खान मन पर्छ । कमलालाई गीत गाउन मन पर्छ । विमलालाई कथा भन्न मन पर्छ । कमलालाई रातो रङ मन पर्छ । विमलालाई हरियो रङ मन पर्छ । कमलालाई गुलियो कुरा खान मन पर्छ । विमलालाई अमिलो कुरा खान मन पर्छ । कमला र विमलाका जस्तै सबैका आआफ्ना रुचि हुन्छन् ।

## पाठ १५

१. लय मिलाई गाउनुहोस् :

# सबेरै उठ हे प्यारा !

- चक्रपाणि चालिसे



सबेरै उठ हे प्यारा !
बिहान सुतुवा भनी
नपाउन् अरूले भन्न
तिमीलाई कतै पनि ।

सफा पोसाक पहिरी
पुरानै त्यो छ तापनि
नुहाऊ वा मुखै धोऊ
खडा हौ फुर्तिलो बनी ।

फोहोरी मानिसै मात्र
शौचमा अल्छी मान्दछन्
देखी तिनीहरूलाई
सारा लोक घिनाउँछन् ।

२. तपाईं बसोबास गर्ने समुदायका मानिसले गाउने गरेको आफूलाई मन पर्ने गीत गाएर सुनाउनुहोस् ।


३. खाली ठाउँमा ल्ला, क्क, त्त, न्जा, न्जी, च्न र प्लो थपेर शब्द भन्नुहोस् र लेख्नुहोस् :

जस्तै : स........ह सल्लाह

होह........ दि........ चि........ भा........

भा........ भाँ........ चि........

## ४. चित्र हेरी वर्णन गर्नुहोस् :




## ५. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

| एकवचन | स्त्रीलिङ्ग | बहुवचन |
|---|---|---|
| सेतो | सेती | सेता |
| हाम्रो | ................................ | ................................ |
| ................................ | तिम्री | ................................ |
| ................................ | मेरी | ................................ |
| ................................ | ................................ | साना |
| ................................ | ................................ | बाठा |

## ६. दोहोऱ्याएर पढ्नुहोस् :

पोखराकी पातलीले पूजा गरिन् । पुजारीले पातलीलाई पैसा दिए । पातलीले पटुकामा पैसा राखिन् । पातली पसलमा पसिन् । पातलीले पोकाको पापड किनिन् । पातलीले पिँढीमा बसी पापड खाइन् ।

## ७. पढ्नुहोस् र उत्तर भन्नुहोस् :



### हाम्रा सम्पत्ति

हात्तीवनमा हात्ती बस्थ्यो । स्याङ्जामा स्याल बस्थ्यो । हेलम्बुमा हरिण बस्थ्यो । चितवनमा चितुवा बस्थ्यो । घान्द्रुकमा घोरल बस्थ्यो । दधिकोटमा दुम्सी बस्थ्यो । लामटाङमा लङ्गुर बस्थ्यो । सिरहामा सिंह बस्थ्यो । गैँडाकोटमा गैँडा पुग्यो । भकुन्डेमा भालु थियो । घोडा घरमै बस्थ्यो । सबै जनावर भेट भए । उनीहरूलाई चिडियाखाना लगियो । त्यहाँ सबै जनावरहरूलाई बस्ने ठाउँ बनाइएको थियो । सबै उतै बस्न थाले । त्यहाँ हाब्रे र पान्डा पनि आए । उनीहरूले जिराफ र जेब्रालाई पनि बोलाए । केहीले वनस्पति खान्थे । केहीले कन्दमूल खान्थे । केहीले झ्यासझुस खान्थे । हाब्रेलाई हाच्छिउँ आउँदा पान्डा तर्सिन्थ्यो । जेब्राले जिब्रो निकाल्दा जिराफ लम्किन्थ्यो । यिनीहरू सबैले हामीलाई कति रमाइलो बनाएका छन् । यी सबै हाम्रा सम्पत्ति हुन् । यी सबैको रक्षा गर्नु हाम्रो दायित्व हो ।

**(क) हात्तीवन, स्याङ्जा र हेलम्बुमा के के बस्थे ?**

**(ख) सिरहामा को बस्थ्यो ?** **(ग) के हुँदा पान्डा तर्सिन्थ्यो ?**

**(घ) के हुँदा जिराफ लम्किन्थ्यो ?** **(ङ) हाम्रो दायित्व के हो ?**

## ८. मिल्ने शब्द राखी वाक्य पूरा गर्नुहोस् :

(क) .......... ! कति राम्रो फूल फुलेछ । (आत्था, आहा, कठै)

(ख) .......... ! फोहोरमा नखेल । (आहा, छि, वाह)

(ग) .......... ! तिमीले राम्रो काम गर्‍यौ । (स्याबास, उफ्, धत्)

(घ) .......... ! कति चिसो बढेको । (आहा, बिचरा, आच्छु)

(ङ) ए .......... ! यता आऊ त । (सानी, पानी, ठानी)

## ९. उल्टो अर्थ दिने शब्द चिनेर जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सुरु | बेठिक |
| न्याय | झुटो |
| बढी | किनेको |
| साँचो | अन्तिम |
| बेचेको | घटी |
| ठिक | दुर्जन |
| सज्जन | अन्याय |

## १०. शब्दको क्रम मिलाएर सार्नुहोस् :

(क) नङ काट्छु म । ..........................................................................................

(ख) कोर्छु कपाल म । ..........................................................................................

(ग) कथा पढ्छौँ हामी । ..........................................................................................

(घ) खाना म खान्छु आफैँ । ..........................................................................................

## ११. तलको तालिकाबाट पाँचओटा वाक्य बनाई लेख्नुहोस् :

जस्तै : बुबा खाजा खानुहुन्छ ।

| | | | |
|---|---|---|---|
| बुबा | | खान्छु । | १. .......................................................................... |
| म | | खान्छौँ । | २. .......................................................................... |
| भाइ | खाजा | खान्छ । | ३. .......................................................................... |
| बहिनी | | खान्छे । | ४. .......................................................................... |
| हामी | | खानुहुन्छ । | ५. .......................................................................... |

## १२. सुन्नुहोस् र उत्तर लेख्नुहोस् :

### ग्याँसको गुनासो



आमा भान्साकोठामा जानुभयो । ग्याँस रुँदै थियो । आमाले सोध्नुभयो, "किन रोएको ग्याँस ? तिमी रोयौ भने त घरमा दुर्गन्ध फैलिन्छ ।" ग्याँस झन् रुन थाल्यो । उसले रुँदै भन्यो, "अरूले त मलाई गन्धे भनेर हेप्थे । तपाईँले पनि हेप्नुभयो ।" आमाले कुरा बुझ्नुभएन । उसले भन्यो, "म आफू जलेर सिद्धिन्छु । म ध्वाँसो निकाल्दिनँ । आवाज निकाल्दिनँ । कसैको श्वासप्रश्वासमा बाधा पुऱ्याउँदिनँ । सबैको स्वास्थ्यमा ख्याल गर्छु । म पानी तताइदिन्छु अनि सबैले सुरुप्प पिउँछन् । म लिटो पकाइदिन्छु । सबैले कुपुकुपु खान्छन् । मैले पकाएको खाना मिठो हुन्छ । मैले पकाएको दाल र तरकारी मिठो हुन्छ । म चाहिँ गन्धे हुन्छु त ?" आमाले कुरा बुझ्नुभयो । आमाले ग्याँसलाई राम्ररी पुछ्नुभयो । सफा बनाउनुभयो । रेगुलेटर राम्ररी बन्द गर्नुभयो । ग्याँस मुसुक्क हाँस्यो । "अब त म पहिले जस्तो धेरै आउँदिन ।", ग्याँसले भन्यो । "किन आउँदैनौ ?", आमाले सोध्नुभयो । "मेरो सट्टामा बिजुली आइसकेको छ ।", ग्याँसले भन्यो । आमा दङ्ग पर्नुभयो ।

(क) के हुँदा घरमा दुर्गन्ध फैलिन्छ ?

..............................................................................................................

(ख) ग्याँसका सट्टामा केमा खाना पकाउन सकिने रहेछ ?

..............................................................................................................

(ग) ग्याँसमा हामी के के खानेकुरा पकाउँछौँ ?

..............................................................................................................

(घ) ग्याँस किन मुसुक्क हाँस्यो ?

..............................................................................................................

## १३. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) आमाले मुख.................................. । (धुन्छिन्, धुनुहुन्छ, धुन्छ)

(ख) काकाले नङ .................................। (काट्छ, काट्छे, काट्नुहुन्छ)

(ग) पवनले सफा कपडा .......................। (लगाउँछन्, लगाउँछे, लगाउँछिन्)

(घ) रमा किताबको जतन .....................। (गर्छ, गर्छिन्, गर्छन्)

## १४. तपाईँलाई मन पर्ने जनावरको चित्र बनाएर त्यसका बारेमा पाँच वाक्यमा वर्णन गर्नुहोस् ।

## १५. आफ्ना बारेमा लेख्नुहोस् :

नाम : ..................................................................................................................................

वर्ष : ..................................................................................................................................

ठेगाना : ..............................................................................................................................

विद्यालयको नाम : ..................................................................................................

बुबाको नाम : ....................................................................................................................

आमाको नाम : ..................................................................................................................

आफ्ना रुचि :

१. ....................................................................................................................................

२. ....................................................................................................................................

३. ....................................................................................................................................

## १६. उदाहरणमा जस्तै दशओटा क्रियापदमा घेरा लगाउनुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| ग | खा | हा | ला | गा | अ |
| पा | यो | ज | भ | यो | जा |
| श्यो | नि | ठा | न्यो | हा | थि |
| सो | ध्यो | हि | त्यो | ग | ए |
| का | का | लो | भि | यो | क |
| गा | ड्यो | क | चि | न्यो | प |

## १७. अहिले कुन महिना हो, भित्तेपात्रो बनाउनुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| वैशाख | जेठ | असार | साउन | भदौ | असोज |
| कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |

........................ साल ........................................ महिना

| आइतबार | सोमबार | मङ्गलबार | बुधबार | बिहीबार | शुक्रबार | शनिबार |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## ७. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) लय मिलाई गाउनुहोस् :**

घर सानो सानो, टायलको छानो
झ्यालढोकामा बुट्टा, थाम घरका खुट्टा
घरको दुई तला, काठका छन् बला
झरी छेक्ने पाली, गोठमाथि छ्वाली

**(ख) जोडेर पढ्नुहोस् र लेख्नुहोस् :**

व्या + पा + री → ..........

छ्या + पी → ..........

म + ङ्सि + र → ..........

**(ग) शब्द पढ्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

बाख्रा, कृषक, हाच्छिउँ, होहल्ला, पर्यटक

**(घ) सुन्नुहोस् र उत्तर भन्नुहोस् :**

हेलम्बुका कृषक असल र फुर्तिला छन् । उनीहरूले चौँरीगाई पालेका छन् । गाउँनजिकैको जङ्गलमा चौँरीगाई चर्छन् । मृग र घोरल सँगै खेल्छन् । चमेरो, लामपुच्छ्रे र कालिज कृषकका घरमा आउँछन् । आहारा खान्छन् । गाउँका सबैले ती जनावरलाई माया गर्छन् । टाढा टाढादेखि मानिसहरू हेलम्बु आउँछन् । गाउँका मानिसले पाहुनालाई स्वागत गर्छन् । जङ्गलका जनावरहरू देखेर मक्ख पर्छन् । हामी पनि हेलम्बु घुम्न जाऔँ है ।

(अ) हेलम्बुका कृषक कस्ता छन् ?
(आ) जङ्गलमा कुन कुन जनावर छन् ?
(इ) मानिसहरू किन मक्ख परे होलान् ?
(ई) तपाईं कुन कुन ठाउँ घुम्नु भएको छ ?

**(ङ) खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :**

(अ) सुसानले आलु .................................. । (काटे, काटी, काट्ने छिन्)
(आ) कृषकले खेत .................................. । (खनी, खने, खन्ने छिन्)
(इ) मिलनले तरकारी .................................. । (केलाए, केलाई, केलाइन्)

(च) **तपाईंले बिहान ६ बजेदेखि ९ बजेसम्म गर्ने काम लेख्नुहोस् :**

बिहान ६ बजे ..........

बिहान ७ बजे ..........

बिहान ८ बजे ..........

बिहान ९ बजे ..........

(छ) **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सर्प र छेपारो | आकाशमा उड्ने |
| माछा र कछुवा | जमिनमा हिँड्ने |
| चमेरो र सुगा | घस्रेर हिँड्ने |
| गाई र भैँसी | पानीमा पौडने |

(ज) **पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

उर्मिला जङ्गलतिर घुम्न गएकी थिइन् । उनले जङ्गलमा दुईओटा सुगा भेटिन् । सुगा राम्रा थिए । उर्मिलालाई सुगा घरमा लैजान मन लाग्यो । उनले सुगालाई आहारा दिइन् । दुवै सुगा आई आहारा खाए । सुगा उस्तै र उत्रै देखिन्थे । सुगा पनि उर्मिलासँगै उनको घरमा गए । उर्मिलाले सुगा बस्ने गुँड बनाइदिइन् । सुगा खुसी हुँदै गुँडमा बसे । बिहान हुनेबित्तिकै एउटा सुगाले भजन गायो । अर्काले चाहिँ नराम्रो शब्दमा गाली गर्‍यो । उर्मिलाले कुरा बुझिन् । एउटा सज्जनकहाँ बसेको रहेछ । अर्काको सङ्गत राम्रो रहेनछ । उर्मिलाले त्यो सुगालाई पनि असल बोलीवचन सिकाइन् ।

(अ) उर्मिलाले जङ्गलमा कसलाई भेटिन् ?

..........

(आ) एउटा सुगाले किन गाली गर्न थालेको होला ?

..........

(इ) उर्मिलाले गाली गर्ने सुगालाई के सिकाइन् ?

..........

शिक्षकको हस्ताक्षर : ............. अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# हाम्रो संस्कृति

## पाठ १६

### १. लय मिलाई गाउनुहोस् :



#### दसैँ

-कविशिरोमणि लेखनाथ पौडेल

हट्यो सारा हिलोमैलो, हरायो पानीको वर्षा
भवानीको भयो पूजा, चल्यो आनन्दको चर्चा ।

जता जाऊँ उतै भन्छन्, दसैँ आयो दसैँ आयो
यही आनन्द चर्चाले, सबै सङ्कष्ट बिर्सायो ।

ठुला साना सबैलाई, दसैँ अत्यन्तै राम्रो छ
चलेका चाडमा ज्यादै, यही उत्कृष्ट हाम्रो छ ।

सबै अत्यन्त आनन्दी, सबै छन् पिङमा दङ्ग
सबैको देखिँदै आयो, उज्यालो चेहेरा रङ्ग ।

### २. तलका शब्द प्रयोग गरी तपाईँको घरमा मनाइने कुनै एक चाडका बारेमा वर्णन गर्नुहोस् :

राम्रा लुगा, मिठो खाना, धेरै पाहुना, घुमघाम, रमाइलो, हाँसखेल, नाचगान

### ३. तलका शब्दहरू पढ्नुहोस् र लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| भक्का ................ | इद ................ | ख्याली ................ | ट्याम्को................ |
| झ्याली ................ | गम्छा ................ | ल्होसार................ | छठ ................ |

## ४. चित्र हेरी वर्णन गर्नुहोस् :




## ५. छिटो छिटो पढ्नुहोस् :





## ६. अन्तिममा आउने वर्णबाट शब्द बनाउँदै जानुहोस् र कापीमा लेख्नुहोस् :

छिर्बिरि, रेखा, खाम, महल, लसुन, नकुल, लहरा, रारा

## ७. सुन्नुहोस् र उत्तर लेख्नुहोस् :

### साथी



जङ्गलमा स्याल, फ्याउरो, ब्वाँसो र मृग बस्थे । स्याल छट्टु थियो । फ्याउरो चलाख थियो । मृग सोझो थियो । ब्वाँसो खराब थियो । एक दिन ब्वाँसाले सबैलाई फकायो । अबदेखि आफू असल बन्ने वाचा गऱ्यो । सबै जना साथी बनी खेल खेलौँ भन्यो । ब्वाँसाको कुरा सबैले माने । उनीहरू मक्ख परेर नाच्न र खेल्न थाले । खेल्दाखेल्दै ब्वाँसाले मृगलाई भन्यो, “साथी, तिमीलाई एउटा अचम्मको कुरा भन्छु । यता आऊ त ।” मृगले ब्वाँसाको कुरा मान्यो । यही मौका पारेर ब्वाँसाले मृगलाई मार्न झम्टियो । मृग डराएर करायो, “गुहार ! गुहार ! साथीहरू ! छिटो आओ । ब्वाँसाले मलाई मार्न लाग्यो ।” मृगको आवाज सुनेर फ्याउरो र स्याल कुद्दै आए । उनीहरूलाई देखेर ब्वाँसो भाग्यो । मृगले भन्यो, “अब त म असल विचार भएकालाई मात्र साथी बनाउँछु ।” मृगको कुरा स्याल र फ्याउरालाई मन पऱ्यो । उनीहरू पनि आफ्ना साथी खोज्न हिँडे ।

**(क) मृग र स्यालहरू कोसँग डराउँथे ?**

..........................................................................................................................

**(ख) मृग ब्वाँसोसँग किन गयो ?**

..........................................................................................................................

**(ग) मृग कसरी बच्यो ?**

..........................................................................................................................

## ८. शिक्षकको सहयोग लिई खाली ठाउँमा मिल्ने चिह्न भर्नुहोस् :

। ? , !

तिम्रो बारीमा फलफूल छन् कि छैनन् ..... मेरो बारीमा आँपको रुख छ .... आहा .......... आँप त पाकेको रहेछ । ल हिँड, आँप टिपेर खाऔँ । हिजो बुबा .......... बहिनी र म आँप टिप्न गएका थियौँ । एक झोला आँप ल्याएका थियौँ । सबै आँप हिजै खाएर सकियो ..........

## ९. मिल्ने शब्द लेख्नुहोस् :

(क) म राम्ररी .............................. । (पढ्छु, खान्छ, गयो)

(ख) उसले राम्रो चित्र .............................. । (चराउँछ, बनाउँछ, गाउँछ )

(ग) म विद्यालय .............................. । (गएँ, खाएँ, बनाएँ)

(घ) रमाले मलाई सहयोग .............................. । (गर्छिन्, रिसाउँछिन्, हँसाउँछिन्)

(ङ) भाइले चित्रमा रङ .............................. । (भऱ्यो, लेख्यो, झिक्यो)

## १०. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| चट्याङ | धेरै बत्तीको उज्यालो |
| दुर्लभ | भुवा |
| झिलिमिली | बिजुली चम्कँदा आउने ठुलो आवाज |
| भुत्ला | सजिलैसित नपाइने |

## ११. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

छ्वाली : ..............................................................................................................

स्वाद : ..............................................................................................................

लाम्चो : ..............................................................................................................

सुग्घर : ..............................................................................................................


## १२. लय मिलाई गाउनुहोस् र उत्तर भन्नुहोस् :

### हाँसेछ सर्प मुसुक्कै

भ्यागुतो खेतमा आएछ
मिठो गाना गाएछ
सर्पले थाहा पाएछ
सुटुक्क मुख बाएछ ।

न्याउरी मुसो आएछ
मुखुन्डो कालो लाएछ
बाटामा सर्प देखेछ
पहरासम्मै खेदेछ ।

निदायो मुसो भुसुक्कै
हाँसेछ सर्प मुसुक्कै
कराई चरी उडेछ
डराई मुसो भागेछ ।



(क) कसले गाना गाएछ ?

(ख) सर्प किन भागेछ ?

(ग) मुसो नभागेको भए के हुन्थ्यो होला ?

## १३. तपाईँलाई मन पर्ने बाजाका बारेमा पाँच वाक्य लेखी शिक्षकलाई देखाउनुहोस् :

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

## पाठ १७

### १. लय मिलाई गाउनुहोस् :



**सुन्दर देश हाम्रो**

हिमाल राम्रो छ, गुराँस राम्रो
पहाड राम्रो छ, तराई राम्रो
नदी र नाला, अनि लेक राम्रो
नेपाल यो देश, अतीव राम्रो ।

चौँरी चर्‍यो, उत्तर भेक राम्रो
बाली झुल्यो, दक्षिण फाँट राम्रो
हामी मिलौँ, बन्छ समस्त राम्रो
यो विश्वको, सुन्दर देश हाम्रो ।

साभार : महेन्द्रमाला

### २. तलको सूचना पढी सोधेका प्रश्नको उत्तर भन्नुहोस् :

सूचना

**किताबको जतन गरौँ**

भाइबहिनीहरू ! हामीले किताब जतन गर्नुपर्छ । किताब सफा र राम्रो हुनुपर्छ । सफा किताब सबैलाई पढौँ पढौँ लाग्छ । तपाईँहरू पनि आफ्नो किताबको जतन गर्नुहोला ।

पाठ्यक्रम विकास केन्द्र

(क) किताबलाई के गर्नुपर्छ ?

(ख) किताब किन सफा र राम्रो हुनुपर्छ ?

(ग) तपाईँका किताब कस्ता छन् ?

### ३. रेडियोबाट बज्ने कुनै एउटा कार्यक्रम सुनी त्यसका बारेमा पाँच वाक्य टिप्नुहोस् र कक्षाका साथीलाई सुनाउनुहोस् ।

४. 'गर्' को 'गरिन्' जस्तै गरी शब्द लेख्नुहोस् र पढ्नुहोस् :

| | | | |
|---|---|---|---|
| गर् | पढ् | बोल् | हेर् |
| गरिन् | ............ | ............ | ............ |
| भन् | पर् | पाल् | हिँड् |
| ............ | ............ | ............ | ............ |
| उठ् | खेल् | कुद् | बस् |
| ............ | ............ | ............ | ............ |

५. वर्ण जोडी दशओटा शब्द बनाई घेरा लगाउनुहोस् र लेख्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| दै | लो | प | ह | ब | क |
| के | फो | ल | र | न्द | प |
| न्या | स्रो | प्या | रो | द्या | क |
| खे | झ्वा | ट्ट | ज | फ्या | प |
| प्वाँ | ख | न | रा | टो | ल |
| अ | द | ञ | यो | खो | प |
| ङ्ग | ध | क | म | स | ल |

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

६. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

## अबदेखि यस्तो गर्दैनौँ



सहरभरि झिलिमिली बत्ती बलेका थिए । वल्लो र पल्लो घरमा केटाकेटीहरू जम्मा भए । उनीहरू आँगनमा देउसीभैलो खेल्न थाले । छानामाथि बसेर बिरालो म्याउँम्याउँ गरिरहेको थियो । धनुले भन्यो, "मसँग भएको पटका पड्काएर यो बिरालो भगाउँछु ।" रघुले पनि हुन्छ भन्यो । "पटका पड्काउन त आगो चाहिन्छ । आगो खोई नि ?" मधुले भन्यो । म भित्र गएर सलाई ल्याइहाल्छु भन्दै हरि घरभित्र गयो । एकैछिनमा सलाई देखाउँदै हरिले भन्यो, "यी सलाई ।" रघु, धनु र हरि पटकाको वरिपरि झुम्मिए । ऋतुले उनीहरूलाई पटका नपड्काऊ भनिन् । सबै जना जम्मा भए । उनीहरूले छलफल गरे । "पटका पड्किएर आँखामा लाग्न सक्छ । अरू अङ्गमा पनि लाग्न सक्छ । पटकाले लागेमा हामीलाई धेरै दुख्छ ।" ऋतुले भनी । उनका कुरा सबैले माने । उनीहरूले पटका पड्काएनन् ।

(क) केटाकेटी कहाँ जम्मा भए ?

..........................................................................................

(ख) पटकाको वरिपरि को को झुम्मिए ?

..........................................................................................

(ग) केटाकेटीले पटका किन पड्काएनन् ?

..........................................................................................

७. चित्र हेरी मिल्ने शब्दमा गोलो घेरा (O) लगाउनुहोस् :



चङ्गा, पङ्खा, शङ्ख



ब्वाँसो, बिरालो, कुकुर




पन्जा, भोटो, मोजा



ड्याउरो, फ्याउरो, टिउरो

८. लय मिलाई पढ्नुहोस् :

## देश हाम्रो हो



दसैं तिहार हाम्रै हुन् मान्नु राम्रो हो
तिज, इद, जितिया जान्नु राम्रो हो
साकेलामा गीत गाउँदै नाच्नु राम्रो हो
देउडा नाच्दै सानो कम्मर भाँच्नु राम्रो हो ।

रोदीघरमा गई गीत गाउनु राम्रो हो
माघी मान्न जन्मघर धाउनु राम्रो हो
फागु, छठ हाम्रो हो ल्होसार हाम्रो हो
गाईजात्रामा दुःखसुख साट्नु राम्रो हो ।

गौरा, जात्रा, उँधौली सबै हाम्रा हुन्
अनेक भेष, अनेक भाषा सबै हाम्रा हुन्
सबै मिली सँगै बस्ने देश हाम्रो हो
सबै जना मिलीजुली बस्नु राम्रो हो ।

## ९. खाली ठाउँमा सही शब्द लेखी वाक्य बनाउनुहोस् :

| हुने छ | फल्ने छ | भर्ने छ | तर्ने छ |
|---|---|---|---|

(क) मङ्सिरमा धान ........................... ।   (ख) जयबहादुर पहिला ........................... ।

(ग) धीरेन्द्र खोलो ........................... ।   (घ) जनार्दनले पाथी ........................... ।

## १०. सुन्नुहोस् र उत्तर भन्नुहोस् :

### गाउँको विकास



गाउँमा मानिसहरू भेला भए । उनीहरूले गाउँको विकास गर्नेबारे छलफल सुरु गरे । छलफलको सुरुमै छेउघरे काका जुरुक्क उठे र भने, "हैन, हाम्रो गाउँमा के भएको यस्तो ? तरकारीसमेत किन्नुपर्न थाल्यो । खै कसरी हुन्छ विकास ?"

उनका कुरा सुनेर जेठाबाले भन्नुभयो, "अब हामीले सामूहिक खेती गर्नुपर्छ । कोही मिलेर तरकारी खेती गरौँ । समूह बनाएर खेती गरौँ । सामूहिक पशुपालन गरौँ । बाटोघाटो पनि बनाऔँ । पानीका स्रोत संरक्षण गरौँ । यसो गर्दा आम्दानी पनि हुन्छ । गाउँको विकास पनि हुन्छ ।"

"यो त हो तर पारिघरे दाइको एउटा हात छैन । माइली भाउजू आँखा देख्नुहुन्न । उहाँहरूले चाहिँ के गर्ने नि जेठाबा ?" दुई कक्षामा पढ्ने सुमित्राले प्रश्न उठाइन् । ओहो ! कति गम्भीर कुरा गऱ्यौ नानी ! माइली भाउजूले आँखा नदेखेर के भो त ! उनलाई कम्प्युटर चलाउन आउँछ । पारिघरे भाइ र माइली मिलेर अरूले काम गरेको हिसाबकिताब राख्छन् । सामूहिक कामको आम्दानी, ऋण आदि सबै हिसाब राखेर पैसाको व्यवस्थापन उनीहरूबाटै हुन्छ ।

दुवैको अनुहार उज्यालो देखियो ।

"म चाहिँ कमलपोखरीमा हाँस पाल्छु । जङ्गली जनावरबाट बाली जोगाउने काम पनि गर्छु ।" अब गाउँको मुहार फेर्न सबैले यसरी काम गरौँ है त ।

"म चाहिँ यो कुरा गाउँभरि सुनाउँछु है जेठाबा !" सुमित्रा पनि फुरक्क परेर पुछारघरतिर कुदी !

**(क) जेठाबाले के व्यवसाय गर्ने हुनुभयो ?**

**(ख) माइली भाउजूलाई के गर्न आउँदोरहेछ ?**

**(ग) गाउँको विकास कसरी हुन्छ ?**

**(घ) अपाङ्गता भएका मानिसले के के काम गर्न सक्नुहुन्छ ?**

## ११. शब्दको क्रम मिलाएर सार्नुहोस् :

(क) गाईजात्रा मन पर्छ मलाई । ..........

(ख) होलीमा खेलिन्छ रङ । ..........

(ग) घिउचाकु खाइन्छ माघे सङ्क्रान्तिमा । ..........

(घ) हो नयाँ वर्ष वैशाख १ गते । ..........

## १२. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### जात्रा



नवीन आमासँग जात्रामा गए । जात्रामा धेरै मानिसहरू जम्मा भएका थिए । त्यहाँ थरी थरीका खानेकुरा बेच्न राखिएका थिए । नवीनले इमली रोजे । इमली अमिलो थियो । उनलाई इमली मन परेन । उनलाई आमाले नरिवल किनिदिनुभयो । उनले नरिवल खाए । उनले आमासँगै पिङ पनि खेले । त्यहाँ उनले निकै खेलौना देखे । उनलाई जात्रामा रमाइलो भयो । फर्किँदा एउटा रमाइलो कथाको किताब पनि किने ।

(क) नवीन आमासँग कहाँ गए ?

..............................................................................................................

(ख) नवीनलाई आमाले के के किनिदिनुभयो ?

..............................................................................................................

(ग) नवीनलाई जात्रा किन रमाइलो भयो ?

..............................................................................................................

## १३. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

विद्यालय : ..............................................................................................

प्वाँख : ..............................................................................................

जात्रा : ..............................................................................................

सल्लो : ..............................................................................................

## १४. खाली ठाउँमा सही शब्द लेख्नुहोस् :

| | | |
|---|---|---|
| (क) हेलिकोप्टर | .............................. मा उड्छ । | (आकाश, जमिन) |
| (ख) भकुन्डो | .............................. हुन्छ । | (गोलो, चेप्टो) |
| (ग) एक रुपियाँमा | .............................. पैसा हुन्छन् । | (साठी, सय) |
| (घ) ज्याकेट | .............................. सर्ट लगाइन्छ । | (भित्र, बाहिर) |
| (ङ) ढ्याक | .............................. हुन्छ । | (बाटुलो, चेप्टो) |

१५. सञ्जयले पाहुनालाई नमस्कार गर्छन् । बस्नलाई सुकुल र गुन्द्री दिन्छन् । पिउने पानी दिन्छन् । भोक लागेको छ कि छैन भनी सोध्छन् । सञ्जयकहाँ जस्तै तपाईंकहाँ पाहुना आए तपाईं के के गर्नुहुन्छ, कापीमा लेखेर कक्षामा सुनाउनुहोस् ।

## ८. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) शब्दहरू पढी खाली ठाउँमा सार्नुहोस् :**

| लट्ठी | अप्ठ्यारो | अड्डा | मुखुन्डो | छिर्केमिर्के |
|---|---|---|---|---|
| .............................. | .............................. | .............................. | .............................. | .............................. |

**(ख) चित्र अवलोकन गरी पाँच वाक्य भन्नुहोस् :**



**(ग) मिल्ने शब्द राखी वाक्य पूरा गर्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| दुई | सात | वर्षा | बेहुला | जन्तीले |
| निथ्रुक्कै | चिसो | बस्छन् | क्यामेरा | जनालाई |

बुद्ध र सिद्ध मिल्ने मित्र हुन् । उनीहरू कक्षा .................................. मा पढ्छन् । बुद्ध .................................. वर्षका भए । सिद्ध आठ वर्षका भए । बुद्ध सल्लेरीमा .................................. । सिद्ध पनि सल्लेरीमा नै बस्छन् । नाम्चे बजारमा बुद्धको दाइको विवाह थियो । सिद्ध .................................. बोकेर नाम्चे बजार गए । विवाहको दिन .................................. भयो । .................................. र बेहुलीले छाता ओडे । .................................. छाता ओढ्न पाएनन् । उनीहरू .................................. भिजे । सबै .................................. .................................. जाडो भयो । उनीहरू .................................. ले थुरथुर काम्न थाले ।

**(घ) खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :**

(अ) ......................... पुस्तक राम्रो छ । (हाम्रो, हाम्री, हाम्रा)

(आ) खेतमा ......................... भैँसीहरू छन् । (कालो, काली, काला)

(इ) मामाकी छोरी ......................... छिन् । (सानो, सानी, साना)

(ई) मन्दिरा र महेशले कथा ......................... । (पढ्यो, पढी, पढे)

**(ङ) मिल्ने समूहमा जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| धान र मकै | फलफूलका नाम |
| डडेलधुरा र पाँचथर | बाजाका नाम |
| चोलो र फरिया | ठाउँका नाम |
| आँप र कटहर | अन्नका नाम |
| डमरु र खैजेडी | पोसाकका नाम |

**(च) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

विशाल असल विद्यार्थी हुन् । उनी पढाइ लेखाइमा ध्यान दिन्छन् । घरमा हजुरबुबासँग धेरै कुरा गर्छन् । नातिसँग कुरा गर्दा हजुरबुबा मक्ख पर्नुहुन्छ । एक दिन विशाललाई गाउँघरमा बजाइने बाजाका बारेमा जान्न मन लाग्यो । यो कुरा कसलाई सोध्ने भन्ने विचार गरे । घरमा मितबा आउनुभएको थियो । आज मितबासँग कुरा गर्ने निधो गरे । "गाउँघरमा कुन कुन बाजा छन् ?" उनले मितबालाई सोधे । ट्याम्को, दमाहा, ढोलक, सनाई, झ्याम्टा, कर्नाल गाउँघरका बाजा हुन् । यस्ता बाजा शुभकार्यमा बजाइन्छ । अरू पनि धेरै बाजाहरू छन् । पर्वअनुसार फरक फरक किसिमका बाजा बजाइन्छ बाबु भनेर मितबाले जवाफ दिनुभयो । विशाल खुसी भए ।

(अ) विशाल कस्ता विद्यार्थी हुन् ?

..............................................................................................................................

(आ) विशाललाई के कुराको जिज्ञासा लाग्यो ?

..............................................................................................................................

(इ) मितबाले कुन कुन बाजाको नाम भन्नुभयो ?

..............................................................................................................................

(ई) तपाईँलाई अरू कुन कुन बाजाको नाम थाहा छ ?

..............................................................................................................................

**(छ) मानिसहरूले कस्ता कस्ता पोसाक लगाउँछन्, पाँचओटाको नाम लेख्नुहोस् :**

दौरा, सुरुवाल .............................. ............................ ........................

............................ ........................

शिक्षकको हस्ताक्षर : .............  अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# सञ्चार प्रविधि र बजार

## पाठ १८

१. लय मिलाई गाउनुहोस् :



### मानापाथीले

विदेशबाट चिठी आयो कान्छा मामाको
खुसीले मन गद्गद भयो हाम्री आमाको
वरपर हल्ला भयो गाउँघरमा
यताउता चर्चा चल्यो घर घरमा ।
जोडघटाउ चल्न थाल्यो आउने दिनको
सबै खुसी सबै दङ्ग किन किन हो ?
मामा छिट्टै आउने अरे भन्यो साथीले
खुसी नाप्न मिल्दैन है मानापाथीले !

२. चित्र हेरी वर्णन गर्नुहोस् :



## ३. जोडेर भन्नुहोस् र लेख्नुहोस् :


दाजु + भाइ → दाजुभाइ

चुरा + पोते → ............

सियो + धागो → ............

भेडा + बाख्रा → ............

## ४. शब्द शब्द जोडी नयाँ शब्द लेख्नुहोस् :




## ५. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

जन्मदिन : ..............................................................................................................

नुनतेल : ..............................................................................................................

गाईगोठ : ..............................................................................................................

केटाकेटी : ..............................................................................................................

६. पालैपालो पढ्नुहोस् :

## कसलाई थाहा छ ?



सलमा : सर्प र छेपारो घस्रेर हिँड्छन् । माछा र कछुवा पानीमा पौडिन्छन् । ती प्राणी किन सधैँ सुत्छन्, सुमन ?

सुमन : ती सुतेका हुन् र ? होइनन् होला । किन सोधेकी तिमीले ?

सलमा : हामी पनि नसुती पौडिन सक्दैनौँ । पौडिन सिक्नका लागि सुतेका होइनन् र ?

सुमन : होइनन्, ढाड नभएर हो । गँड्यौला, कमिला, चिप्लेकिरा र झिँगाको पनि ढाड हुँदैनन् । ढाड नभएकाले तिनीहरू उभिएर हिँड्न नसकेका हुन् ।

सलमा : त्यसो भए तिमीले माछा खाएका छौ कि छैनौ ? माछाको ढाड हुन्छ कि हुँदैन ? सर्पको पनि काँडा हुन्छ भन्ने त थाहा छ नि ? तिनीहरू किन नहिँडेका त, सुमन ?

सुमन : खोई, त्यो त मलाई पनि थाहा छैन । तिनीहरूको खुट्टा नभएर त होला नि ।

सलमा : ककसलाई थाहा छ त ?

सुमन : यी सबै कुरा शिक्षकलाई थाहा हुन्छ होला ?

सलमा : जाऔँ न त दुवै जना । (शिक्षकसँग सोध्न भनी दुवै कक्षातिर लागे ।)

## ७. खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

(क) आज रेडियोमा बुबा .................................... । (बोल्नुभयो, नाच्नुभयो)


(ख) टिभीमा हिमाल .................................... । (सुकायो, देखियो)

(ग) मोबाइलबाट .................................... गर्न सकिन्छ । (कुराकानी, नुहाइधुवाइ)

(घ) मैले कम्प्युटर .................................... । (खोलेँ, खोल्नुभयो)

## ८. सुन्नुहोस् र उत्तर लेख्नुहोस् :

### डेस्क र बेन्च



एउटा कक्षाकोठा थियो । त्यहाँ अग्लो डेस्क थियो । डेस्कलाई सबैले दाजु भन्थे । होचो बेन्च थियो । बेन्चलाई सबैले भाइ भन्थे । डेस्कबेन्च साथी साथी थिए । ती दुई त्यति चर्को स्वरले बोल्दैनथे । खालि गुनगुन गरी कुरा गर्थे । त्यो गुनगुन झ्यालढोकाले सुने । डेस्क भन्दै थियो, “मलाई त ममाथि बस्ने मान्छे मन पर्दैन ।” बेन्च भन्दै थियो, “मलाई पनि ममाथि खुट्टाले टेक्ने मान्छे मन पर्दैन ।” डेस्कलाई आफूमाथि किताबकापी राखेको मन पर्छ रे । बेन्चलाई आफूमाथि विद्यार्थी बसेको मन पर्छ रे । यो कुरा झ्यालढोकाले सबै विद्यार्थीलाई सुनाए । विद्यार्थीहरूले भने, “हामी पनि डेस्कबेन्चलाई मन पर्ने काम मात्र गर्छौं ।”

(क) सबैले बेन्चलाई के भनी बोलाउँथे ?

........................................................................................................................

(ख) डेस्कबेन्च कसरी कुराकानी गर्थे ?

........................................................................................................................

(ग) विद्यार्थीले किन डेस्कबेन्चलाई मन पर्ने काम गर्ने विचार गरे ?

........................................................................................................................

## ९. मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् :

(क) म ........................................बाट इमेल गर्छु । (कम्प्युटर, कुकर, बाल्टिन)

(ख) पानीबाट ........................................ निकालिन्छ । (घाम, जून, बिजुली)

(ग) भान्जी ........................................बाट कुरा गर्छिन् । (टेलिफोन, डोरी, धागो)

(घ) आमा ........................................मा उड्नुहुन्छ । (मोटरसाइकल, माइक्रो बस, हवाईजहाज)

(ङ) मीना मेसिनले पानी ........................................। (तान्छिन्, तान्छन्, तान्छु)

## १०. साथीले पढेको सुनी लेख्नुहोस् :

अब्दुल खेती गर्छन् । खेतबारीमा प्रशस्त अन्न, तरकारी र फलफूल फलाउँछन् । उनी तरकारी र फलफूल बेच्छन् । उनले तरकारी र फलफूल बेचेर आएको पैसा बैङ्कमा बचत गर्छन् । उनका छोराछोरी विद्यालयमा पढ्छन् । छोराछोरीलाई आवश्यक परेका सामान किनिदिन्छन् । छोराछोरी खुसी हुँदै विद्यालय जान्छन् ।

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

## ११. पढ्नुहोस् र उत्तर भन्नुहोस् :

### भान्सामा भान्जा



साना भान्जा मामाघर आए । माइजू भान्साकोठामा हुनुहुन्थ्यो । भान्जाले भान्साकोठामा गएर माइजूलाई नमस्कार गरे । मामा पूजाकोठामा हुनुहुन्थ्यो । पूजाकोठामा गएर मामालाई नमस्कार गरे । उनी फेरि भान्साकोठामा फर्किए । त्यहाँ अरू केटाकेटी पनि आएका रहेछन् । माइजूको आँखा छलेर थालकचौरा चलाउन थाले । मामा भान्साकोठामा आउनुभयो । मामामाइजूले केटाकेटीलाई खाना खान दिनुभयो । केटाकेटीले दालभात नखाने भने । तिनले दुधभात खान्छौँ भने । मामाले दुध र भात दिनुभयो । दुधमा तर पनि लागेछ । माइजूले भान्जालाई पनि दुध, भात र तरकारी दिनुभयो । भान्जाका भागमा धेरै तर परेछ । भान्जाले तरसँग भात मुछेर खाए । तरकारी त अझै बाँकी रह्यो । अब भान्जाले तरकारी के गर्लान् ?

(क) मामा कहाँ हुनुहुन्थ्यो ?

(ख) केटाकेटीलाई कसले खान दियो ?

(ग) भान्जाले किन तर र भात खाए ?

(घ) भान्जाले तरकारी के गरे होलान् ?

### १२. तलको उदाहरणमा जस्तै मिल्ने वाक्य बनाई लेख्नुहोस् :

जस्तै : मैले भुसुक्क बिर्सिएँ ।

तैँले भुसुक्क बिर्सिस् ।

उसले भुसुक्क बिर्सियो ।

तिमीले ..............................

उसले केरा ल्यायो ।

मैले ..............................

म सुकुलमा थचक्क बसेँ ।

हामी ..............................

मैले धन्यवाद दिएँ ।

उनले ..............................

### १३. तपाईँ किन बजार जानुहुन्छ, छओटा काम लेख्नुहोस् :

..............................

..............................

..............................

..............................

..............................

..............................

## पाठ १९

### १. लय मिलाई गाउनुहोस् :




### पानीघट्ट

पानीघट्ट घ्वाइँघ्वाइँ
मकै पिस्छ ऱ्वाइँऱ्वाइँ
चामल, गहुँ, सुठो
पिस्छ छिटो छिटो ।

दुइटा ढुङ्गा कुँदेर
ठुलो सोली बुनेर
घट्ट कसले बनायो ?
कस्तो बुद्धि लगायो !

### २. दिइएका वस्तु के कामका लागि प्रयोग गरिन्छन्, चित्र हेरी भन्नुहोस् :



### ३. जोडेर भन्नुहोस् र लेख्नुहोस् :

डोको + नाम्लो → डोकोनाम्लो

ढिकी + जाँतो → ______

साग + पात → ______

ढुटो + पिठो → ______

## ४. चित्र हेरी वर्णन गर्नुहोस् :



## ५. शब्द पत्ता लगाई कापीमा लेख्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| ग | चाँ | ढि | की | जाँ | तो |
| र | जो | ड | घ | टा | उ |
| ग | पाँ | ग | ग | री | ग |
| र्ती | जो | ता | तो | खे | र्ती |
| त | ल | मा | थि | त | ग |
| मा | ना | पा | थी | म | कै |

## ६. छिटो छिटो पढ्नुहोस् :

### शुभकामना

श्री आयुष

गीत गाएर पहिलो हुनुभएकामा तपाईँलाई बधाई छ । तपाईं पछि गएर सफल गायक बन्नुहोस् । तपाईँ सिपालु र सबैले मन पराउने बन्नुहोस् । हामी सबैका तर्फबाट तपाईँलाई शुभकामना छ ।

शिक्षक तथा विद्यार्थी, कक्षा दुई

## ७. सही शब्द चिनेर लेख्नुहोस् :

| चिठि, चिठी | पाथी, पाथि | वेन्च, बेन्च | साथी, साथि | बत्ती, बत्ति |
|---|---|---|---|---|
| ............................ | ............................ | ............................ | ............................ | ............................ |

## ८. पाठमा रातो बनाइएका शब्दको उच्चारण गर्न सिकाएर साथीलाई पाठ पढ्न लगाउनुहोस् :



### परेवा र कुखुरा

**गुरुआमा** **छोराछोरी**सँग बजार घुम्न जानुभयो । उहाँ **सुनचाँदी** पसलमा पस्नुभयो । गहना किन्नुभयो । सडकको छेउमा राखेका कुखुराका **भालेपोथी** किन्नुभयो । बिहानपख कुखुराको भाले बास्यो । भाले बासेको सुनेर परेवा ब्युँझियो । उसले घरमा नयाँ साथी आएको कुरा थाहा पायो । कुखुरा र परेवा **साथी साथी** भए । उनीहरू चारो खोज्न गोठमा गए । **गाईगोरु** र **बाछाबाछी**सँग कुराकानी गरे । **भेडाबाखा** र **पाठापाठी**सँग **खेतबारी**मा पुगे । त्यहाँ स्याल आयो । स्याल देखेर सबै डरले थरथर कामे । त्यहाँ पाङ्ग्रे कुकुर आयो । पाङ्ग्रेलाई देखेर स्याल भाग्यो ।

## ९. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

गाईगोठ : ..............................................................................

किलोदाम्लो : ..............................................................................

ठुलोसानो : ..............................................................................

घाँसपात : ..............................................................................

## १०. खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् :

| | | | |
|---|---|---|---|
| बचेरा | सिकारी | सर्प | बन्दुक |

रुखमा ढुकुरको गुँड छ । गुँडमा .......... बस्थे । एक दिन त्यहाँ ..........आयो । सिकारीले बचेरालाई मार्ने विचार गऱ्यो । उसले बन्दुक उठायो । बाजले पनि बचेरालाई देख्यो । बाज बचेरा खान आयो । त्यहाँ कालो .......... आएर सिकारीलाई डस्यो । सिकारीको हातको .......... पड्किएर बाज भाग्यो । सिकारी पनि औषधी गर्न दौडियो । ढुकुरका बचेराहरू पनि बचे ।

## ११. उदाहरणमा दिइए जस्तै वाक्य बनाउनुहोस् र कापीमा लेख्नुहोस् :

उदाहरण : रमणले स्विच थिच्छ ।
रमणले स्विच थिच्यो ।

(क) भाइले टेबलमा घडी राख्छ ।

(ख) मानिस रकेट चढेर चन्द्रमामा पुग्छ ।

(ग) तपराज रेडियोमा समाचार सुन्छ ।

(घ) औषधीले हाम्रो रोग निको पार्छ ।

 १२. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :



## ढिकीच्याउँ

दाजु र मैले ढिकीच्याउँ खेल्यौँ । दाजुले भन्नुभयो, "भाइ ! आऊ हामी घुगुती खेलौँ ।" हामी दाजुभाइ कोठातिर लाग्यौँ । "लौजा ! कोठा त सफा गर्नै बिर्सिएछ ।" दाजु र म झसङ्ग भयौँ । हामीले मिलेर कोठा सफा गऱ्यौँ । दाजुले कोठामा भुइँखाट ल्याउनुभयो । मैले भुइँखाटमा ओछ्यान मिलाएँ । ओछ्यानमा आमाका चुरापोते रहेछन् । दाजुले आमाको दराजमा मिलाएर राखिदिनुभयो । दराजमा सियोधागो पनि रहेछ । मैले फूल टिपेर ल्याएँ । दाजुले फूल उनेर माला बनाउनुभयो । बुबा घरभित्र तलमाथि गरिरहनुभएको रहेछ । मैले सोधेँ, "बुबा के भयो ?" "दराजमा सियोधागो थियो । कहाँ गयो ? कहाँ राखेँ भनी खोजेको" बुबाले भन्नुभयो । दाजुले बुबालाई सियोधागो र माला दिनुभयो । बुबाले हामीलाई धन्यवाद दिनुभयो । उहाँ खुसी हुँदै पूजाकोठामा छिर्नुभयो । हामी कोठामा गई घुगुती खेल्न थाल्यौँ ।

(क) दाजुले भाइलाई के भने ?

..........................................................................................................................

(ख) कसले आमाको चुरापोते भेट्टायो ?

..........................................................................................................................

(ग) दाजुले कसरी माला बनाउनुभयो ?

..........................................................................................................................

(घ) बुबा किन खुसी हुनुभयो ?

..........................................................................................................................

## १३. सुन्नुहोस् र उत्तर भन्नुहोस् :

### जगमोहनको काठमाडौँ यात्रा



जगमोहन बुबासँग काठमाडौँ जाने भए । उनीहरू गाडी चढेर धनगढी आइपुगे । धनगढीमा हवाईजहाज थियो । उनीहरू हवाईजहाज चढ्न लागे । टिकट जाँच्नेले सबैको टिकट मागे । उनीहरूले टिकट देखाए । उनीहरू हवाईजहाजभित्र पुगे । जगमोहनले झोला राखे । हवाईजहाज उड्यो । जगमोहन दङ्ग परे ।

**(क) जगमोहन बुबासँग कहाँ जाने भए ?**

**(ख) धनगढीमा के थियो ?**

**(ग) उनीहरूले किन टिकट देखाए ?**

## १४. जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :

सानो बाबु राम्रो छ । ऊ हँसिलो छ । सानो बाबुलाई सबैले माया गर्छन् । ऊसँग धेरै खेल्ने सामान छन् । सानो बाबु सुतेर उठेपछि लिटो खान्छ । ऊ खेल्न थाल्छ । उसका दाजुदिदीहरू उसलाई खेल्न सहयोग गर्छन् । उनीहरूको घरनजिकै नदी पनि छ । उनीहरू कहिलेकाहीँ नदीको किनारतिर जान्छन् । नदीमा माछा खेलेको हेर्छन् र रमाइलो मान्छन् ।

## १५. साथीसँग छलफल गरी भन्नुहोस् :

विद्यालयमा नयाँ शिक्षक आउनुभयो । उहाँले सबैको अनुहार हेर्नुभयो । उहाँले आफ्नो परिचय दिनुभयो । सबै विद्यार्थीलाई आफ्नो परिचय दिन लगाउनुभयो । विद्यार्थीले पालैपालो आआफ्नो परिचय दिए । शिक्षकले रमाइलो कथा सुनाउनुभयो । यसपछि शिक्षकले के गर्नुभयो होला ?

## १६. तालिकामा जस्तै गरी वाक्य बनाउनुहोस् :

| प्रचलित शब्द | शब्द परिवर्तन गरेपछि बन्ने शब्द | प्रयोग |
|---|---|---|
| दाजुभाइ | दिदीभाइ | १. मेरा दाजुभाइ छन् ।<br>२. दिदीभाइ टेलिभिजन हेर्दै छन् । |
| भेडाबाख्रा | गाईबाख्रा | ..........<br>.......... |
| साथीसङ्गी | साथीभाइ | ..........<br>.......... |
| चुरापोते | सिन्दूरपोते | ..........<br>.......... |

## १७. शब्द चिन्नुहोस् र छुट्याएर लेख्नुहोस् :

(क) आकाशमाथिहवाईजहाजउड्यो ।
आकाशमाथि हवाईजहाज उड्यो । ..........

(ख) मेरोमोबाइलकोघन्टीबज्यो ।
..........

(ग) सडकमागाडीगुडे ।
..........

(घ) दिदीबजारजानुभयो ।
..........

## १८. तपाईँले सञ्चार प्रविधिका साधनका बारेमा साथीलाई बताउनुपर्‍यो भने के के भन्नुहुन्छ, घरमा छलफल गरी कापीमा लेख्नुहोस् ।

## ९. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) शब्द जोडेर नयाँ शब्द बनाई भन्नुहोस् र लेख्नुहोस् :**

पूजा + कोठा → ____

झ्याल + ढोका → ____

ढिकी + जाँतो → ____

**(ख) शब्द पढ्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

चिठीपत्र, हवाईजहाज, सागपात, घिउभात

**(ग) सुन्नुहोस् र उत्तर भन्नुहोस् :**

"मुना, उठ ! बिहान भयो" आमाले भन्नुभयो । खाली पेटमा मनतातो पानी पिउनुपर्छ । मैले खाजा बनाएकी छु । गेडागुडीको रस र दालचामलको खिचडी खाजाका लागि राम्रो हुन्छ । ठुलीआमा बर्को ओडेर आउनुभयो । तातो तातो चिया पिउनुभयो । फटाफट पल्लाघर गएर मोबाइलमा कुरा पो गर्न थाल्नुभयो । कस्तो अचम्म !

(अ) आमाले के भन्नुभयो ?

(आ) ठुलीआमाले के गर्न थाल्नुभयो ?

(इ) मुनाकी आमालाई किन अचम्म लाग्यो ?

**(घ) खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :**

(अ) प्रतिष्ठा अहिले जाँतामा दाल.................. । (पिसिन्, पिस्दै छिन्, पिस्यो)

(आ) छोराले भोलि क्याल्कुलेटर .................. । (किन्यो, किन्दै छिन्, किन्ने छ)

(इ) अञ्जनाले हिजो मानापाथीले चामल.................. । (भरिन्, भर्दै छिन्, भर्ने छिन्)

**(ङ) दशओटा शब्द पत्ता लगाएर घेरा लगाउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| कि | आ | सा | ता | ढि | अ |
| दु | लो | हो | रो | ली | लि |
| बा | सि | दा | पा | पा | का |
| ठो | छा | लौ | म्लो | नी | थी |
| टा | नो | बा | टो | टा | ठो |
| ह | जु | र | छी | जाँ | तो |

**(च) शब्द पढी छओटा वाक्य बनाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| म | चउरमा | दौडन्छु । | ................................................ |
| हामी | पानीघट्टमा | दौडन्छौँ । | ................................................ |
| तपाईं | | दौडनु हुन्छ । | ................................................ |
| | | मकै पिस्छु । | ................................................ |
| | | मकै पिस्छौँ । | ................................................ |
| | | मकै पिस्नुहुन्छ । | ................................................ |

**(छ) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

आमा कार्यालय जानुभएको थियो । बुबा सहरबाट आउनुभयो । नुनतेल ल्याउनुभयो । भुइँखाटमा बस्नुभयो । गोजीबाट मोबाइल निकाल्नुभयो । आमासँग कुराकानी गर्न थाल्नुभयो । घाम अस्तायो, साँझ पर्‍यो । आमाले मिठाई र फलफूल ल्याउनुभयो । काकाकाकी आउनुभयो । उहाँले सेलरोटी ल्याउनुभयो । फुपूफुपाजु आउनुभयो । उहाँले धुपबत्ती बालेर पूजा गर्नुभयो । प्रिया र सुमिना भाउजू पनि आउनुभयो । उहाँहरूले बेलुन र उपहार ल्याउनुभयो । दिदीले अचार बनाउन थाल्नुभयो । "आज हाम्रो घरमा किन यस्तो रमाइलो भएको होला ?" आमालाई खुसुक्क सोधेँ । "आज बुबाको जन्मदिन हो नि । सबै मिलेर जन्मदिन मनाउनुपर्छ ।" आमाले भन्नुभयो । हामी सबै खुसी भयौँ । हामीले बुबाको जन्मदिन मनायौँ । बुबाले आमासँग मोबाइलमा गरेको कुरा बल्ल थाहा भयो ।

(अ) आमा कहाँबाट आउनुभयो ?

.....................................................................................................................

(आ) घरमा को को आउनुभयो ?

.....................................................................................................................

(इ) धुपबत्ती बालेर पूजा किन गरिएको रहेछ ?

.....................................................................................................................

(ई) बुबाले आमासँग मोबाइलमा के कुरा गर्नुभएको होला ?

.....................................................................................................................

शिक्षकको हस्ताक्षर : .............          अभिभावकको हस्ताक्षर : ................

विषयक्षेत्र

# हाम्रा क्रियाकलाप

## पाठ २०

१. लय मिलाई गाउनुहोस् :

### आमाको सन्देश

रोगले पार्ला अचेत
फोहोरलाई लखेट
देखिँदैन आकार
धेरै हुन्छन् प्रकार ।

घर पिढीँ आँगन
शरीर सफा राख न
रोग लाग्नु हो खती
खानुपर्छ ओखती ।

हिमाल पहाड मधेस
कति राम्रो सन्देश
फैलाउँछु यो कुरा
देश अनि विदेश ।



२. शिक्षकले देखाएको पत्रिकाको कुनै चित्र वर्णन गर्नुहोस् ।

३. शिक्षकको सहयोगमा मिल्ने शब्द थपी भन्नुहोस् र लेख्नुहोस् :

वनभोज ............... चोलो ............... पानी ............... राम ............... बाबु

## ४. सुन्नुहोस् र उत्तर लेख्नुहोस् :



### गोपीको पोथी

गोपीका घरमा कुखुराको खोर थियो । खोरमा कुखुराका भालेपोथी थिए । पोथीले अन्डा पार्थ्यो । अन्डाबाट चल्ला कोरल्थ्यो । गोपी चल्ला बेच्थ्यो र पैसा कमाउँथ्यो । ग्राहकहरू गोपीसँग भन्थे, "यी भालेपोथीलाई पनि बेच न । हामी किन्छौँ ।" तर गोपी मान्दैनथ्यो । ऊ मनैमन सोच्थ्यो, "यिनीहरूको आनीबानी पनि राम्रो छ । म यिनीहरूलाई कहिल्यै बेच्दिनँ ।" केही वर्षपछि भाले र पोथी बुढा भए । दुब्लाएर उनीहरूका हाडछाला मात्र बाँकी रह्यो । भालेपोथीको हेरचाह गर्न गाह्रो भयो । गोपीलाई पिरमर्का पर्‍यो । भोलिपल्ट ग्राहक आए । तर पनि उसले बेच्न मानेन । गोपीले विचार गर्‍यो, "आफूलाई राम्रो गर्नेलाई हेला गर्नु हुँदैन । तिनलाई सकेको माया दिनुपर्छ ।"

पोथीले नाच्दै भनी, "कक् कक् कक्...!"

भालेले हाँस्दै भन्यो,"कुखरी काँ...!"

**(क) भालेपोथी कहाँ बस्थे ?**

.........................................................................................................................................

**(ख) गोपीले पैसा कसरी कमाउँथ्यो ?**

.........................................................................................................................................

**(ग) पहिले गोपीले भालेपोथीलाई बेच्न किन नमानेको हो ?**

.........................................................................................................................................

**(घ) भालेपोथी किन खुसी भएका होलान् ?**

.........................................................................................................................................

## ५. पढ्नुहोस् र समूहमा नमिल्ने शब्दमा घेरा लगाउनुहोस् :

| | | | |
|---|---|---|---|
| मामामाइजू | मामाघर | मामाभान्जा | चोखोमिठो |
| हजुरबुबा | हजुरआमा | फलफूल | आमाबुबा |
| छोरोछोरी | घरआँगन | दाजुभाइ | दिदीबहिनी |
| लिपपोत | दुधभात | चियानास्ता | दालभात |

## ६. खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

(क) उसले फलफूल ………………………… । (टिप्यो, टिप्नुभयो)

(ख) तिमीले दालभात ………………………… ? (खाइस्, खायौ)

(ग) मामाघर हजुरआमा ………………………… । (हुनुहुन्छ, हुन्छौ)

(घ) हामीले घरआँगन सफा ………………… । (गर्नुपर्छ, गर्दै छिन्)

## ७. उदाहरणमा दिइए जस्तै दशओटा शब्द चिनेर घेरा लगाउनुहोस् र लेख्नुहोस् :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मा | बा | घ | उ | जे | लि | स |
| मा | रा | मा | न | ठो | प | रा |
| भा | आ | मा | बु | बा | पो | स |
| न्जा | छो | घ | दा | ठो | त | र |
| भा | रा | र | इ | ल | ल | स |
| न्जी | छो | टो | भा | का | ह | र |
| ग | री | ल | इ | री | रो | ल |

……………………………………………………………………………………

……………………………………………………………………………………

……………………………………………………………………………………

## ८. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

माछामासु : ..............................................................

डाँडामाथि : ..............................................................

घाँसदाउरा : ..............................................................

साथीभाइ : ..............................................................

## ९. पालैपालो पढ्नुहोस् :

### राधा र कृष्ण



कृष्ण : हिजोआज त देख्दिनँ त राधा तिमीलाई ? के काम गर्दैछ्यौ ?

राधा : आजभोलि निकै काम छ । धेरै पढ्नु छ । लेख्नु पनि छ । मैले धेरै सिक्नु छ ।

कृष्ण : त्यही भएर रहेछ । हिजोअस्ति पनि तिमीलाई खोजेको थिएँ । तिमी त रातदिन पढ्ने लेख्ने काम गर्दै रहिछौ ।खुसी लाग्यो ।

राधा : रातदिन त होइन । दिनभर चाहिँ हो । साँझपख घुम्न जान्छु । राती त सुत्नु पऱ्यो नि !

कृष्ण : काम सकिएपछि भोलिपर्सि भेटौँ है । धेरै कुराकानी गर्नु छ ।

राधा : हुन्छ, म खबर गरौँला ।

## १०. खाली ठाउँमा मिल्ने शब्द लेखी वाक्य बनाउनुहोस् :

| काँक्राफर्सी | किताबकापी | दौरासुरुवाल | जुत्तामोजा |
|---|---|---|---|

(क) बुबाले .................................. लगाउनुभयो ।

(ख) बहिनीले ..................................लगाइन् ।

(ग) मैले ..................................झोलामा राखेँ ।

(घ) खेतालाले बारीमा ..................................रोपे ।

## ११. शब्द शब्द छुट्याएर लेख्नुहोस् :

(क) पल्लोगाउँमाजात्राछ । ....पल्लो गाउँमा जात्रा छ ।.....

(ख) सुमनअघिगयो । ..................................................................................

(ग) मेराअक्षरराम्राछन् । ..................................................................................

(घ) मलाईकथापढ्नमनलाग्छ । ..................................................................................

(ङ) तिमीराम्रोसँगपढ । ..................................................................................

## १२. साथीले पढेको सुनी कापीमा लेख्नुहोस् :

विद्यार्थीहरू धारामा हात धुन लाइनमा बसे । लाइनमा छ जना थिए । अमर अगाडिबाट तेस्रो स्थानमा थिए । उनका अगाडि दुई जना थिए । उनका पछाडि तीन जना थिए । अमरले साथीलाई भने दुईतीन त अघिपछि आउँदो रहेछ । फत्तेमानले भने “तीनचार, चारपाँच, पाँचछ, छसात, सातआठ, आठनौ पनि अघिपछि आउँछन् ।” अमरले सातको अघि र पछि के आउँछ भनी सोधे । उनको चतुर साथीले सात अघि छ र पछि आठ आउँछ भने ।

## १३. तपाईँलाई कसैले धेरै कथाका किताब, कापी र सिसाकलम उपहार दिएमा के गर्नुहुन्छ, कापीमा लेखेर देखाउनुहोस् ।

## पाठ २१

### १. लय मिलाई गाउनुहोस् :



### किसान


खेतीपाती बारीमा
तोरीबारी टारीमा
खेती गर्ने किसान
चाँडै उठ्छन् बिहान ।

खनजोत गर्छन् रे
बिउबिजन छर्छन् रे
अन्नदाता किसान
चाँडै उठ्छन् बिहान ।

गोडमेल गरेर
मल पनि छरेर
दु:ख गर्ने किसान
चाँडै उठ्छन् बिहान ।

वनपाखा गरेर
हावाहुरी सहेर
खेती गर्ने किसान
चाँडै उठ्छन् बिहान ।

### २. चित्र हेरी वर्णन गर्नुहोस् :



## ३. छुट्याएर लेख्नुहोस् र पढ्नुहोस् :


घामछाया → घाम | छाया

खनजोत → ______ | ______

अघिपछि → ______ | ______

फेदटुप्पो → ______ | ______

## ४. शब्द शब्द जोडी नयाँ शब्द लेख्नुहोस् :




## ५. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| बुढापाका | कसैले पारेको अप्ठ्यारो |
| हातखुट्टा | उमेर धेरै भएका |
| पिरमर्का | बानीबेहोरा |
| आनीबानी | शरीरका अङ्ग |

६. पढ्नुहोस् र उत्तर भन्नुहोस् :

## वनभोजको तयारी



जाडोयाम थियो । साथीभाइले भोलि बतासे डाँडामा घुम्न जाऔँ भने ।धुर्मुले थपे, “भोलि घुम्न जाने ! बतासे डाँडा टाढा पर्छ । त्यसैले केही खानेकुरा पनि लैजानुपर्छ ।” शैलेशलाई धुर्मुका कुरा चित्त बुझ्यो । सबैले के लैजाने भनी छलफल गरे । सविनाले भनिन्, “यसपटक तयारी बजारिया सामान नलैजाऊँ । सामान लगेर आफैँ पकाएर खाऔँ, हुन्न ?” दीक्षाले भनिन्, “के के लैजाने त ?” विनाले भनिन्, “सविनाले अब आँटोपिठो लैजाऊँ भन्न बेर छैन ।” कविरले भन्यो, “ठिक छ । त्यसोभए चामल, सागपात, माछामासु र आलु लैजाऊँ ।” सविनाले थपिन्, “तेल, मसला, प्याज, लसुन र अदुवा पनि लैजानुपर्छ है ।” दीक्षाले भनिन्, “नुन खुर्सानी चाहिन्न ? आलुको अचार बनाउन कागती पनि चाहिन्छ ।” विनाले भनिन्, “भाँडा नि भाँडा । भाँडा नै नभए केमा पकाउने ? केमा खाने ?” त्यसपछि सबैले आफूले ल्याउने सामानको भागबन्डा गरे । भोलि बतासे डाँडामा गई रमाइलो गर्ने कल्पनामा रमाए । सबै जना आआफ्ना घर फर्के ।

(क) साथीहरूले कहाँ जाने योजना बनाए ?

(ख) बतासे डाँडामा जाँदा के के लैजाने विचार गरे ?

(ग) भाँडाकुँडा किन चाहिएको होला ?

(घ) तपाईँहरू घुम्न जानुभयो भने के के लैजानुहुन्छ ?

## ७. तालिकामा जस्तै गरी वाक्य बनाउनुहोस् :

| प्रचलित शब्द | शब्द परिवर्तन गरेपछि बन्ने शब्द | प्रयोग |
|---|---|---|
| रातदिन | दिनभर | १. कमल रातदिन पढ्छन् ।<br>२. मैले दिनभर काम गरेँ । |
| हिजोआज | आजभोलि | ...................<br>................... |
| हिजोअस्ति | हिजोआज | ...................<br>................... |
| आजभोलि | भोलिपर्सि | ...................<br>................... |
| चाडपर्व | मेलापर्व | ...................<br>................... |

## ८. उदाहरणमा जस्तै शब्द बनाई लेख्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| घ | र | दै | लो | प | पा |
| ऐँ | चो | पैँ | चो | र | खा |
| मे | पाँ | ग | ग | प | प |
| ला | जो | ता | तो | र | खे |
| पा | ल | मा | थि | त | रा |
| त | भि | र | पा | खा | कै |

...................

...................

...................

...................

...................

...................

## ९. पालैपालो पढ्नुहोस् :

(रञ्जना घरको पेटीमा एक्लै बसेर गट्टा खेलिरहेकी हुन्छिन् । त्यही बेला सजना आउँछिन् ।)



सजना : के गर्दै छौ रञ्जना ? एक्लै एक्लै के खेलेर बसेको ?

रञ्जना : गट्टा खेलेको नि । अरू कोही छैन । त्यसैले एक्लै खेलेर बसेको । बरु तिमी पनि यहीँ बस न । सँगै खेलौँला ।

सजना : तिम्री आमा खै त ?

रञ्जना : मेलापात गर्न जानुभएको छ ।

सजना : कतातिर जानुभएको छ ?

रञ्जना : पाखापखेरामा जान्छु भन्नुहुन्थ्यो ।

सजना : ए, पाखापखेरामा ? घाँसदाउरा लिन जानुभएको होला ।

रञ्जना : हो, घाँसदाउरा ल्याउँछु भन्नुहुन्थ्यो ।

सजना : चुलोचौको सकेर जानुभएको हो ?

रञ्जना : हो, जाने बेलामा "मैले घरको कामकाज सकेकी छु । तिमी घरआँगन र दैलो छाडेर कतै नजानू" भन्नुभएको छ ।

सजना : त्यही भएर तिमी यहाँ बाहिर बसेको ?

रञ्जना : हो, तिमी पनि बस न । दुवै जना मिलेर खेलौँ ।

सजना : हुन्छ नि ।

(दुवै जना गट्टा खेल्न थाल्छन् ।)

## १०. पहिलो वर्णमा चन्द्रबिन्दु लगाएर भन्नुहोस् र लेख्नुहोस् :

आट, बास, गाड, भाडा, काटी, ढाट, गुड

आँट..........................................................................................

## ११. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### सुकुमाया



सुकुमायाको घर बनेपामा छ । उनी नेवार परिवारमा जन्मेकी हुन् । सुकुमाया पटासी लगाउँछिन् । रामविनय मधेसी हुन् । तराईमा बस्दा उनी धोतीकुर्ता लगाउँछन् । अचेल रामविनयको परिवार पनौती बजारमा बस्छ । पनौतीमा बस्दा रामविनय कुर्तासुरुवाल र ज्याकेट लगाउँछन् । सीताराम दौरासुरुवाल लगाउँछन् । नोर्बु शेर्पा हुन् । उनी बक्खु लगाउँछन् । उनका घरमा ल्होसार मनाउँछन् । मेरो नाम सीतामाया हो । मलाई सबै लुगा मन पर्छन् । मलाई आकाशका जूनतारा हेर्न मन लाग्छ । नानीबाबुसँग खेल्न मन लाग्छ । जुत्ताचप्पल लगाएर दगुर्न मन लाग्छ । तिमीलाई के के गर्न मन लाग्छ ?

**(क) बक्खु लगाउनेको नाम के हो ?**

..........................................................................................

**(ख) कसको घरमा ल्होसार मनाउँछन् ?**

..........................................................................................

**(ग) कसलाई जूनतारा हेर्न मन लाग्छ ?**

..........................................................................................

## १२. सच्याएर कापीमा लेख्नुहोस् :

जस्तै : प्वाल प्वाल

प्वाल, क्वाप्प, स्याल, खोज्न, पोल्यो, भन्यो, पन्जा, हेर्‍यो, चम्चा, पल्लो, बन्छ, पक्का, डस्छ

## १३. खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

| गाईगोरु | भेडाबाख्रा | वन | घाँसपात | गोठ | खोर | गाईवस्तु | किसान |
|---|---|---|---|---|---|---|---|

.................... गोठमा बस्छन् । .................... खोरमा बस्छन् । गाईगोरु र भेडाबाख्रा ....................मा चर्न जान्छन् । सँगै मिलेर चर्छन् । आफूलाई मन पर्ने .................... खोजेर खान्छन् । टन्न अघाउँछन् । सँगै रमाउँदै फर्कन्छन् । गाईगोरु ....................मा जान्छन् । भेडाबाख्रा ....................मा जान्छन् । किसान आफ्ना ....................को हेरचाह गर्छन् । यसैमा .................... रमाउँछन् ।

## १४. तपाईँले आफूभन्दा साना भाइबहिनीलाई कुन कुन काममा सहयोग गर्नुहुन्छ, कुनै पाँचओटा काम लेख्नुहोस् :

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................


..........................................................................................

## १०. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) लय मिलाई गाउनुहोस् :**

बाआमाको छोरो हुँ हजुरबाको नाति हुँ
भन्नुहुन्छ सबैले म त धेरै जाती छु
हजुरआमा हजुरबा हुनुहुन्छ दयालु
मेरी एउटी बहिनी छिन् सबैभन्दा मायालु ।

**(ख) सिङ्गो शब्दलाई अलग गरी लेख्नुहोस् :**




**(ग) शब्द पढ्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

हावाहुरी, तातोपानी, डाँडामाथि, घामछाया

**(घ) सुन्नुहोस् र उत्तर भन्नुहोस् :**

काइँला दाइको काम देख्दा सबैलाई अचम्म लाग्छ । उहाँलाई न जाडो हुन्छ न गर्मी । न भोक लाग्छ न प्यास । उहाँको घरमाथि वनजङ्गल छ । जङ्गलमा सबेरै घाँसदाउरा गर्न जानुहुन्छ । साथमा छोराछोरी पनि जान्छन् । छोराछोरी नाम्लोडोरी बोक्छन् । घाँसदाउरा बटुल्छन् । वनपाखामा उनीहरू धेरै रमाउँछन् । घामपानी परेको दिन इन्द्रेनी लाग्यो । इन्द्रेनी लाग्दा नानीबाबु घरआँगनमा खुसीले नाँचे । साँझपख इन्द्रेनी हरायो । नानीबाबुलाई अचम्म लाग्यो ! यो अँध्यारामा इन्द्रेनी कहाँ गयो होला ?

(अ) काइँला दाइ जङ्गलमा किन जानुहुन्छ ?

(आ) नानीबाबुले कहाँ नाचगान गरे ?

(इ) के कुराले नानीबाबुलाई अचम्म पाऱ्यो ?

**(ङ) खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :**

(अ) सानो भाइ रथमा .................................. ? (चढ्छस्, चढ्नुहुन्छ, चढ्छेस्)

(आ) मामामाइजू हात्ती चढेर .................................. । (डुल्छस्, डुल्नुहुन्छ, डुल्छेस्)

(इ) कान्छी मानापाथी .................................. ? (भर्छस्, भर्नुहुन्छ, भर्छेस्)

**(च) शब्दको पहिलो वर्णअनुसार क्रम मिलाएर सार्नुहोस् :**

(अ) कामदाम घरबारी गाईगोरु खालीपेट नङमासु

........................ ........................ ........................ ........................ ........................

(आ) जसोतसो छानामाथि चारैतर्फ जालझेल टालाटुली

........................ ........................ ........................ ........................ ........................

**(छ) खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| दाजुभाइ | जुत्तामोजा | हातगोडा | भुइँकोठा | किताबकापी |
| भान्साकोठामा | दालभात | हातमुख | गृहकार्य | आमाबुबा |

................आए । ................ खोले । ................ धोए । ................ गए । ................ राखे । ................ पसे । ................ खाए । ................ चुठे । ................ गर्न थाले । ................ खुसी हुनुभयो ।

**(ज) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

हिजोआज शिक्षकले कक्षामा नयाँ नयाँ कुरा गर्नुहुन्छ । कहिले अनौठा प्रश्न सोध्नुहुन्छ । "शब्दको पछाडि जात्रा जोडिएर बनेको शब्द के होला ?" भनेर हिजो कक्षामा सोध्नुभयो । सायमीले उहाँको कुरा नसकिँदै गाईजात्रा, घोडेजात्रा, इन्द्रजात्रा र रोपाइँजात्रा भनिहालिन् । सायमी धेरै चलाख पनि छिन् । नजिक भए त जूनतारा पनि टिप्छिन् जस्तो लाग्छ । उत्तर नमिल्दा चाहिँ कालोनिलो पनि हुन्छिन् । बुढापाकाको जस्तो कुराकानी गर्छिन् । कहिले तोरीबारीमा खनजोत गरेको हेर्न पनि पुग्छिन् । उनको आनीबानी मन नपराउँने को छ र ?

(अ) शिक्षकले कस्ता प्रश्न सोध्नुहुन्छ ?

..........................................................................................................................

(आ) सायमीले उत्तरमा के भनिन् ?

..........................................................................................................................

(इ) सायमीलाई किन सबैले मन पराएका होलान् ?

..........................................................................................................................

शिक्षकको हस्ताक्षर : ............. अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# हाम्रो वरपरको संसार

## पाठ २२

### १. लय मिलाई गाउनुहोस् :



#### म त हजुर नेपाली

पाल्पामा बस्ने पाल्पाली
झापामा बस्ने झापाली
स्याङ्जामा बस्ने स्याङ्जाली
दुम्जामा बस्ने दुम्जाली ।
दोलखामा बस्ने दोलखाली
गोरखामा बस्ने गोरखाली
रोल्पामा बस्ने रोल्पाली
दाङमा बस्ने दङाली ।
पूर्वमा बस्ने पुर्बेली
डोल्पामा बस्ने डोल्पाली
जुन ठाउँमा बसे नि
म त हजुर नेपाली ।


### २. चित्र हेरी वर्णन गर्नुहोस् :



### ३. शब्द छुट्याएर भन्नुहोस् र लेख्नुहोस् :

| | | |
|---|---|---|
| जस्तै : पाल्पाली | पाल्पा+ली | पाल्पाली |
| झापाली | .............................. | .............................. |
| स्याङ्जाली | .............................. | .............................. |
| गोर्खाली | .............................. | .............................. |
| दोलखाली | .............................. | .............................. |
| रोल्पाली | .............................. | .............................. |

### ४. दिइएका वर्ण जोडी शब्द बनाउनुहोस् :




### ५. तलका शब्द प्रयोग गरी वाक्य लेख्नुहोस् :

पढाइ : ..............................................................................................................

लेखाइ : ..............................................................................................................

बस्न : ..............................................................................................................

थुन्न : ..............................................................................................................

## ६. पढ्नुहोस् र उत्तर भन्नुहोस् :

# रिनाको रहर



रिना र प्रिन्सा एउटै कक्षामा पढ्ने साथी हुन । उनीहरूको विद्यालय अग्लो डाँडामा छ । त्यो डाँडाको नाम सराङकोट हो । उनीहरूको विद्यालयबाट पूर्वतिर पोखराको फेवाताल र उत्तरतिर माछापुच्छ्रे हिमाल देखिन्छ । त्यहाँ विदेशी पर्यटक पनि घुम्न आउँछन् । त्यो डाँडाबाट पर्यटकहरू प्याराग्लाइडिङ गरेर आकाशमा चरा जस्तै उड्छन् । आज रिना र प्रिन्सा विद्यालयको चौरमा बसेर दिउसोको समयमा खाजा खाँदै थिए । त्यही बेला उनीहरूले सराङकोटको अग्लो डाँडामा मान्छे उडेको देखे । आकाशमा उडेको मान्छेलाई देखेर आज रिनालाई पनि चरा जस्तै बनेर आकाशमा उड्न मन लाग्यो । उनले चराका पखेटा जस्तै गरी दुवै हात फिँजारिन् । अचानक हावा चल्न थाल्यो । रुखहरू हावाले हल्लायो । उनलाई पनि साँच्चै हावाले हल्लाए जस्तो लाग्यो । त्यसपछि त उनी रमाउन थालिन् । तर उनको खुट्टाले जमिन छोडेन । त्यसपछि प्रिन्सा रिनाको रहर देखेर हाँसिन् । रिनालाई अलि अलि लाज पनि लाग्यो । अनौठो पनि लाग्यो । प्रिन्साले रिनालाई भनिन्, 'हामी पनि ठुलो भएपछि प्याराग्लाइडिङ गरेर आकाशमा चरा जस्तै सँगसँगै उडौँला है ।' प्रिन्साको कुरा सुनेर रिना खुसी भईन् । उनीहरू कुराकानी गर्दागर्दै घन्टी लाग्यो । घन्टी बजेको सुनेर दुवै कक्षाकोठामा आए ।

(क) रिना र प्रिन्साले आकाशमा के देखे ?

(ख) रिनालाई के गर्ने रहर लाग्यो ?

(ग) प्रिन्साले रिनालाई के भनिन् ?

## ७. तालिकामा भएका शब्द मिल्ने ठाउँमा भर्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| अग्लो | गुलियो | रातो | सेतो | पहेँलो |

(क) पाकेको केरा .................... हुन्छ ।

(ख) हिउँ परेको हिमाल .................... हुन्छ ।

(ग) उखुको रस .................... हुन्छ ।

(घ) लालीगुराँस .................... हुन्छ ।

(ङ) सगरमाथा सबैभन्दा .................... चुचुरो हो ।

## ८. अमित र अमिसा बनी कुराकानी गर्नुहोस् :

(अमित र अमिसा कुराकानी गर्दैछन्।)



अमित : ए बहिनी ! झट्टै आऊ ।

अमिसा : पर्खनुहोस् न दाइ ! म लुगा लगाउँदै छु क्या ।

अमित : जहिल्यै ढिलो गर्छ्यौ तिमी त ।

अमिसा : होइन नि दाइ । म सानी छु । तपाईं जस्तो छिटो छिटो गर्न सक्दिनँ नि ।

अमित : ए हो त हगि । मैले तिमीलाई सघाउनुपर्थ्यो । गल्ती भएछ त !

अमिसा : ठिकै छ दाइ । बाटामा पनि बिस्तारै जाऔँ है ।

अमित : भइहाल्छ नि नानु ।

अमिता : धन्यवाद दाइ !

## ९. खाली ठाउँमा मिल्ने शब्द छानी लेख्नुहोस् :

(क) म खाना ................................ विद्यालय जान्छु । (धाएर, खाएर, गाएर)

(ख) आमाले दुध ................................ ल्याउनुभयो । (दुहेर, तरेर, केरेर)

(ग) फुपूले स्वेटर ................................ बुबालाई दिनुभयो । (थुनेर, कुदेर, बुनेर)

(घ) साथी साथी ................................ काम गरे । (किनेर, मिलेर, धोएर)

(ङ) शिक्षकले पाठ ................................ सुनाउनुभयो । (काटेर, कुटेर, पढेर)

(च) मैले चित्र ................................ रङ भरेँ । (कोरेर, सुनेर, कुदेर)

## १०. वर्ण जोडी पाँचओटा शब्दमा घेरा लगाउनुहोस् र कापीमा लेख्नुहोस् :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| र | शु | भ | या | त्रा | पा | क |
| थ | रा | ता | से | क | श | ल |
| या | रा | तो | पि | रो | प | श |
| त्रा | का | पा | से | रा | गा | या |
| लो | बा | नी | मो | तो | ई | त्रा |
| हो | इ | न्द्र | जा | त्रा | जा | ता |
| रो | टी | का | लु | गा | त्रा | टा |

## ११. तलका शब्द प्रयोग गरी वाक्य लेख्नुहोस् :

गाउँले : ......मलाई गाउँले जीवन मन पर्छ । ..........................................................

पढ्दै : ..............................................................................................................

खेल्दै : ..............................................................................................................

कुद्दै : ..............................................................................................................

लेख्दै : ..............................................................................................................

## १२. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| धनी | रोग लागेको |
| सुखी | दुःख पाएको |
| रोगी | धेरै सम्पत्ति भएको |
| दुःखी | सुख पाएको |

## १३. आफूलाई थाहा भएका शब्द सङ्कलन गरी समूहमा लेख्नुहोस् :

धान, कालिज, घोडा, आलु, केरा, साग, मकै, कोदो, परेवा, बाघ, सिंह, गाई, स्याउ, आँप, लौका, गहुँ, फापर, सुगा, मेवा, भन्टा, बाख्रा

| जनावर समूह | पन्छी समूह | अन्नबाली समूह | तरकारी समूह | फलफूल समूह |
|---|---|---|---|---|
| बाख्रा | कालिज | फापर | साग | स्याउ |
| .................... | .................... | .................... | .................... | .................... |
| .................... | .................... | .................... | .................... | .................... |
| .................... | .................... | .................... | .................... | .................... |
| .................... | .................... | .................... | .................... | .................... |

## १४. तपाईं आज घरबाट विद्यालय पुग्दा बाटामा के के देख्नुभयो, पाँचओटा वाक्य कापीमा लेख्नुहोस् ।

# पाठ २३

## १. लय मिलाई गाउनुहोस् :



### सहारा

अमन र अतुल, जाने भए बजार
साथ लगे दुवैले, नोट दुई हजार ।

किने सामान बेसरी, पैसा भयो अपुग
अलमल भो अब, कल्ले देला नपुग ।

भेट भए त्यै बेला, आशा अनि आकृति
थिए अझै दुई साथी, अनुमा र प्रकृति ।

अनुमाले गरिछन्, सापट दिने विचार
आहा प्यारी साथीको, कति राम्रो आचार !

किने अपुग सामान, किने मिठो आहारा
अप्ठेरामा साथीले, दिए राम्रो सहारा ।

## २. तपाईंले गाउँघरमा सुनेका रमाइला कथा कक्षाका साथीलाई सुनाउनुहोस् ।

## ३. तलका शब्दहरू पढ्नुहोस् र लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| बन्दै ................ | लेख्दै ................ | पढ्दै................ | कुद्दै ................ |
| भन्दै ................ | बस्दै ................ | खेल्दै ................ | थुन्दै ................ |

## ४. वर्ण जोडी पाँचओटा शब्द बनाई लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| ने | पा | ली | का | म |
| खे | ता | ला | हि | प |
| ख | ज | ली | मा | ना |
| जु | पा | ली | ली | ति |
| री | ति | थि | ति | ल |

.......................................................

.......................................................

.......................................................

.......................................................

.......................................................

## ५. सुन्नुहोस् र उत्तर भन्नुहोस् :

### धन्न बाघले खाएन !



हाटबजारबाट हामी घरतिर लाग्यौँ । हाम्रो गाडी छुटेछ । हामी हिँडेर जान थाल्यौँ । बाटामा बाघ कराएको सुनेर हामी डरायौँ । हामी बेतोडले दौडिन थाल्यौँ । अलिपर पुगेपछि गाउँ भेटियो । त्यसपछि बाघ पनि कराउन छाड्यो । हाम्रो डर पनि हरायो । हामीले चौतारीमा बसेर खाजा खायौँ । खाजा खाएर केहीबेर आराम गऱ्यौँ । त्यसपछि हामी फेरि हिँड्यौँ । बेलुका अबेर घर पुग्यौँ । घर पुगेर आराम गऱ्यौँ । घर आएपछि ढुक्क भयौँ । धन्न बाघले खाएन !

(क) पाठमा के के भएको छ ?

(ख) तपाईंले बाटामा हिँड्दा बाघ कराएको सुन्नुभयो भने के गर्नुहुन्छ ?

(ग) पाठको अर्को शीर्षक के हुन सक्ला ?

## ६. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

दयालु : ..........................................................................................

सिपालु : ..........................................................................................

मगन्ते : ..........................................................................................

बन्छिन् : ..........................................................................................

खन्छिन् : ..........................................................................................

## ७. मिल्ने चिह्न लेखी वाक्य बनाउनुहोस् :

। , ? !

(क) ओहो ............... पानी पो पोखिएछ ।

(ख) सम्झना ............... वन्दना र अस्मिता मेला गए ।

(ग) तिमीहरू कहाँ गएर आयौ ...............

(घ) उनीहरूले गृहकार्य सिध्याए ...............

## ८. खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :


(क) 'सुखी' को उल्टो अर्थ दिने शब्द ........................ हो । (दुःखी, सन्तोषी, ज्ञानी)

(ख) 'धनी' को उल्टो अर्थ दिने शब्द ........................ हो । (असल, गरिब, खराब)

(ग) 'रोगी' को उस्तै अर्थ दिने शब्द ........................ हो । (नराम्रो, बिरामी, लुलो)

(घ) 'हिमाली' को उस्तै अर्थ दिने शब्द .......... हो । (पहाडी, तराईवासी, लेकाली)

## ९. चित्र हेरी वर्णन गर्नुहोस् :



## १०. पढ्नुहोस् र उत्तर भन्नुहोस् :



### नानीको काम

काकी डोकाले कुखुरा छोप्दै हुनुहुन्थ्यो । काका नयाँ डोको बुन्दै हुनुहुन्थ्यो । बाजे सिलोक भन्दै हुनुहुन्थ्यो । बज्यै सिलोक सुन्दै हुनुहुन्थ्यो । हिमा आँगनमा पढ्दै थिइन् । कुमार यताउता कुद्दै थिए । वासु खाटमा बस्दै थिए । लेखनाथ कापीमा लेख्दै थिए । आहा ! सबै काम गर्दै थिए । सानी पिँढीमा सुकुलमा बस्दै थिइन् । उसलाई पनि काम नगरी बस्न मन लागेन । सानीले सोचिन्, "म के गरौँ ?" उनी कुद्दै भान्साभित्र गइन् । हाँस्दै मिठाई कचौरामा हालिन् । कचौरा बोकी बाहिर आइन् । उनले सबैलाई सुनाइन्, "अरूले अर्कै काम गरे । मैले मिठाई ल्याउने काम गरेँ ।" सबै खित्का छोडेर हाँसे । के सानीले राम्रो काम गरिन् ?

**(क) कसले नयाँ डोको बुन्नुभयो ?**

**(ख) वासुले के के गरे ?**

**(ग) नानी किन भित्रतिर कुदिन् ?**

**(घ) सानीका ठाउँमा तपाईं भएको भए कुन काम गर्नुहुन्थ्यो ?**

## ११. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| बदमास | सुर नभएको |
| बेवास्ता | नाम नभएको |
| बेनाम | ताल नमिलेको |
| बेताल | खराब आनीबानी भएको |
| बेसुर | वास्ता नगरेको |

१२. उदाहरणमा दिइए जस्तै वाक्य मिलाई लेख्नुहोस् :

तँ छिटो आउनुहुन्छ ।          तँ छिटो आउँछस् ।

(क) बुबा घर गयो ।

.......................................................................................................................

(ख) दिदीले किताब पढी ।

.......................................................................................................................

(ग) आमा शिक्षक भइन् ।

.......................................................................................................................

(घ) दाइ असल छ ।

.......................................................................................................................

(ङ) गाईले घाँस खानुभयो ।

.......................................................................................................................

१३. आफ्नो घर वरपर पाइने सास नफेर्ने कुनै दशओटा वस्तुको नाम लेख्नुहोस् :

| | |
|---|---|
| ढुङ्गा | ................................ |
| ................................ | ................................ |
| ................................ | ................................ |
| ................................ | ................................ |
| ................................ | ................................ |

## १४. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :



### बचेरा

चैतको महिना थियो । बेसरी हुरी चल्यो । रूपा कोठाको ढोका लगाएर बसिन् । बाहिर पर्खालको गमला खसेको सुनियो । खरायो पनि करायो । गमलाले खरायोको खुट्टामा घाउ बनाएछ । एकछिनमा हुरी थामियो । रूपा बाहिर निस्किन् । उनले खरायोलाई बोकिन् । खरायोका खुट्टामा औषधी लगाइदिइन् । हुरीले गर्दा एउटा बचेरो पनि गुँडबाट खसेछ । रूपाले खसेको बचेरोलाई गुँडमा राखिदिइन् ।

(क) रूपा किन कोठाको ढोका लगाएर बसिन् ?

..............................................................................................................

(ख) रूपा कतिबेला बाहिर निस्किन् ?

..............................................................................................................

(ग) रूपाले खसेको बचेरालाई के गरिन् ?

..............................................................................................................

## १५. झरी परेको दिन तपाईंलाई कस्तो लाग्छ, कापीमा लेख्नुहोस् ।

## ११. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) मिल्ने वर्ण राखी शब्द बनाउनुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| ......चार | ......सार | ......हारा | ......नाम | ......मन |
| ......ताल | ......मत | ......देश | ......जय | ......कार |

अ, बे, वि, आ, प्र

**(ख) शब्द जोडेर नयाँ शब्द बनाई भन्नुहोस् र लेख्नुहोस् :**

| | | |
|---|---|---|
| बस् + नेछ → ______ | खेल् + नेछ → ______ | थुन् + नेछ → ______ |

**(ग) शब्द पढ्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

मायालु, अनुहार, आहारा, विमान

**(घ) सुन्नुहोस् र उत्तर भन्नुहोस् :**

बुबाले मलाई काँधमा बोक्नुहुन्थ्यो । आमाले हातमा समातेर डोऱ्याउनुहुन्थ्यो । दाइले सँगै खेलाउनुहुन्थ्यो । सानीआमा घरमा आउनुहुन्थ्यो । मलाई बेलुन दिनुहुन्थ्यो । मामाले मिठाई दिनुहुन्थ्यो । आमाले भातमा घिउ हालिदिनुहुन्थ्यो । मकै भटमास भुटेर खोपामा खाजा राखिदिनुहुन्थ्यो । मैले मिठो मानेर खाजा खान्थेँ । बुबाले लेख्न सिकाउनुहुन्थ्यो । आमाले पढ्न सिकाउनुहुन्थ्यो । मलाई पढ्न र लेख्न सजिलैसँग आउँथ्यो । मेरो पढाइ देखेर हजुरबुबा खुसी हुनुहुन्थ्यो । संसारमा मेरा आमाबुबाभन्दा ठुला अरू को होलान् र ?

(अ) बुबाले के गर्नुहुन्थ्यो ? (आ) बेलुन कसले दिनुहुन्थ्यो ?

(इ) आमाले के के गर्नुहुन्थ्यो ? (ई) संसारमा सबैभन्दा ठुला को होलान् ?

**(ङ) खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :**

(अ) सानो भाइ रथमा .................................... । (चढ्छिन्, चढ्छ, चढ्नुहुन्छ)

(आ) दाइभाउजू गाडी चढेर .............................. । (जान्छ, जानुहुन्छ, जान्छे)

(इ) दिदी विद्यालयमा .............................. । (पढाउनुहुन्छ, पढाउँछे, पढाउँछिन्)

**(च) वाक्य मिलाएर सार्नुहोस् :**

(अ) दिदी घर गइछे । ............................................................................................................ ।

(आ) भाइले गृहकार्य गर्नुभयो । ............................................................................................ ।

(इ) मामाले फलफूल दिन्छिन् । ............................................................................................ ।

**(छ) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

हिजोआज सबै बालबालिकाहरूले पढाइमा ध्यान दिन्छन् । विद्यालयका गुरुहरू पनि मायालु हुनुहुन्छ । आफ्ना विद्यार्थीलाई मायालु बोलीमा बोलाउनुहुन्छ । गुरुआमाले हाँसी हाँसी, नाँची नाँची सिकाउनुहुन्छ । कहिले वनभोज लैजानुहुन्छ । कहिले शैक्षिक भ्रमण लैजानुहुन्छ । जन्मदिनमा शुभकामना दिनुहुन्छ । हामी हाम्रा गुरु र गुरुआमालाई धेरै मन पराउँछौँ । गुरु र गुरुआमाले दिनुभएको शिक्षा हामी कहिल्यै बिर्सन सक्दैनौँ ।

(अ) हिजोआज बालबालिकाहरू के गर्छन् ?

............................................................................................................................................

(आ) विद्यालयका गुरु गुरुआमा कस्ता हुनुहुन्छ ?

............................................................................................................................................

(इ) गुरुआमाले कसरी सिकाउनुहुन्छ ?

............................................................................................................................................

**(ज) जोडिएका शब्द पढ्नुहोस् र छुट्याएर लेख्नुहोस् :**

विजयरोल्पामाबस्छ । त्यहाँउसकोघरछ । घरनजिकैचौतारीपनिछ ।
चौतारीमागाउँकाबुढापाकाहरूआउनुहुन्छ । एकआपसमामनकाकुरागर्नुहुन्छ ।

जस्तै : विजय रोल्पामा बस्छ ।

............................................................................................................................................


............................................................................................................................................


............................................................................................................................................

............................................................................................................................................

शिक्षकको हस्ताक्षर : .............            अभिभावकको हस्ताक्षर : .................

# सिकाइ शृङ्खला




पाठ ११
पाठ १२
पाठ १३
पाठ १४
पाठ १५
पाठ १६
पाठ १७
पाठ १८
पाठ १९
पाठ २०
पाठ २१
पाठ २२
पाठ २३